
चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क २३ | २०७४, चैत १–१५ | पूर्णाङ्क ६१७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ६ |
| इजलास नं. १ | १६ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ३० |
| इजलास नं. ७ | १६ |
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | १ |
| जम्मा | ९३ |

| | |
|---|---|
| इजलास नं. १० | १ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १४ | १ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १७ | २ |
| पूर्ण इजलासमा पेस हुने | १ |
| जम्मा | ११ |

**कूल जम्मा ९३ + ११ = १०४**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, चैत – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | कर्तव्य ज्यान | यमनाथ खनाल वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **२ - ५** |
| २. | निषेधाज्ञा | किसुन साहसमेत वि. शिवप्रसाद साहसमेत | |
| ३. | निषेधाज्ञा | रामशरण गिरी वि. महानगरीय प्रहरी परिसर हनुमानढोकासमेत | |
| ४. | उत्प्रेषण | मिना ठाकुर वि. बिन्दु रजक | |
| ५. | उत्प्रेषण / परमादेश | टिकाबहादुर धर्ती क्षेत्री वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरासमेत | |
| ६. | उत्प्रेषण / परमादेश | सुधिरकुमार रेग्मीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | |
| ७. | अंश | दलबहादुर शाही वि. पूर्णबहादुर शाही | |
| **इजलास नं. १** | | | **५ - ११** |
| ८. | निर्णय बदर | प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारी | |
| ९. | उत्प्रेषण | खगेन्द्र कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | |
| १०. | खुनडाँका तथा जबरजस्ती करणी उद्योग | अनवारूल मियासमेत वि. नेपाल सरकार | |
| ११. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. टेकबहादुर तामाङसमेत | |
| १२. | उत्प्रेषण / परमादेश | अम्बिकादेवी खड्का थापा वि. तेजबहादुर बस्नेतसमेत | |
| १३. | उत्प्रेषण / परमादेश | सरू तामाङ वि. सेन्ट्रल फइनान्स लिमिटेड | |
| **इजलास नं. २** | | | **११ - १४** |
| १४. | निषेधाज्ञा | विष्णुदेव महतो वि. उमेश महतोसमेत | |
| १५. | अंश | लक्ष्मण डाँगी वि. लेमी डाँगीसमेत | |
| १६. | कर्तव्य ज्यान | मनजित सिंह सरदार वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१४ - १५** |
| १७. | उत्प्रेषण / परमादेश | रमेशकुमार चन्दसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | |

| | | |
|---|---|---|
| १८. | उत्प्रेषण / परमादेश | सन्तोषकुमार राई वि. सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत |
| **इजलास नं. ४** | | **१५ - १७** |
| १९. | घरमा आगो लगाई कर्तव्य ज्यान | हिरामणि घर्तीमगर वि. नेपाल सरकार |
| २०. | कर्तव्य ज्यान | फूलकुमार धमला वि. नेपाल सरकार |
| २१. | उत्प्रेषण / परमादेश | गगनदेव साहसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ |
| २२. | निषेधाज्ञा | तिर्थलाल श्रेष्ठसमेत वि. हनुमानढोका दरबार संग्रहालय विकास समिति, हनुमानढोका |
| **इजलास नं. ५** | | **१७ - २९** |
| २३. | उत्प्रेषण | होमकुमार थापा वि. मुकुन्द गौतम |
| २४. | अपहरण गरी कर्तव्य ज्यान, डाँका | नेपाल सरकार वि. नागेन्द्र केवटसमेत |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर तामाङसमेत |
| २६. | भ्रष्टाचार | नेपाल सरकार वि. आमोदानन्द मिश्रसमेत |
| २७. | भ्रष्टाचार | देवीप्रसाद अधिकारी वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **२९ - ३५** |
| २८. | अंश चलन | सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ |
| २९. | अंश दपोट | सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ |
| ३०. | किर्ते | सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठसमेत |
| ३१. | अंश नामसारी | विन्द्रावती देवी पटनवार वि. महेन्द्र दास पटनवार |
| ३२. | परमादेश | खम्बबहादुर खत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३३. | उत्प्रेषण | सुरेन्द्र भण्डारी वि. मालपोत कार्यालय, चितवनसमेत |
| ३४. | अंश चलन | नरकुमारी महतसमेत वि. रश्मी महतसमेत |
| **इजलास नं. ७** | | **३५ - ४२** |
| ३५. | उत्प्रेषण | नविन कुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबारसमेत |

| | | |
|---|---|---|
| ३६. | मोही नामसारी | टैट राय यादव वि. भरोसी राय यादव |
| ३७. | उत्प्रेषण / परमादेश | तनुकलाल यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबारसमेत |
| ३८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. भेषराज पोखरेल |
| ३९. | मुचुल्का घर कर सिफारिस लिखत बदर | रामदुलार राय यादवसमेत वि. राम दुलार चौधरी |
| ४०. | बन्दी प्रत्यक्षीकरण | गोलिया देवीसमेत वि. रेखाकुमारी सिंह |
| ४१. | लागु औषध हेरोइन | विशाल गुरूङ वि. नेपाल सरकार |
| ४२. | ज्यान मार्ने उद्योग | मेखबहादुर रोका मगर वि. नेपाल सरकार |
| ४३. | अंश | थिरनाथ अधिकारीसमेत वि. लक्ष्मी अधिकारी |
| ४४. | उत्प्रेषण | जितन साह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| ४५. | उत्प्रेषण / परमादेश | सेख महबुहसन मुस्लिमसमेत वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत |
| ४६. | उत्प्रेषण | सरोजानन्द झा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| **इजलास नं. ८** | | **४२ - ४५** |
| ४७. | अंश दर्ता | छटु सहनी मलाह वि. शंकर सहनी मलाह |
| ४८. | अंश भरपाई लिखत बदर | ओमनारायणा थारू वि. जानकीदेवी थरूनी |
| ४९. | लिखत बदर | मैया श्रेष्ठ वि. रिताकुमारी श्रेष्ठ (थापा) |
| ५०. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. रञ्जु गुरूङ |
| ५१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. उदय रानासमेत |
| **इजलास नं. ९** | | **४५** |
| ५२. | निषेधाज्ञा | संयुक्तादेवी महतो वि. झमेली महतोसमेत |
| **इजलास नं. १०** | | **४५ - ४६** |
| ५३. | निषेधाज्ञा | उमेशकुमार शाह वि. राजीव प्रकाशधरसमेत |
| **इजलास नं. ११** | | **४६ - ४७** |
| ५४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विजयसिंह डंगोल |

| | | |
|---|---|---|
| ५५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मैतकुमारी गुरूङ |
| **इजलास नं. १२** | | **४७ - ४८** |
| ५६. | परमादेश | राजबहादुर शाही वि. दिपराज बम |
| ५७. | सार्वजनिक बाटो अतिक्रमण गरी पर्खाल बनाएको | माया भट्टराई वि. माया बेल्वासे |
| **इजलास नं. १४** | | **४८ - ४९** |
| ५८. | भ्रष्टाचार | नेपाल सरकार वि. श्यामदेव रायसमेत |
| **इजलास नं. १५** | | **४९ - ५०** |
| ५९. | करकाप | सितादेवी साह वि. लक्ष्मण पोद्दारसमेत |
| **इजलास नं. १७** | | **५० - ५१** |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रञ्जितकुमार साह तेलीसमेत |
| ६१. | डाँक लिलाम बदर | सिताशरण यादव वि. सहदेव यादव |
| **पूर्ण इजलासमा पेस हुने** | | **५१ - ५२** |
| ६२. | उत्प्रेषण / परमादेश | इन्द्रदेव यादव वि. निजामती किताबखाना, पुल्चोकसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-NF-००२०, कर्तव्य ज्यान, यमनाथ खनाल वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीले पेस गरेका वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र कोशी अञ्चल अस्पताल विराटनगरका पत्र एवम् प्रेस्क्रिप्सनबाट पुनरावेदक प्रतिवादी मगज बिग्रेका वा बौलाई आफूले गरेको कार्यको प्रकृति र परिणाम बुझ्न नसक्ने अवस्थामा पुगेका व्यक्ति रहेको भन्ने पुष्टि हुन सकेको नपाइने।

Schizophrenia बाट वा Depression with psychotic features बाट पीडित हुनु र मानसिक सन्तुलन गुमाई मगज बिग्रनु वा बौलाउनु नितान्त फरक कुरा हुने।

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा विगत ४ वर्षदेखि मानसिक रोगको उपचार गरी औषधी सेवन गर्दै आएको भनी खुलाएकोमा वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले पुनरावेदक प्रतिवादी यमनाथ खनालको वारदात भएको ४ महिनापछि स्वास्थ्य परीक्षण गर्दा पुनरावेदक प्रतिवादी Schizophrenia बाट विगत ८ वर्षदेखि ग्रसित रहेका भनी उल्लेख गरेको देखिन्छ। मिति २०६३।५।१८ मा वारदातको घटना भएको र मिति २०६३।५।२० गते पुनरावेदक प्रतिवादीको स्वास्थ्य चौकी मङ्गलबारेमा शारीरिक एवम् मानसिक परीक्षण गर्दा निजको शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको भनी खुलाई पठाएको र निजको वारदात हुनुअघिको क्रियाकलाप असमान्य नभई सामान्य रहेको देखिएको समेतबाट पुनरावेदक प्रतिवादी मगज बिग्रिई वा बौलाई आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा पुगेका व्यक्ति रहेछन् भनी अनुमानसम्म गर्न नसकिने।

पुनरावेदक प्रतिवादीले मानसिक रोगबाट आफूले गरेको कामको परिणाम थाहा नपाउने अवस्थामा पुगेको भन्ने जिकिर लिए पनि कसुर गरेपछि कसुरबाट बच्न पुनरावेदक प्रतिवादी सो स्थानबाट भागी अन्यत्र जाँदै गर्दा अन्य व्यक्तिले पक्राउ गरेको समेतबाट पुनरावेदक प्रतिवादी मुलुकी ऐन दण्ड सजायको १ नं. बमोजिमको उन्मुक्ति पाउने अवस्थाका व्यक्ति होइनन् भन्ने देखिन आउने।

प्रतिवादी यमनाथ खनालले तत्काल मानसिक अवस्था गुमाई आफूनजिकै रहेको व्यक्तिलाई प्रहार गरेको नभई रातको समयमा आफ्नो घरबाट मार्ने उद्देश्य लिई बन्चरो बोकी सुतिरहेका मृतकको घरमा गई मृतकलाई उठाई बाहिर बोलाई निजलाई बन्चरो प्रहार गरेपछि सो कसुरबाट बच्नका लागि भाग्दै सहप्रतिवादी ठगनाथको घरमा प्रवेश गरेपछि निजलाई पक्राउ गरेको भन्ने सहप्रतिवादी ठगनाथ गुरागाईं, बुझिएका देवीमाया गुरागाईं तथा नारायणबहादुर खड्काको मौकाको कागज र बकपत्रसमेतबाट खुल्न आएको पाइन्छ। सरजमिनमा रहेका मानिसहरूले पूर्व रिसइवीका कारण प्रतिवादीले मृतकको हत्या गरेका भनी खुलाई प्रतिवादी मानसिक रोगबाट पीडित व्यक्ति रहेको भन्ने खुलाउनसकेको नदेखिँदा पुनरावेदक प्रतिवादी यमनाथ खनालले चेतना गुमाई उक्त कसुर गरेका रहेछन् भनी अनुमान गर्नसक्ने नदेखिई पुनरावेदक प्रतिवादी यमनाथ खनालले योजनापूर्वक मृतक लक्ष्मीप्रसादको हत्या गरेको भन्ने पुष्टि हुने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था, सिद्धान्त एवम् किटानी जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, बुझिएका मानिसहरूको मौकाको कागज तथा बकपत्र, प्रतिवादी यमनाथ खनालको अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्षको साबिती बयान, मृत्युको कारण head injury leading coma

and death भन्ने शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट लक्ष्मीप्रसाद पोखरेलको मृत्यु प्रतिवादी यमनाथ खनालको कर्तव्यबाटै भएको भन्ने पुष्टि हुन आयो । प्रतिवादी यमनाथ खनालको मगज बिग्री वा निज बौलाई आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा पुगी सो वारदात घट्न गएको भन्ने नदेखिँदा पुनरावेदक प्रतिवादी यमनाथ खनाललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. बमोजिमको कसुरमा ऐ १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई १० वर्ष मात्र कैद सजाय गर्ने राय व्यक्त गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६५।३।२ मा भएको फैसलालाई रायसहित सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६६।१०।३ मा भएको फैसलामा पुनरावेदक प्रतिवादी यमनाथ खनाललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने गरी भएको फैसला सदर गरी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी यमनाथ खनाललाई १० (दश) वर्ष कैद गर्ने गरी जाहेर भएको पुनरावेदन अदालत विराटनगरको रायलाई अमान्य गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।७।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ २७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०६२५, निषेधाज्ञा, किसुन साहसमेत वि. शिवप्रसाद साहसमेत

कुनै काम गर्ने वा नगर्ने सम्बन्धमा दुइपक्षबीच भएको करार सम्झौताका सर्तहरू पक्षहरूका लागि कानूनसरह बन्धनकारी हुन्छ । कुनै एक पक्षले करार उल्लङ्घन गरेमा वा करारको परिपालना नभएमा सोही करारद्वारा निर्देशित कानूनी उपचार खोज्नु पर्ने दायित्व करारका पक्षहरूमा रहेको हुने ।

नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त नागरिकको हकमा कसैले गैरकानूनी ढंगबाट आघात पार्न लागेमा त्यसलाई रोक्न निषेधाज्ञाको आदेश जारी हुने हुँदा यसलाई Preventive उपचारको रूपमा लिइन्छ । निषेधाज्ञाको माध्यमबाट कसैको हक बेहक छुट्याउने वा कसैको हकको सिर्जना गर्ने र समाप्त गर्ने नभई कानूनविपरीतको कामकारबाही हुन नदिई विवादित विषयलाई यथास्थितिमा राख्ने गरी उपचार प्रदान गरिने ।

पुनरावेदक एवम् विपक्षीबीच व्यापारीक कामका लागि करार भएकोमा विवाद रहेको देखिँदैन । यसरी करारीय दायित्व देवानी प्रकृतिको विवाद रहेको हुँदा यस्तो विवादमा हस्तक्षेप गरी कारबाही अगाडि बढाउने अधिकार प्रहरी कार्यालयलाई नभएको कुरामा विवाद रहन नसक्ने ।

करारमा भएको व्यवस्थाको प्रतिकूल बक्यौता भनिएको रकम बाँकी हो होइन ? बाँकी भए के कति बाँकी हो सो विषयमा करारमा उल्लेख भएबमोजिम सक्षम अदालतबाट निरूपण गर्नुपर्ने विषय हुँदा यस्ता लेनदेनसँग सम्बन्धित विवाद प्रहरी कार्यालयले हेर्नु कानूनसम्मत हुँदैन । कुनै पनि निकायले आफूलाई तोकिएको विषयसँग सम्बन्धित विवाद हेर्ने छुट हुन्छ तर आफ्नो अधिकारक्षेत्रबाहिर गई कुनै कामकारबाही गरेमा कानूनप्रतिकूल भई बदर हुने ।

यसरी पक्षहरूको देवानी दायित्वको विषय सम्बन्धमा पक्राउ गर्न, कागज गर्नलगायतका काम कारबाही नगर्नु नगराउनु भनी प्रत्यर्थीका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।५।१२ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७१२, निषेधाज्ञा, रामशरण गिरी वि. महानगरीय प्रहरी परिसर हनुमानढोकासमेत

निवेदकले आशंका दर्साएअनुसारको क्रियाकलाप विपक्षीहरूबाट भएको हो भन्ने विश्वसनीय आधार निवेदकले देखाउन सकेको पाइँदैन । निवेदकले दाबी गरेबमोजिम पक्राउ गर्ने, कागज गराउने कुनै कामकारबाही नभएको भन्ने प्रहरी कार्यालयको लिखित जवाफबाट देखिएको छ । कुनै पनि कुराको दाबी लिई निवेदन दिनु मात्र पर्याप्त हुँदैन । आफ्नो दाबी पुष्टि हुने आधार प्रमाणसमेत निवेदकले देखाउन सक्नुपर्छ । आफ्नो कानून प्रदत्त हक अधिकारमा आघात पुग्न जाने आशंकाको विद्यमानताको अभावमा विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

विपक्षी प्रहरी कार्यालयबाट निवेदनमा उल्लेख गरिएबमोजिम गैरकानूनी तवरले धरपकड गर्ने आशंकाको अवस्था रहेको भन्ने तथ्ययुक्त प्रमाण निवेदकले पेस गर्नसकेको नदेखिँदा मागबमोजिम आदेश जारी हुने भन्न मिलेन । तसर्थ प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-१३०१, उत्प्रेषण, मिना ठाकुर वि. बिन्दु रजक

विद्यालयको शैक्षिक वातावरण, अध्ययन अध्यापनको कार्यलाई चुस्त बनाउनु पर्ने व्यक्तिको चयन नै हुन नसकि लामो समयसम्म निमित्तले विद्यालय सञ्चालन गर्दा विद्यालयको शैक्षिक वातावरण एवम् शिक्षाको स्तर खस्किने भई यसको प्रत्यक्ष असर विद्यालयमा पढ्ने विद्यार्थी र तिनका अभिभावकलाई पर्न जाने देखिन्छ । विद्यालयमा रिक्त प्रधानाध्यापक नियुक्ति नगरी सधैँ निमित्तको भरमा मात्र काम चलाउनु व्यवहारिक एवम् कानूनको दृष्टिमा समेत उचित हुने देखिँदैन । यस्तो अवस्थाले सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास गुम्नसक्ने हुन्छ । यसका साथै विधिसम्मत प्रक्रिया पूरा गरी प्रधानाध्यापक नियुक्ति हुनुपर्ने कुरामा कसैले अन्यथा भन्नसक्ने पनि हुँदैन । यीनै तथ्यलाई मनन गरी विद्यमान कानूनी प्रक्रिया पूरा गरी अविलम्ब प्रधानाध्यापक नियुक्ति गर्नु भनी पुनरावेदन अदालत राजविराजबाट आदेश भएको पाइन्छ । यसरी भएको आदेशबाट सेवानिवृत्त भइसकेकी तत्कालीन अवस्थामा निमित्त प्र.अ. को हैसियतमा रहेकी पुनरावेदिकाको कार्यक्षमता माथि प्रश्न उठ्ने भनी तर्क गर्नु मनासिब नहुने ।

तसर्थ विवेचित आधार कारणबाट नियमानुसारको प्रक्रिया अपनाई विद्यालयमा रिक्त प्रधानाध्यापकको छनौट अविलम्ब गर्नु भनी निर्देश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति ०६९।११।२० मा भएको इन्साफ मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०३१२, उत्प्रेषण / परमादेश, टिकाबहादुर धर्ती क्षेत्री वि. पश्चिम क्षेत्रीय

प्रहरी कार्यालय, पोखरासमेत

प्रहरी ऐन, २०१२ को दफा ९ को उपदफा (३) मा उल्लेख भएको व्यवस्थाअनुसार प्रहरी हवल्दार पदमा कार्यरत रिट निवदेकलाई उपरीक्षक दर्जाका पदाधिकारीले सेवाबाट हटाउन सक्ने र प्रहरी नियमावली, २०४९ को नियम ९(३)(ख) को व्यवस्थाअनुसार पनि प्रहरी हवल्दारलाई नोकरीबाट बर्खास्त गर्ने सजाय दिने अधिकारी प्रहरी उपरीक्षक नै तोकिएको देखिएको एवम् सजाय गर्नुपूर्व कानूनबमोजिम स्पष्टीकरण सोधिएको देखिएकोले प्रहरी कर्मचारीको आचरण उल्लङ्घन गरिएको कार्यको सजाय स्वरूप रिट निवेदकलाई सेवाबाट वर्खास्त गर्ने भनी गरिएको निर्णयमा कुनै कानूनी त्रुटि देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

तसर्थ, रिट निवेदकलाई प्रहरी ऐन र नियमावलीबमोजिम कारबाही गरी प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (क) र (ङ) को कसुरमा नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी अधिकारप्राप्त अधिकारीबाट कानूनबमोजिम निर्णय भएको देखिएकोले उक्त निर्णय त्रुटिपूर्ण नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०९९४, उत्प्रेषण / परमादेश, सुधिरकुमार रेग्मीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

विपक्षी स्वयंले दिएको लिलाम सकार निर्णय बदर मुद्दामा नै यस अदालतमा दिएको उत्प्रेषणको कारण देखाई निजकै माग दाबीबमोजिम उक्त लिलाम सकार मुद्दाको कारबाही रोक्न अ.बं.१२ नं.आकर्षित हुने अवस्था नदेखिएकोले मिति २०६९।५।२६ को मुल्तबी आदेश कार्यान्वयन नगर्नु नगराउनु र कानूनबमोजिम गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाममा अन्तरिम आदेश भइसकेको देखिएको छ। प्रस्तुत रिट निवेदनमा रिट निवेदक फाइनान्स कम्पनीले माग दाबी लिएको विषयलाई अन्तरिम आदेशकै रोहमा संबोधन भइसकेको र सो आदेशको कार्यान्वयनबाट निवेदकको प्रयोजन साध्य भइसकेकाले अब पुनः कुनै आदेश गरिरहनु नपर्ने।

तसर्थ रिट निवेदकले दाबी गरेको विषयको संबोधन यस अदालतबाट जारी भएको अन्तरिम आदेशको रोहमा भएको आदेशको कार्यान्वयनबाट भइसकेको देखिएकाले प्रस्तुत रिट निवेदनमा अब पुनः आदेश जारी गरिरहन नपरी प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CI-०६३१, अंश, दलबहादुर शाही वि. पूर्णबहादुर शाही

प्रतिवादी दलबहादुर शाही र निजका बुबा रत्नबहादुर शाहीका नाममा ७ नं. फाराम अलग अलग भरिएको भए तापनि अरू दर्ता, बिक्री व्यवहार आदि कुनै प्रकारको व्यवहार प्रमाणबाट यी वादी प्रतिवादीले आ-आफ्नो अंश भाग घरसारमा नै लिन दिनु गरी छुट्टि भिन्न भई अलग भएको देखिन नआएकाले प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिँदा सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

अतः वादीले ७ भागको १ भाग अंश पाउने ठहराएको सुरू दैलेख जिल्ला अदालतको मिति २०६८।५।१८ को फैसला सदर गरेको पुनरावेदन

अदालत, सुर्खेतको मिति २०६८।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६५-CI-०७३१, निर्णय बदर, प्रल्हादजङ्ग थापासमेत वि.शारदा राजभण्डारी

वादीले फैसला बदरसमेतमा बदरको माग गरेकोमा सोतर्फको वादी दाबी पुग्न नसकेको र विवादित जग्गामा प्रतिवादी शारदा राजभण्डारीको मोही कायम रहिरहेकोमा सोहीबमोजिम विवादित कि.नं.३४ को जग्गामा जग्गाधनी हर्ष प्रकाशेश्वर दीप प्रकाशेश्वर (राजगुठी) र मोही शारदा राजभण्डारी उल्लेख गरी ज.ध.प्र.पू. लिने दिने काम कारबाहीसमेत अदालतको फैसलाबमोजिम फैसला कार्यान्वयन स्वरूपको सम्म देखिँदा दाबीको फैसला बदर नभई सोही फैसलाबमोजिम कानूनसम्मत भएका काम कारबाही बदर हुन नसक्ने।

विवादित साबिक भगवानस्थान वडा नं. २ कि.नं. ३४ र ३५ को जग्गा राजगुठीमा परिणत गर्ने भनी गुठी संस्थानबाट मिति २०४४।५।३० मा भएको निर्णय बदर गरिपाउँ भनी सूर्यजंग थापा वादी र गुठी संस्थान केन्द्रीय कार्यालयसमेत प्रतिवादी भएको निर्णय दर्ता बदर मुद्दामा २०४५ सालको दे.पु.नं.८०४।२१२४ वाग्मती अंचल अदालतबाट मिति २०४६।५।२१ मा फिराद खारेज हुने ठहराएको काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई फैसला भएकोमा उक्त फैसला बदर नभई अन्तिम अवस्थामा रहेको समेत देखिँदा राजगुठी कायम गर्ने गरेको निर्णय यथावत् कायम रहेको देखिने।

बिर्ता उन्मुलन ऐन, २०१६ को दफा ७(४) को व्यवस्था हेर्दा “कसैले उपदफा (१) बमोजिमको म्यादभित्र “ख”श्रेणीको बिर्ता जग्गा सो उपदफाबमोजिम दर्ता नगराएमा सो जग्गा कमाउने मोही भए भूमिकर वा मालपोत असुल गरी निजको नाउँमा जग्गा दर्ता गरिनेछ । मोहिले सोबमोजिम भूमिकर वा मालपोत नबुझाएमा मालपोत नबुझाएसरह प्रचलित कानूनबमोजिम हुनेछ ।” भन्ने उल्लेख भई प्रतिबन्धात्मक वाक्यांशमा तर त्यस किसिमको गुठीको जग्गा राजगुठीमा दर्ता गरिनेछ भन्ने स्पस्ट उल्लेख भएको देखियो । बिर्ता जग्गा त्यसरी रैकर परिणत नगरे उपर्युक्त कानूनी व्यवस्थाबमोजिम नै राजगुठीमा परिणत भई स्वमित्व नै परिवर्तन हुने व्यवस्था रहेबाट हकवालाहरूको सहमतिविना स्वामित्व सिद्धान्तविपरीत निजी गुठी राजगुठीमा परिणत गरेको नमिलेको भन्ने जिकिरसमेत कानूनसम्मत नदेखिने।

मूल कारणी देखिएको मोहन कुमारी थापालाई प्रतिवादी नबनाएबाट समेत बुझ्नु पर्ने प्रमाण पेस दाखिल गर्नुपर्ने र प्रतिवादी बनाउनु पर्नेलाई प्रतिवादी नबनाएबाट त्यस्ता प्रमाण बुझिएमा वा प्रतिवादी बनाएमा वादीका विरूद्ध प्रमाण पेस हुनसक्ने भएकोले त्यस्तो मुख्य कारणीलाई प्रतिवादी नबनाएको होला भनी स्वभाविक अनुमान अदालतले गर्नुपर्ने हुन्छ । उपर्युक्त अवस्थासमेत देखिएकोले गुठी संस्थान ऐन, २०३३ को दफा २० बमोजिम मन्जुरी नभएको भन्ने आधारमा गुठी संस्थानको मिति २०४४।४।२६ को निर्णय र गुठी लगत तथा तहविल कार्यालयको मिति २०४४।५।३० को निर्णयले धर्मलोप भएको भन्ने आधारमा स्वत: बदर हुने अवस्थासमेत नरहने।

प्रतिवादी शारदा राजभण्डारी र जितमाया राजभण्डारीबीच मोहीको विषयमा सम्म तेरो मेरोको विवाद चलेको देखिए तापनि बिर्ताको जग्गा भन्ने विषय

र राजगुठीमा परिणत भएतर्फ निजहरूबीच विवाद नै नदेखिएको, मोही भनी दाबी गर्ने जितमायाले बिर्ता जनाई राजगुठी कायम गर्न माग गरेबमोजिम गुठी संस्थानको मिति २०४४।४।२६ र मिति २०४४।५।३० को निर्णयले राजगुठी कायम भएको सो निर्णय यथावत् कायम रहेको, मूल कारणी मोहनकुमारी थापालाई प्रतिवादी नबनाएको, प्रतिवादी शारदा राजभण्डारीलाई मोही कायम गरेको मिति २०५९।९।२९ को फैसला बदर नभई यथावत् कायम रहेको अवस्थामा मोही कायम भएकी शारदा राजभण्डारीले मिति २०६०।२।२६ मा गुठी तहसिल कार्यालय कालमोचनमा दिएको निवेदनको आधारमा भएको गुठी तहसिल कार्यालयले निज शारदा राजभण्डारीलाई मोही कायम गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन मालपोतमा लेखी पठाउने भनी गुठी तहसिल कार्यालय कालमोचनको मिति २०६०।३।९ मा गरेको निर्णय कानूनसम्मत देखिँदा वादी दाबीबमोजिम उक्त निर्णय बदर हुने नदेखिने।

तसर्थ उल्लिखित आधार प्रमाणहरूबाट राजगुठी कायम गरेको गुठी संस्थानको मिति २०४४।४।२६ र २०४४।५।३० को निर्णय कानूनविपरीत भनी निजी गुठी कायम हुने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको मिति २०६४।६।६ फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालतको मिति २०६५।७।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७२ फागुन १६ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०६५-CR-०६२८, जालसाजी, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CR-०६२९, जालसाजी, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CR-०६३०, जालसाजी, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CR-०६३१, जालसाजी, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CI-०७३२, निर्णय बदर, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CI-०७३३, धर्मलोप, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारीसमेत
- ०६५-CI-०७३४, निर्णय बदर, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारी
- ०६५-CI-०७३५, फैसला बदर, प्रल्हादजङ्ग थापासमेत वि. शारदा राजभण्डारी

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०१५५, उत्प्रेषण, खगेन्द्र कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

निवेदकले मिति २०७१।११।२५ को निर्णय र सोही मितिको पत्रबाट मालपोत कार्यालय धरान, सुनसरीमा सरूवा गरिएकोमा अवधि नपुग्दै पुनः अन्यत्र सरूवा गरिएको भन्ने दाबी लिएको भए पनि हाल यी निवेदक मालपोत कार्यालय, धरान, सुनसरीमा सरूवा भएको मितिले झण्डै एक वर्ष आठ महिना अवधि पुगिसकेको तथा कानूनबमोजिमको अवधि पुगेपछि सरूवा हुनसक्ने नै देखिँदा हाल निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन । तसर्थ, प्रस्तुत रिट निवेदन

खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ कात्तिक २३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०७२-WO-०१५६, उत्प्रेषण, जगतबहादुर न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत
- ०७२-WO-०१५४, उत्प्रेषण, रूद्रप्रसाद सापकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-१०४४, ०६९-CR-१०४५, ०६९-CR-१०४६,०७०-CR-०२४९ र ०७२-RC-००३५, खुनडाँका तथा जबरजस्ती करणी उद्योग, अनवारूल मिया वि. नेपाल सरकार, नेपाल सरकार वि. सलिम मियासमेत, शमशेर मिया वि. नेपाल सरकार, ज्यावुलहक मिया वि. नेपाल सरकार र नेपाल सरकार वि. सलिम मिया

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित रही बयान गरेको देखिन्छ । घटनास्थल नजिकै फेला परी बरामद भई आएको २ वटा पेस्तोलमध्ये ठूलोचाँही पेस्तोल शमशेर मियाको र सानो पेस्तोल अनवारूल मियाको हो भन्ने निजहरूकै सनाखत बयानसमेतबाट देखिन्छ। यी दुवै प्रतिवादीहरू उक्त वारदातमा संलग्न रहेको तथा अनवारूल मियाले बन्दुक बोकेको भनी प्रतिवादी सलिम मियाले मौकाको बयानमा पोल गरेको देखिन्छ । नजिरा खातुनको मौकाको बयानमा समेत यी दुवै प्रतिवादीलाई पोल गरेको देखिन्छ। यी तथ्यहरूबाट यी दुवै प्रतिवादीहरू समेत पेस्तोलसहित वारदातस्थलमा उपस्थित भई गोलीसमेत प्रहार गरी घाइते बनाएको कारण मृतक योगेन्द्र कोइराला र मुकुन्द दाहालको मृत्यु भएको देखिन आएकोले निजहरूलाई कसुरको गाम्भीर्यताको आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसला अन्यथा देखिएन। साथै डाँकाचोरीतर्फ आफूहरू निर्दोष रहेको भन्ने आधार कारणसहित पुनरावेदनपत्रमा स्पष्ट जिकिर लिनसकेको समेत अवस्था नदेखिँदा निजहरूको हकमा डाँकाचोरीतर्फ समेत सजाय हुने ठहरेको फैसलाउपर पुनर्विचार गरिरहनुपर्ने नदेखिने।

प्रतिवादी आरोपित कसुरमा साबित भई बयान गरेको र निजको साबिती सहप्रतिवादीहरू सलिम मिया तथा अनवारूल मियासमेतको मौकाको बयान पोलबाट समर्थित भएको हुँदा यी प्रतिवादी ज्यावुलहक मिया निर्दोष रहेको भन्ने अवस्था देखिएन। निजलाई पुनरावेदन अदालतबाट मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद हुने तथा डाँकाचोरीमा समेत सजाय हुने गरी भएको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादी सलिम मियाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाको घरमा डाँका गर्ने योजना बनाई अनवारूलसमेतका प्रतिवादीहरूलाई जम्मा गरी खुकुरी छुरीलगायतका हतियार लिई जाहेरवालाको घरमा प्रवेश गरी वारदात घटाएकोमा साबित रहेको देखिन्छ । निजले यस अदालतमा पुनरावेदन नगरेको भए पनि मुद्दा फिर्ताको लागि कारागार कार्यालयमार्फत निवेदन पेस गरेको मिसिलबाट देखिएबाट पुनरावेदन अदालतबाट निजको हकमा भएको फैसला स्वीकार गरी बसेको मान्नुपर्ने देखियो । यसरी मिसिल संलग्न प्रमाणबाट अभियोग दाबीको वारदातमा निजको संलग्नता पुष्टि भइरहेको र निजले पुनरावेदन अदालतको फैसला स्वीकार गरी बसेको हुँदा निजको हकमा साधकको रोहमा थप केही विचार गरिरहन नपर्ने।

प्रतिवादीहरू ज्यावुलहक मिया र सलिम

मियासमेत वारदातमा संलग्न रहेको देखिए पनि मृतकहरूको मृत्यु हुनुमा गोली प्रहारबाट भएको चोट नै मुख्य कारक तत्त्वको रूपमा रहेको भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट देखिन्छ। बरामद भएका पेस्तोलहरू यी प्रतिवादीहरूको नभएको, यी प्रतिवादीहरूबाट बन्दुक वा पेस्तोल बरामद हुनसकेको नदेखिएको र निजहरू नै मुख्य ज्यानमारा हुन् भन्ने पुष्टि नभएको अवस्थामा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुनुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर युक्तिसंगत देखिएन। निजहरूलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखिने।

प्रतिवादी जमाल मियाले अनुसन्धानको क्रममा र अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजको साथबाट अपराधसँग सम्बन्धित दशीको सामान बरामद भएको देखिएको छैन । सहप्रतिवादीहरू ज्यावुल हक मिया र अनवारूल मियाले अनुसन्धान अधिकारीसमक्षको बयानमा वारदातपूर्व जम्मा हुनेमा जमालसमेत थिए भनी उल्लेख गरेको देखिए पनि निजले सो वारदातमा के कस्तो भूमिका निर्वाह गरेका हुन् भन्ने कुरा खुलाउनसकेको देखिएन। निजको साथमा कुनै हतियार रहे भएको भन्नेसमेत देखिन आएन। अन्य स्वतन्त्र र विश्वसनीय सबुद प्रमाणको अभाव रहेको अवस्थामा सहअभियुक्तको सामान्य पोलको आधारमा मात्र निज प्रतिवादी महम्मद जमाल मियालाई कसुरदार ठहर गर्न न्यायोचित नहुने हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखिने।

पीडित देवकी चौधरीको निवेदन तथा बकपत्रसमेतबाट निजलाई प्रतिवादीहरूले जबरजस्ती तान्दै बाहिर गहुँखेतमा पुऱ्याएको र नाकको फुलीसमेत लिएर गएको भन्ने देखिन्छ । जबरजस्ती करणीको उद्योगको कसुर स्थापित हुनको लागि जबरजस्ती करणी गर्ने मनसाय राखी सोहीबमोजिमको प्रयास भएको देखिनु पर्ने हुन्छ । प्रस्तुत वारदातमा प्रतिवादीहरूले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने पर्याप्त आधार कारण देखिन नआएकोले अनुमानको भरमा जबरजस्ती करणीको उद्योग गरेको भनी सजाय गर्न न्यायोचित हुने नदेखिने।

अतः उपर्युक्तबमोजिम उल्लिखित आधार कारणबाट पुनरावेदन अदालत विराटनगरबाट सुरू फैसला केही उल्टी गरी प्रतिवादीहरू शमशेर मिया र अनवर भन्ने अनवारूल मियालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू ज्यावुलहक मिया र सलिम मियालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने, यी सबै प्रतिवादीहरू सलिम मिया, अनवर भन्ने अनवारूल मिया, ज्यावुलहक मिया र शमशेर मियालाई चोरीको महलको १४(४) नं. बमोजिम सजाय गरेको फैसला सदर हुने, निज प्रतिवादीहरूले जबरजस्ती करणीको उद्योगतर्फको अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादी जमाल मियाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९।५।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०९५९, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. टेकबहादुर तामाङसमेत

प्रत्यर्थी टेकबहादुर तामाङको साथबाट लागु औषध बरामद नभएको र लागु औषध साथबाट

बरामद भएका अर्का प्रत्यर्थी विजयकुमार लामाले अदालतमा उपस्थित भई बयान गर्दा टेकबहादुर तामाङलाई चिन्दिन भनी मौकाको आफ्नो साबिती बयान नै खण्डन गरी बयान गरेको एवम् सहअभियुक्त विजयकुमार लामाले प्रत्यर्थी टेकबहादुर तामाङउपर मौकामा साबिती बयान गर्दा गरेको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नहुनुका साथै प्रत्यर्थी टेकबहादुर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानसमेत अन्य स्वतन्त्र प्रमाणबाट समर्थन हुन आएको नदेखिएको अवस्था र कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिनु हुँदैन भन्ने फौज्दारी न्यायको सर्वमान्य सिद्धान्तसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा प्रतिवादी टेकबहादुर तामाङलाई लागु औषधको अवैध कारोबारमा कसुरदार मानी सजाय गर्नु मनासिब हुने नदेखिएकाले प्रतिवादी टेकबहादुर तामाङलाई अभियोग दाबीबमोजिम सजाय गरीपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

२०६७।०४।१२ गतेका दिन साँझ सामाखुसीमा सम्भु तामाङसँगै पक्राउ परेका बिजय लामाको साथबाट लागु औषधसहित रू.१,००,०००।– (एक लाख) फेला परेको भन्ने बरामदी मुचुल्का र बरामद भएको रू.१,०००००।- मध्ये रू. ९६,०००।- लागु औषधको कारोबारबाट आर्जित भएको भनी बिजयकुमार लामाले मौकामा अनुसन्धानको क्रममा गरेको बयान देखिए पनि निजले अदालतमा उपस्थित भई बयान गर्दा बरामदी मुचुल्का र अदालतको बयानलाई इन्कार गरी आफूलाई प्रहरीले घरैबाट पक्राउ गरी नगद रू.१,००,०००।- समेत घरैबाट बरामद गरी लगेको हो, उक्त रकम लागु औषधको कारोबारबाट आर्जित रकम होइन भनी बयान गरेको देखिँदा बरामद भएको भनिएको रू.१,००,०००।- मध्ये रू. ९६,०००।- लागु औषधको कारोबारबाट नै आर्जित भएको हो भनी स्पष्ट हुन सकेन । उक्त रकम लागु औषधको कारोबारबाट आर्जित भएको हो भनी तथ्यसङ्गतरूपबाट पुनरावेदक / वादीले पुष्टि गर्नसकेको नदेखिने।

प्रत्यर्थी विजय लामाबाट लागु औषध खरिद बिक्री भएको थियो भन्ने कुनै तथ्यगत विवरण मिसिलबाट देखिँदैन। पक्राउ पर्दा सँगै रहेका भनिएका शम्भु तामाङले मौकामा र अदालतमा समेत बयान गर्दा बिजय लामा लागु औषध खरिद गरिसकेपछि र उक्त लागु औषध बिक्री गर्न नपाउँदै प्रहरीबाट पक्राउ परेका हुन् भनी बयान गरेकाले पनि बरामद भएको रू.१,००,०००।– (एक लाख) मध्ये रू. ९६,०००।- लागु औषधको अबैध कारोबारबाट आर्जित भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर शंकारहित रूपबाट पुष्टि हुन सकेन । यस्तोबमोजिममा फौज्दारी न्यायको स्थापित सिद्धान्तअनुसार शंकाको सुबिधा अभियुक्तमा जाने भएकाले विजयकुमार लामाबाट बरामद भएको रू.१,०००००।– (एक लाख) मध्ये रू.९६,०००।- लागु औषधको कारोबारबाट आर्जित रकम भएकोले सो रकम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८क बमोजिम जफतसमेत गरिपाउँ भन्ने पुनरावेदक / वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचना गरिएको तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट मिति २०७१।९।८ मा प्रत्यर्थी / प्रतिवादी टेकबहादुर तामाङलाई आरोपित कसुरबाट सफाइ दिने तथा प्रत्यर्थी / प्रतिवादी विजयकुमार लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१) को (छ)२ बमोजिम १०(दश) वर्ष कैद र रू. १,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना गर्ने गरी

भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७४ वैशाख २२ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०७६५, उत्प्रेषण / परमादेश, अम्बिकादेवी खड्का थापा वि. तेजबहादुर बस्नेतसमेत

वादीले फिरादमा देखाएको प्रतिवादी निवेदिकाको वतन विवाह दर्तासमेतका सम्बद्ध प्रमाणपत्रबाट गलत देखिन आएको अवस्थामा गलत वतनमा प्रकाशित सूचनाले कानूनी मान्यता र वैधता प्राप्त गर्छ भन्न मिल्ने देखिएन। गलत वतनमा प्रकाशित गरेको सूचनालाई वैधता प्रदान गर्दा व्यक्तिको प्रतिवाद गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुन जाने हुँदा निवेदिका अम्बिका खड्का थापाको नाउँमा राष्ट्रिय राजधानी दैनिकमा प्रकाशित धनमाल मुद्दामा मिति २०७१।८।१५ मा प्रकाशित सूचना गैरकानूनी भई बेरीतको देखिन आउने।

प्रतिवाद गर्ने मौका नै नपाई गैरकानूनी सूचनाका आधारमा काठमाडौं जिल्ला अदालतबाट धनमाल मुद्दामा मिति २०७१।११।२७ मा भएको फैसला र उक्त फैसलाले ठहर भएको धनमालको बिगोबापतमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट निवेदिकालाई थुनामा राख्न पक्राउ गरी अदालतमा पेस गर्नु भनी मिति २०७३।७।१९ मा भएको आदेशसमेत गैरकानूनी रहेको देखिन आउने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निवेदिका अम्बिकादेवी खड्का थापाका नाउँमा प्रतिवाद गर्न आउनु भनी काठमाडौं जिल्ला अदालतका आदेशले द.ुदे.नं. ०६३३ को धनमाल फिर्ता दिलाई पाउँ भन्ने मुद्दामा राष्ट्रिय राजधानी दैनिक पत्रिकामा मिति २०७१।८।१५ मा प्रकाशित सूचना, सो सूचनाबाट निवेदिकाले प्रतिवाद गर्ने म्याद सूचना पाएको मानी उक्त धनमाल मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।११।२७ मा भएको फैसला र उक्त फैसलाले लागेको धनमालको बिगोबापतमा निवेदिकालाई थुनामा राख्न विपक्षी तेजबहादुर बस्नेतबाट सिधाबापत लाग्ने रकम दाखिल भएपछि निवेदिकालाई पक्राउ गरी आवश्यक आदेशका लागि पेस गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।७।१९ मा भएको आदेश र सो आदेशका आधारमा भएका सम्पूर्ण काम कारबाही गैरकानूनी हुँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब धनमाल मुद्दामा निवेदिका बसोबास गरेको वतनमा म्याद जारी गरी निवेदिकालाई प्रतिवाद गर्ने मौका प्रदान गरी धनमाल मुद्दाको कारबाही र किनारा गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-WO-०६१९, उत्प्रेषण / परमादेश, सरू तामाङ वि. सेन्ट्रल फइनान्स लिमिटेड

मिसिल संलग्न मिति २०६८।३।१९ को लिलामी मुचुल्का हेर्दा लिलाम बढाबढमा भाग लिई सकार्न कोही पनि नआएको भन्ने उल्लेख भएको पाइन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ५७ को उपदफा (छ) ले निवेदिकाको पिताले धितो सुरक्षणमा राखेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा सकार गर्ने मानिस कोही नआएमा फाइनान्स आफैँले धितो सकार गर्न पाउने कानूनी अधिकार विपक्षी सेन्ट्रल फाइनान्सलाई रहेको नै देखिन्छ। यसरी कानूनको अनुशरण गरी गरिएको कार्यलाई वस्तुनिस्ठ आधार प्रमाणविना गैरकानूनी भन्नु न्यायसम्मत हुन आउँदैन । यसबाट विपक्षी भुपाल तामाङको नामको

घरजग्गा कर्जा असुलीका लागि विपक्षी फाइनान्सले लिलाम सकार गरेको कार्य नै अनुचित थियो भन्न नमिल्ने।

विपक्षी सेन्ट्रल फाइनान्स लिमिटेड र विपक्ष भुपाल तामाङका बीचमा धितो सुरक्षण राखी भएको कर्जा लेनदेनको व्यवहार कानूनअनुरूपको छ, छैन, लिखतमा उल्लेख भएको सर्तअनुसार विपक्षी भुपाल तामाङले साँवा ब्याज बुझाएको हो, होइन, विपक्षी सेन्ट्रल फाइनान्सले धितो लिलामसम्बन्धमा मिति २०६८।३।१९ मा गरेको लिलामसम्बन्धी काम कारबाही कानूनअनुरूप गरिएको छ, छैन र फाइनान्सले सकार गरेको उक्त धितो सम्पत्तिमा निवेदिकाको हक लाग्ने हो, होइन भन्ने सम्बन्धमा उक्त मुद्दाहरूमा प्रमाण बुझी साधारणअधिकारक्षेत्रको रोहमा काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा निवेदिकाले न्यायिक उपचार प्राप्त गर्नसक्ने नै देखिन आउने।

साधारण अधिकारक्षेत्रअन्तर्गत काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको विषयमा असाधारण अधिकारक्षेत्रअन्तर्गत दर्ता भएको प्रस्तुत निवेदनबाट वोल्दा साधिकार निकाय जिल्ला अदालतको अधिकारक्षेत्रमा अतिक्रमण हुन जाने हुन्छ। अतएब निवेदिका स्वयंले काठमाडौं जिल्ला अदालतमा दायर गरेका अंश, जालसाजी र लिखत बदरसमेतका मुद्दाबाट विपक्षी सेन्ट्रल फाइनान्स लिमिटेडले मिति २०६८।३।१९ मा धितो सकार गरेको लिलामसम्बन्धी काम कारबाही कानूनबमोजिम छ छैन भन्ने विषयमा निवेदिकाले कानूनी उपचारको मार्ग अवलम्बन गरी गएको नै देखिँदा सोही मुद्दाको रोहबाट उचित निकास हुने नै देखिँदा प्रस्तुत निवेदनको रोहमा बोल्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट विपक्षी सेन्ट्रल फाइनान्स लिमिटेडबाट मिति २०६८।३।१९ मा भएको टिप्पणी आदेश र लिलाम मुचुल्का एवम् उक्त मुचुल्काका आधारमा भएको धितो सकारसम्बन्धी सम्पूर्ण काम कारबाही बदर गरिपाउँ भन्ने निवेदिकाको निवेदन मागदाबी खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०९७३, निषेधाज्ञा, विष्णुदेव महतो वि. उमेश महतोसमेत

निवेदकलाई प्रस्तुत विवादमा पिरमर्का परेमा वैकल्पिक उपचारको मार्ग रहेको देखिएको, विपक्षीहरू उमेश महतो र अरूण महतोले बनाएको घर अरहुलदेवीको जग्गामा बनाएकोमा निज जग्गाधनीलाई यी निवेदकले विपक्षी नबनाएको र जमीनबाट ७ फिट उचाईको पक्की पिलरवाला घरमा ईंटाको गारो लगाई घर निर्माण गरिसकेको देखियो । निवेदकले आफ्नो जग्गा मिची विपक्षीहरू उमेश महतो र अरूण महतोले घर निर्माण गर्न लागेको आशंका देखाई सो कार्य रोक्नको लागि निवेदन दिएको देखियो । जुन आशंकाको अवस्था देखाई सो रोकी पाउन निवेदकले निवेदन दिएको हो । सो आशंकाको अवस्था नभई विपक्षीहरूले घर निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याएको अवस्था देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत राजविराजले गरेको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CI-०१०३, अंश,

लक्ष्मण डाँगी वि. लेमी डाँगीसमेत

सामान्यतया नातासम्बन्धी विषयमा सत्य तथ्य नभई अनाहकमा सामाजिक दबाब सृजना हुन सक्दैन । त्यसमा पनि अशक्त र अपाङ्ग बोल्न नसक्ने कुनै पीडित महिलाको पक्षमा आवश्यक कारबाही गर्न स्थानीय महिला र पुरूषहरूको प्रयास र दबाबलाई स्वाभाविक नै मान्नु पर्ने हुन्छ । नातासम्बन्धी विवादमा प्रत्यक्ष प्रमाणहरूको अभावमा अन्य परिस्थितिजन्य प्रमाणहरूको आधारमा विवदको निरूपण गर्नुपर्ने ।

लेमी डाँगीले बयानमा प्रतिवादी लक्ष्मण डाँगीले घाँस काट्न गएको बेला एक्लै मौका पारी करणी गरेको र प्रतिवादीकै करणी वीर्यबाट बालिका छोरीको जन्म भएको कुरासमेत लेखाई दिएको देखिँदा गायत्री डाँगीले नातातर्फ बयान गरेको कुरालाई प्रमाणित गरेको तथा वादीको साक्षी चिरन्जीवी पोख्रेलले गरेको बकपत्रमा प्रतिवादी लक्ष्मण डाँगीको करणी वीर्यबाट वादी लेमी डाँगीले १ छोरी जन्माएकी र वादी लेमी डाँगीले प्र. लक्ष्मण डाँगीलाई आफ्नो श्रीमान् भनी भनेको कुरा उल्लेख भएबाट दाबीको नातासम्बन्ध कायम हुनसक्ने थप आधार पुष्टि हुने ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको DNA प्रतिवेदन (२०६५-०६६, DNA-२१) हेर्दा परीक्षण गरिएको १६ वटा Locus मध्ये ९ वटा Locus नमिलेको Unmatched child alleles W.R.T. Alleged father उल्लेख भएको तर अन्य ७ वटा Locus नमिलेको भन्ने कुरा उल्लेख भएको पाइँदैन । के, कुन, कति Locus र Alleles नमिलेको खण्डमा जैविक पिता होइन भन्ने निष्कर्षमा पुग्न सकिने हो भन्ने बारेमा विशेषज्ञहरूको स्पष्ट राय नभएको तथा निजहरूको बन्द सवालमार्फत भएको बकपत्रसमेतमा सो कुरा खुलेको नदेखिएको । यस्तो अवस्थामा DNA Report मा भर गरी नाता जस्तो संवेदनशील प्रश्नमा टुंगोमा पुग्नु आमा र निजका नाबालक बच्चाको हकहितमा प्रतिकूल असर पुग्न जाने कुरो न्यायसंमत हुन नसक्ने ।

पुरूष प्रधान रहेको हाम्रो जस्तो समाजमा महिलाप्रति हेरिने दृष्टिकोण तथा व्यवहार अझै पनि परम्परावादी रहेको सन्दर्भमा महिलाको मर्यादा तथा मूल्य मान्यतासमेतलाई दृष्टिगत गरी नातासम्बन्धी अन्य प्रमाणहरूसँग DNA प्रतिवेदनको तुलनात्मक अध्ययन गरी यसको प्रमाणिकता, ग्राह्यता र विश्वसनीयता कायम गर्नु उचित हुने ।

एक अवला, बोल्न नसक्ने अपाङ्गता भएकी महिला र निजबाट जन्मेको नाबालिका छोरीको पिता प्रतिवादी लक्ष्मणबहादुर डाँगी रहेको तथ्यप्रति सामाजिक स्तरबाट परेको दबाबलाई निषेधाज्ञा मुद्दामा इलाका प्रहरी कार्यालयको लिखित जवाफ तथा प्रस्तुत मुद्दाका अर्का प्रतिवादी चन्द्रकला डाँगीको बयानसमेतबाट पुष्टि भइरहेको अवस्थामा आमाको भनाईलाई महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने तथा नातातर्फ वादीको भनाईलाई अन्य परिस्थितिजन्य कागज प्रमाणहरूबाट समर्थित गरेकोले यी पुनरावेदक प्रतिवादी लक्ष्मण डाँगी वादी देवीकुमारी भण्डारीको पिता हुने ठहरेको पुनरावेदन अदालत तुलसीपुर दाङको फैसला मनासिबै देखिन आउने ।

प्रतिवादी लक्ष्मण डाँगीको जेठी श्रीमती र छोराहरू समेत भए पनि पछि वादी लेमी डाँगीसँग निजको यौन सम्बन्धबाट जन्मेको छोरीसमेत भएको हुँदा कानूनको दृष्टिमा वादीहरू पनि अन्य अंशियारसरह समानस्तरका अंशियार हुने देखिन्छन् । प्रचलित नेपाल कानूनले बहुविवाहलाई दण्डनीय अपराधको रूपमा लिएको भए पनि अर्को स्वास्नी र निजबाट जन्मेको सन्तानलाई अंश पाउने नैसर्गिक हक प्रदान गरेकै देखिन्छ । प्रस्तुत मुद्दाका तथ्यहरू हेर्दा दाबीको नाता सम्बन्ध सामान्य रूपको नभई विशेष परिस्थितिवश कायम हुन आएको सम्बन्ध भएको हुँदा वादी दाबीबमोजिम अंश पाउने कुरा कानूनसम्मत हुने ।

तसर्थ उल्लिखित विवेचनासमेतको आधारमा प्रस्तुत मुद्दामा अशक्त र अपाङ्ग बोल्न नसक्ने वादी लेमी डाँगी र प्रतिवादी लक्ष्मणबहादुर डाँगीबीच यौन सम्पर्क भई बालिका देवीकुमारी डाँगीको जन्म मिति २०६३।१।१५ मा भएको विषयमा दुवै पक्ष र निजहरूका नातेदारसमेतबीच वादविवाद भई प्रतिवादी लक्ष्मण डाँगी निवेदक भई इलाका प्रहरी कार्यालय तुलसीपुर, दाङसमेतलाई विपक्षी बनाई दायर भएको निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६३।१०।२३ मा उक्त निवेदन खारेज हुने गरी भएको आदेशलगायत प्रस्तुत मुद्दामा वादीका साक्षी चिरन्जीवी पोख्रेल, वादीका संरक्षक गायत्री डाँगीले अ.वं.८० नं. बमोजिम गरेको बकपत्र, लेमी डाँगीको पुनरावेदन अदालतमा भएको बकपत्र तथा प्रतिवादी चन्द्रकला डाँगीले गरेको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट वादी दाबी प्रमाणित भइरहेको अवस्थामा DNA परीक्षण प्रतिवेदनबाट लक्ष्मणबहादुर डाँगी बालिका देवीकुमारी डाँगीको जैविक बाबु होइन भन्ने आधारमा फिराद दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६६।७।२४ को फैसला उल्टी गरी वादी दाबीबमोजिम अंश पाउने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुर दाङको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल फाल्गुन १८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१४७१ र ०७२-CR-००३९, कर्तव्य ज्यान, मनजित सिंह सरदार वि. नेपाल सरकार र नेपाल सरकार वि. सरमजित भन्ने सरनजित सिंह सरदारसमेत

प्रतिवादी सरमजित भन्ने सरनजित सिंह सरदारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा ईश्वर टमटासमेतका व्यक्तिहरूसँग बाटोमा झगडा भई बुबा मनजित सिंहलाई फोन गरी बोलाएको र मनजित सिंह घरबाट काठको डण्डा लिई आएको भन्ने देखिन्छ । मनजित सिंह सरदारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूले घरबाट डण्डा लिई गएको र सोही डण्डाको चोटबाट ईश्वर टमटाको मृत्यु भएको भनी खुलाएको पाइन्छ। अदालतमा बयान गर्दा आफू छोराले बोलाएको कारण वारदातस्थलमा गएको भए पनि मृतकका साथीहरू समेत भई आफैँलाई कुटपिट गरेको हो भनी आफूले कुटपिट गरेकोमा इन्कार भई बयान गरेको देखिए तापनि सहअभियुक्तहरूको अदालतसमक्षको बयानबाट यी प्रतिवादी डण्डा लिई वारदातस्थलमा गएको भन्ने देखिएको छ । निजले लगेको काठको डण्डा वारदातस्थलबाट बरामद भएको र मृतकको मृत्यु टाउकोमा लागेको चोटबाट भएको भन्ने शव परीक्षण प्रतिवेदन तथा जाहेरवाला तथा बुझिएका व्यक्तिहरूको बकपत्रबाट समेत वारदातस्थलमा कुटपिट भएको भन्ने स्थापित भएको पाइने।

रातको समयमा ट्याक्टर लिई घर तर्फ जाँदै गर्दा मृतकसँग विवाद भएको कारण प्रतिवादी सरमजित भन्ने सरनजित सिंह सरदारले फोन गरी बाबु प्रतिवादी मनजित सिंहलाई बोलाएको भन्ने देखिन्छ। प्रतिवादी सिताराम चौधरीसमेत सँगै रहेको भने तापनि मृतकलाई यी प्रतिवादीहरू समेत भई चोट छाडेको भन्ने कुरा जाहेरी दरखास्त, बुझिएका व्यक्तिहरूको कागज, बकपत्रसमेतका कुनै प्रमाणबाट खुल्न, देखिन आएको छैन। सहअभियुक्तले बयान गर्दा यी प्रतिवादीहरूलाई पोल गरेको अवस्थासमेत छैन । यसप्रकार यी प्रतिवादीहरू सरमजित भन्ने सरनजित सिंह सरदार र सिताराम चौधरीको प्रस्तुत कसुरमा संलग्नता रहेको भन्ने तथ्ययुक्त सबुद् प्रमाण वादी पक्षले प्रस्तुत गर्नसकेको नदेखिएकोले निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट

भएको फैसला मिलेकै देखिँदा सोलाई समेत अन्यथा भन्न नसकिने।

अतः उल्लिखित जाहेरी दरखास्त, घटना स्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको बयान, बुझिएका व्यक्तिहरूको कागज बकपत्रसमेतका सबुद प्रमाणको आधारमा प्रतिवादी मनजित सिंह सरदारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी तथा अन्य प्रतिवादीहरू सरमजित भन्ने सरनजित सिंह सरदार र सिताराम चौधरीले सफाइ पाउने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०२२५, उत्प्रेषण / परमादेश, रमेशकुमार चन्दसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

आफ्नो निर्णय लेखी पठाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय एवम् कार्य अन्तरिम संविधान, २०६३ को धारा १२०(३) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को भावना र मनसायको आधारमा त्रुटिपूर्ण देखिँदा प्रस्तुत मुद्दाको निवेदकहरूका सम्बन्धमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७१।५।८ मा गरेको निर्णय र सो निर्णय कार्यान्वयन गर्न गराउन मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई लेखेको मिति २०७१।५।११ को च.नं. ६१ र ६४ को पत्र तथा उक्त पत्रहरूको आधारमा विपक्षी मध्यपश्चिमाञ्चल विश्वविद्यालयले यी रिट निवेदकहरूका नाममा जारी गरेको रकम असुल गराउने तथा नियुक्ति रद्द गर्ने गरी गरेको पत्राचारसमेतका काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब पदहरूमा कानूनबमोजिम हुने गरी निवेदकहरूलाई कामकाज गर्न दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।

यसैसँग सम्बन्धित एकै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७१-WO-०२१२, उत्प्रेषण / परमादेश, चन्द्रा भारती वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत
- ०७१-WO-०२२६, उत्प्रेषण / परमादेश, धनबहादुर खत्रीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत
- ०७१-WO-०३४७, उत्प्रेषण / परमादेश, हस्तमान सुनार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०९३०, उत्प्रेषण / परमादेश, सन्तोषकुमार राई वि. सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत

निजामती सेवा ऐन, २०४९ को दफा १८(१०) ले सोही ऐनको ऐ.दफाको उपदफा ३ लाई सिमित गरेको र निवेदकको मिति २०७३।१०।१९ मा भएको सरूवा निजामती सेवा ऐन, २०४९ को दफा १८(१०) बमोजिम सामान्य प्रशासन मन्त्रालयबाट भएको र एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयबाट अर्को मन्त्रालय वा अन्तर्गतको विभाग

वा कार्यालयमा सामान्य प्रशान मन्त्रालयले सरूवा गर्नसक्ने व्यवस्था उक्त दफा १८(१०) ले गरेअनुरूप नै भएकोले निवेदकको सरूवालाई कानूनविपरीतको मान्न मिल्ने नदेखिने।

एउटै जिल्लाभित्रको एक कार्यालयबाट अर्को कार्यालयमा गरिएको सरूवालाई एक वर्गबाट अर्को वर्गमा सरूवा भएको मान्न सकिने अवस्था नरहेकोले निवेदकको अन्य व्यवहारिक परिस्थितिमा समेत प्रतिकूल असर परेको नदेखिएबाट प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१०७६, घरमा आगो लगाई कर्तव्य ज्यान, हिरामणि घर्तीमगर वि. नेपाल सरकार

मृतकले पैसा नदिएको विषयमा आफ्नो पुरानो रिसइवी रहेको पूर्वयोजनासहित प्रस्तुत वारदात घटाएका यी प्रतिवादीले आफूलाई जन्म दिने बाबुलाई पाशविक एवम् निर्मम तरिकाले कुटपिट गरी घरमा आगो लगाई मारेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट प्रमाणित भइरहेको अवस्थामा सजायबाट उन्मुक्ति पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने कानूनसम्मत र विवेकसम्मत आधार छैन। जहाँसम्म कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकाले सजायमा छुट पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर छ सो सन्दर्भमा हेर्दा यसरी बाबुको हत्या गरी कसैले थाहा नपाओस् भनी वारदातका बारेमा भाग्न उम्कन सक्ने जति हतकन्डा प्रयोग गरी अपराध लुकाउन खोजेको र वारदात पछि प्रहरीसमक्ष समर्पण गरेको नभई पक्राउ परी उपस्थित गराइएको देखिन्छ । यसप्रकार वारदात पछि प्रहरीले पक्राउ गरेपश्चात मात्र निजले साबिती बयान दिएकै भरमा सजायमा छुट दिन मिल्ने आधार नभएकोले निजको पुनरावेदन जिकिरसँगसमेत सहमत हुनसक्ने अवस्था नदेखिने।

अतः निज प्रतिवादी खले सागर भन्ने हिरामणि घर्तीमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र मुलुकी ऐन, आगो लगाउनेको महलको ५ नं. को सजाय गर्ने गरी सुरू रोल्पा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी मुलुकी ऐन, आगो लगाउनेको महलको ५ नं. बमोजिम ४ वर्ष कैदको सजाय नगरी कैद हद हुने र छिमेकी खिमबहादुर घर्तीको क्षति भएको बिगो रू.३,६०,३००।– यी प्रतिवादीबाट भराई दिने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।७।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१५८६ र ०७२-CR-०२६४, कर्तव्य ज्यान, फूलकुमार धमला वि. नेपाल सरकार र नेपाल सरकार वि. फूलकुमार धमला

प्रतिवादीले अदालतसमक्षको बयानमा इन्कारी बयान गरेको र अनुसन्धानमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन । प्रहरीले

आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने।

प्रतिवादी र मृतकबीच पूर्वरिसइबी रहेको वा मृतकलाई जोखिमी हतियारले प्रहार गरी जानीजानी मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था देखिँदैन। मृतक र प्रतिवादीसँगै बसी मादक पदार्थ सेवन गरी मेलाबाट फर्कने क्रममा वादविवाद भई यी प्रतिवादीलाई उसै मौकामा रिस उठी प्रतिवादीले ढुंगाले मृतकलाई प्रहार गर्दा मृतकको टाउको तथा शरीरको विभिन्न भागमा चोट लागी निजको मृत्यु भएको अवस्था देखिन आएकाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको महलको १३ (३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्याअन्तर्गतको देखिन आएकाले सोहीअनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालत इलामको फैसला अन्यथा भन्नु पर्ने नदेखिने।

तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादी राजबिच्छी भन्ने फूलकुमार धमलाको मृतकसँग पूर्वरिसइबी रहेको भन्ने कुरा नदेखिएको, वारदातको रूप हेर्दा मृतकलाई ढुंगाले प्रहार गर्दा चोट लागी सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य आवेशप्रेरित मात्र भएको देखिनाले प्रतिवादी राजबिच्छी भन्ने फूलकुमार धमलालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७१।११।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-WO-०५६८, उत्प्रेषण / परमादेश, गगनदेव साहसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले स्वास्थ्य सेवाभित्र श्रेणीगत व्यवस्थाको सट्टा तहगत प्रावधानलाई अंगिकार गरी दफा ४ को उपदफा (१) मा सहायक तेस्रोदेखि पाँचौ तहसम्म र अधिकृत तह छैटौदेखि बाह्रौ तहसम्म तह कायम गरी दफा ९ को उपदफा (७क) मा “यो दफा प्रारम्भ भएपछि देहायका कर्मचारीको स्तरवृद्धि देहायबमोजिम गरिनेछ” भनी खण्ड (ग) मा “संवत् २०५४ साल जेष्ठ १४ गतेपछि स्वास्थ्य सेवाको चौथो तहमा मिलान भएका कर्मचारीलाई सम्बन्धित समूहको पाँचौ तहमा”, त्यसैगरी खण्ड (घ) मा “दफा ४ को उपदफा (४) बमोजिम चौथो तहमा मिलान हुने कर्मचारीहरूमध्ये तीन वर्ष सेवा अवधि पूरा गरी चौथो तहका लागि निर्धारित योग्यता प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित समूहको पाचौं तहमा” र खण्ड (ङ) मा स्वास्थ्य सेवाको चौथो तहमा सुरू नियुक्ति वा तह मिलान भएको कर्मचारी सो तहमा पाँच वर्ष सेवा अवधि पूरा भएमा सम्बन्धित समूहको पाँचौं तहमा” भन्ने व्यवस्था रहेको र सोही कानूनी व्यवस्थाअनुसार नै यी निवेदकको सहायक चौथो तहबाट पाँचौं तहमा स्तरवृद्धि भएको देखिने।

स्वास्थ्य सेवा ऐन लागू हुँदा स्वास्थ्य सेवा ऐनमा भएको व्यवस्थाअनुसार नियमावलीमा स्तरवृद्धिसम्बन्धी स्पष्ट र किटानी व्यवस्था भएको देखिँदैन। स्वास्थ्य सेवा ऐनमा भएको तेस्रो संशोधन, २०६३ मा मात्र स्तरवृद्धिसम्बन्धी स्पष्ट कानूनी व्यवस्था भएको देखिँदा सेवा अवधि पुगेकै मितिबाट स्तरवृद्धि गरिपाउँ भन्नु उचित एवम् न्यायसङ्गत हुने नदेखिने।

तसर्थ निवेदकहरूले निवेदन व्यहोरामा

आफूहरू मिति २०६३।१०।१७ देखि लागू हुने गरी मिति २०६४।०१।१३, २०६४।०२।०१, २०६४।२।२, २०६४।२।२८, २०६४।०३।०५, २०६४।०३।२, २०६४।०३।१४, २०६४।०७।१५ र २०६४।१०।२६ मा निर्णय भइसकेको देखिँदा उत्प्रेषणको आदेशले उक्त निर्णयहरू बदर गरिरहनु पर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CI-१३२२, निषेधाज्ञा, तिर्थलाल श्रेष्ठसमेत वि. हनुमानढोका दरबार संग्रहालय विकास समिति, हनुमानढोका

करारका आधारभूत सर्तको परिपालनाका सम्बन्धमा करार ऐनले व्यवस्था गरेबमोजिम हुने र करारको सर्तअनुरूप करार परिपालनाको साथै करारको अवधि सम्पन्न भएपछि करारअनुसार पुनः टेन्डर आह्वान गर्न नपाउने भन्न मिल्दैन । त्यस्तै करार समाप्त भइसकेपछि करारअनुसार राखिएका कबल पसलहरूको स्वामित्व सम्बन्धमा प्रश्न उठेमा निषेधाज्ञाको निवेदनबाट यसको वा उसको भनी हक स्वामित्वको निर्णय हुन सक्तैन। करारबमोजिम आफूले कबल पसलमा राखेका सामानहरू करार समाप्त भएपछि उठाई लान नदिएमा वा नोक्सानी गरेको भएमा त्यो साम्पत्तिक अधिकारसम्बन्धी छुट्टै विवादको विषय बन्न जाने र त्यसमा सामान्य कानूनी उपचारको व्यवस्था आकर्षित हुने।

करार ऐनको दफा ८७ को उपदफा (१) को व्यवस्थालाई हेर्दा करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै कामकारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो कामकारबाही वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो कामकारबाही वा व्यवहार रोकि पाउन पुनरावेदन अदालतमा उजुरी दिनसक्ने व्यवस्था देखिन्छ। सो दफा ८७ का अन्य उपदफाहरू अलग्गै स्वतन्त्र अस्तित्वका नभई उपदफा (१) सँग अन्तरसम्बन्धित रहेको पाइँदा यी पुनरावेदकले आधार लिएको उल्लिखित कानूनी व्यवस्था करारको अवधि समाप्त भएपछि आकर्षित हुने नदेखिई करार परिपालनाको सम्बन्धमा उत्पन्न समस्यासँग सम्बन्धित रहेको स्पष्टै छ। तर प्रस्तुत विवादको विषय करारको अवधि समाप्त भइसकेपछिको देखिएकोले उक्त दफा यस मुद्दाको विवादको विषयमा आकर्षित हुनसक्ने देखिन नआउँदा पुनरावेदन अदालतले गरेको इन्साफ अन्यथा देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ठहर्‍याई निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-०१०६, उत्प्रेषण, होमकुमार थापा वि. मुकुन्द गौतम

विद्यालयलाई ट्रेड युनियन ऐनअन्तर्गतको व्यवसायिक संस्थाको रूपमा सो ऐनले स्वीकार नगरेको अवस्थामा त्यस्ता विद्यालयमा कार्यरत शिक्षकहरूको हकहित संरक्षण एवम् सम्बर्द्धनको उद्देश्य लिई ट्रेड युनियन ऐन, २०४९ बमोजिम नेपाल संस्थागत विद्यालय शिक्षक युनियन मिति २०६९।१२।१५

मा श्रम विभागमा भएको दर्ता कानूनबमोजिम रहेको मान्न मिलेन । यी पुनरावेदक संस्थाको विधानमा उक्त संस्थाको उद्देश्य हेर्दा संस्थागत विद्यालय शिक्षक युनियनको उद्देश्यअनुरूप नै रहेको देखिन्छ । तर राष्ट्रिय निर्देशन ऐन, २०१८ ले समान उद्देश्यको लागि एकभन्दा बढी संस्था दर्तामा प्रतिबन्ध लगाएको अवस्थामा पुनरावेदक संस्थाको दर्ता बदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको आदेशलाई अन्यथा मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार कारणबाट श्रम विभागमा मिति २०६९।१२।१५ मा दर्ता भएको नेपाल संस्थागत विद्यालय शिक्षक युनियनको दर्ता उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।११।२७ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ मङ्सिर ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-१२९२ र ०७३-RC-००४२, अपहरण गरी कर्तव्य ज्यान, डाँका, नेपाल सरकार वि. नागेन्द्र केवटसमेत र नेपाल सरकार वि. नागेन्द्र केवटसमेत

प्रतिवादीहरू नगेन्द्र केवट र रमेश कुर्मीको आरोपित कसुरका सम्बन्धमा अदालतमा बयान गर्दा इन्कारी रहेको भए पनि मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको बयानमा निज प्रतिवादीहरू कसुर गरेकोमा साबिती रही बयान गरेको देखिन्छ । मृतकको मृत्युको कारण सम्बन्धमा शव परीक्षण प्रतिवेदनबाट Gun shot injury भनी उल्लेख भएको हुँदा मृतकको मृत्यु गोली प्रहारबाट नै भएको हो भन्ने तथ्य पुष्टि भएको छ । घटना वारदातको रूप विचार गर्दा मृतक अमृतकुमार शाक्यले काम गर्ने स्वर्णिम मल्टी सर्भिसेज प्रा.लि. बुटवलबाट ट्रेक्टर खरिद गर्न लिएको ऋण रकम बुझी लिनको लागि भनी मृतकलाई झुक्याई गफलतमा पारी पूर्वयोजनाबमोजिम ऋण रकम तिर्न नपरोस भन्ने उद्देश्यले नै रकम वझीलिएको भरपाइसमेत गराइ उखुबारीमा लगी पेस्तोलले गोली प्रहार गरी कर्तव्य गरी मारेको भन्ने कुरा प्रतिवादी नगेन्द्र केवटले स्वर्णिम मल्टी सर्भिसेज प्रा.लि.मा बुझाउनु पर्ने ऋण रकम बराबरको बरामद भएको भरपाईबाट पनि पुष्टि भएको पाइने ।

प्रतिवादीहरू नागेन्द्र केवट तथा रमेश कुर्मीले पूर्वयोजनाबमोजिम प्रतिवादी नागेन्द्र केवटले आफूले चलाएको मोटरसाइकलको बीचमा मृतक अमृत शाक्यलाई राखी पछाडि रमेश कुर्मी बसी उखुबारीतर्फ लगी हत्या गरेको कुरा स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको पाइन्छ भने निज अदालतमा इन्कारी भए पनि अनुसन्धान अधिकारीसमक्ष भएको बयान अनिच्छापूर्वक जबरजस्ती गराइएको हो भन्ने कुनै तथ्ययुक्त आधार देखाउन सकेको नदेखिँदा निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान एवम् बुझिएका मानिसहरूको कागज तथा अदालतमा भएको बकपत्र, शव परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणबाट यी प्रतिवादीहरू नागेन्द्र केवट र रमेश कुर्मीको पूर्वयोजना सल्लाहबमोजिम नै मृतक अमृत शाक्यको हत्या भएको हो भन्ने कुरा पुष्टि भएकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहर गरेको मिति २०६९।३।१३ को नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।२।१६ को फैसला मिलेको नै देखिँदा साधक सदर हुने ।

प्रतिवादीमध्येका त्रिवेणी कुर्मीको हकमा निज वारदातस्थलमा उपस्थित नरहेको भन्ने तथ्यमा विवाद नदेखिएको र अन्य प्रतिवादीहरूले मृतकको

हत्या गर्न प्रयोग गरेको पेस्तोल निज प्रतिवादी त्रिवेणी कुर्मीले नै उपलब्ध गराएको हुन भन्ने कुनै वस्तुनिष्ठ आधार प्रमाण नदेखिएको अवस्थामा निज प्रतिवादी त्रिवेणी कुर्मीलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मनासिब रहेको देखिने।

अतः माथि उल्लिखित प्रमाणहरूबाट प्रतिवादीहरू नागेन्द्र केवट र रमेश कुर्मीलाई मृतकको हत्यामा कसुरदार ठहर गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने र प्रतिवादी त्रिवेणी कुर्मीले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी डाँका तथा अपहरणतर्फको अभियोग दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।२।१६ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल पुस ७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-०५४७ र ०७२-RC-०१९८, कर्तव्य ज्यान, नेपाल सरकार वि. वीरबहादुर तामाङ र नेपाल सरकार वि. सोमबहादुर तामाङ

कुनै वारदातको सम्बन्धमा सो वारदात घटेको देख्ने कुनै प्रत्यक्ष प्रमाण नभएको अवस्थामा अप्रत्यक्ष प्रमाणको आधारमा विवादित विषयवस्तुको निक्यौंल गर्नुपर्ने।

प्रतिवादी पोडे भन्ने विरबहादुर तामाङकी श्रीमती कुमारी तामाङले प्रतिवादी विरबहादुरले निजलाई फोन गरी मान्छे मारेको भनी जानकारी दिएको भनी घटना विवरण कागज लेखाएको देखिन्छ । निजलाई सो घटनाको जानकारी घटनास्थलमा उपस्थित रहेका निजका श्रीमान् स्वयंले घटना घटिसकेको तुरून्तपछि दिएको देखिन्छ । निजले आफ्नै श्रीमान् तथा श्रीमान्का दाजुको विरूद्धमा गई त्यस्तो कागज व्यहोरा लेखाउनु पर्ने कुनै कारण मिसिल संलग्न कागजबाट देखिँदैन । यसका अतिरिक्त घटना घटाउने प्रतिवादी सोमबहादुर तामाङले अदालतमा उपस्थित भई सो वारदात आफूले घटाएको र यमप्रसादको मृत्यु आफूले ढुङ्गाले हिर्काएको चोटको कारण भएको हो भनी बयान गरेको देखिन्छ । निजले अनुसन्धानको क्रममा एवम् अदालतमा लेखाएको बयानमा खासै फरक नरहेकोले त्यस्तो बयान अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा त्यसलाई प्रमाणमा लिनु पर्ने हुन्छ । प्रतिवादी पोडे भन्ने वीरबहादुर तामाङले अनुसन्धानको क्रममा आरोपित कसुर स्वीकार गरे पनि अदालतमा आई बयान गर्दा इन्कार रहेका छन् । प्रतिवादी सोमबहादुरको अनुसन्धानको क्रममा भएको बयान व्यहोरा एवम् अदालतको बयान व्यहोराबाट यी प्रतिवादी आफैँले कुटपिट नगरे पनि निजले मृतकलाई समातेको अवस्थामा प्रतिवादी सोमबहादुरले ढुङ्गाले प्रहार गरेको कारण यमप्रसादको मृत्यु भएको तथ्य स्थापित हुन आएको देखिने।

प्रतिवादी पोडे भन्ने विरबहादुरले मृतकलाई समातेको अवस्थामा प्रतिवादी सोमबहादुरले ढुङ्गा र मुक्काले पटकपटक प्रहार गरी यम प्रसाद तिमिल्सिनाको कर्तव्य गरी हत्या गरेको देखिएकोले प्रतिवादी सोमप्रसाद तामाङको कार्य मुलुकी ऐन ज्यानसम्बन्धी १ नं.विपरीत १३(३) नं. बमोजिमको कसुर भएकोले निजलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी पोडे भन्ने विरबहादुर तामाङले वारदातस्थलमा उपस्थित रही मृतकलाई घेरा हाली समाती मृतकलाई भाग्न उम्कन नदिई ज्यान मार्न संयोग पारेको देखिएकोले निजको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(२) नं. विपरीतको कसुर भएकोले निजलाई सोहीबमोजिमको

सजाय हुने ।

वारदात मिति र समयमा प्रतिवादीहरू रक्सीसमेत सेवन गरेको बेला मृतकले प्रतिवादीहरूलाई गाली गलौज गरेको कारण सोही समयमा झैझगडा हुँदा प्रतिवादीले वारदातस्थलमा रहेको ढुङ्गा उठाई हिर्काउँदा यम प्रसादको मृत्यु भएको देखिन्छ । यसरी वारदात घटाउन मृतकको त्यसवेलाको क्रियाकलापले नै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। यसका अतिरिक्त प्रतिवादी सोमबहादुरले अनुसन्धानको क्रममा एवम् अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा साबित भई न्याय निरूपणमा सहयोग गरेको देखिँदा यी प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन उपयुक्त हुने भनी राय व्यक्त गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादीमध्येका सोमबहादुर तामाङको हकमा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गरी प्रतिवादी विरबहादुर तामाङको हकमा १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय गरेको सिन्धुपालञ्चोक जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी सोमबहादुर तामाङको हकमा मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी पोडे भन्ने विरबहादुरको हकमा ऐजन ऐनको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरेको जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।१।९ को फैसला मिलेको देखिँदा सदर भई प्रतिवादी सोमबहादुर तामाङको हकमा मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CR-०३०९, ०६७-CR-०३६८, गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. आमोदानन्द मिश्रसमेत, आनन्दमोहन मिश्र वि. नेपाल सरकार

प्रतिवादी आमोदानन्द मिश्रले आ.व. २०५९/०६० सम्ममा तलब रू.१२,७५,०२४।– प्राप्त गरेको भनी विवरणसहित जिकिर लिएको पाइयो । सोही विवरणलाई मान्यता दिई जाँच अवधिमा निज प्रतिवादीले रू.१२,७५,०२४।- तलबभत्ता प्राप्त गरेको भनी विशेष अदालतले ठहर गरेको देखियो । उल्लिखित तथ्य निजामती किताबखानालगायत निज सम्बन्धित सरकारी कार्यालयहरूमा रहेका अभिलेखहरूबाट समर्थित भएको देखिन्छ । उल्लिखित विवरणमा विश्वास गर्न नसकिने कुनै चित्तबुझ्दो कारण प्रस्तुत हुन आएको छैन । प्रतिवादी आमोदानन्दले सम्पूर्ण सेवा अवधिमा तलबभत्ताबापत रू. १२,७५,०२४।– आर्जन गरेको भनी ठहर गरेको विशेष अदालतको फैसला मनासिब देखिने ।

मिति २०३८।५।२२ मा संशोधित निजामती सेवा नियमावली, २०२१ (अठारौं संशोधन) को नियम ११(१७) बमोजिम राष्ट्रसेवक कर्मचारीले वार्षिक रूपमा खाई पाई आएको एक महिनाको तलब बराबरको रकम दशैं खर्च पाउने गरेको देखिन्छ । भत्ता रकम चाड-पर्वमा खर्च गर्नको लागि दिएको हुँदा त्यसलाई आयमा गणना गर्न मिल्दैन भनी अभियोजन पक्षको जिकिर रहेको छ । वस्तुतः सो रकम चाड-पर्वमा खर्च गर्न दिएको र खर्च हुने कुरा स्वभाविक पनि छ । तथापि खर्च भएर जाने भएको कारणबाट मात्र कुनै वैधरूपमा भएको आयलाई आयको रूपमा गणना गर्न नै नमिल्ने हुँदैन । प्रतिवादी आमोदानन्द मिश्रले वैध तवरबाट सो रकम आर्जन गरेको देखिँदा उल्लिखित

रू.१,०९,०६५।– लाई आयको रूपमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिने।

प्रतिवादी आमोदानन्द मिश्रबाट पेस भएको तलब भत्ताको चार्टबाट आ.व. २०२६/२०२७ मा रू. २,२५०।-, आ.व. २०३४/०३५ मा रू.२,२४०।, आ.व. ०३५/०३६ मा रू.३,६३३।-, आ.व. २०३६/०३७ मा रू.७,६६५।-, आ.व. २०४५/०४६ मा रू.१४,७५२।- र आ.व. २०४७/०४८ मा रू.९,९४०।- समेत गरी कूल रू.४०,४८०।- स्थानीय भत्ता पाएको भन्ने देखिन्छ। निजले सोबमोजिम रकम भुक्तानी पाएको होइन भनी अभियोजन पक्षबाट कुनै जिकिर प्रस्तुत हुन आएको देखिएन। स्थानीय भत्ता पनि आय नै हो। यसलाई वैध आयको रूपमा गणना गर्न नहुने कुनै उचित कारण देखिँदैन। तसर्थ स्थानीय भत्ताबापतको रू. ४०,४८०।– लाई आयको रूपमा गणना गरेको विशेष अदालतको फैसला मनासिब हुने।

तीन दशकभन्दा बढी अवधि सरकारी सेवामा रही रा.प.प्रथम श्रेणीको पदबाट सेवानिवृत भएका व्यक्तिले आफ्नो सेवाकालमा उल्लिखित रकम भत्ताबापत प्राप्त गरेको हुनु स्वभाविक पनि देखिन्छ। यस तथ्यलाई अभियोजन पक्षले युक्तियुक्तरूपमा खण्डन गर्नसकेको देखिएन। तसर्थ उपर्युक्तअनुसारको रू.६४,३५७।– लाई प्रतिवादी आमोदानन्द मिश्रको वैध आयको रूपमा गणना गर्ने ठहर गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

विदेश भ्रमणमा जाँदा प्राप्त गरेको सबै रकम (डलर) बचत नै हुन्छ भन्ने पनि होइन। पाकेट खर्च भनी प्रदान गरिने न्यूनतम् मात्राको त्यसप्रकारको रकमबाट केही बचत हुनु स्वभाविक भए पनि सम्पूर्ण रकमलाई बचत भएको मान्नु मनासिब हुँदैन। बंगलादेश जाँदाको १,२०० डलर खरिद गरेको भनी प्रतिवादीले जिकिर गरेकोमा सो रकम निजले डलर खरिद गरेकोतर्फको खर्चको रूपमा गणना भएकै छ। यी समग्र पक्षमा दृष्टिगत गर्दा प्रतिवादी आमोदानन्दले विदेश भ्रमणका क्रममा प्राप्त गरेको भनिएको रू.५,१०,८३९।– मध्ये रू.३,०८,००२।– बचत भएको भनी विशेष अदालतबाट ठहर गरिएकोलाई अनुचित मान्न नमिल्ने।

मिसिल संलग्न प्रमाण कागजहरूबाट जम्मा रू. ३,२७,०३४।– ऋण/सापटी लिएको तथ्य समर्थित हुन आएको देखिन्छ। संस्थागतरूपमा अभिलेख रहने यसप्रकारको ऋणको विषयमा अन्यथा तर्कवितर्क गरिरहनु पर्ने कारण पनि देखिँदैन। तसर्थ प्रमाणबाट समर्थित हुन आएको रकम रू.३,२७,०३४।- लाई प्रतिवादी आमोदानन्द मिश्रको आयतर्फ गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिने।

प्रतिवादी अजितकुमार मिश्रले निज मल्टिपर्पस सेभिङ एण्ड फाईनान्स कम्पनी, राजविराजमा २०५५ सालदेखि कार्य गरी २०६० सालसम्ममा जम्मा रू. ४,००,९३४।- तलबबापत पाएको भनी जिकिर गरेको देखिन्छ। आरोपपत्र (तालिका नं. ८) मा पनि निजले सोबमोजिम आय आर्जन गरेको कुरा उल्लेख भएको र उक्त मल्टिपर्पस सेभिङ एण्ड फाईनान्स कम्पनीको मिसिल संलग्न मिति २०६२।२।१३ को पत्रबाट समेत सो तथ्य समर्थित भएको देखिँदा प्र. अजितकुमार मिश्रको तलब, भत्ताबापत आर्जित रू. ४,००,९३४।– लाई आयको रूपमा गणना गरेको विशेष अदालतको फैसला मनासिब हुने।

अजितकुमार मिश्रको पत्नीले दाइजोबापत पाएको भनिएको रू.११,००,०००।– मध्ये ३ लाख खर्च भई बाँकी रहेको रू.८,००,०००।– आयमा गणना गरिनु पर्छ भनी प्रतिवादीले लिएको जिकिर तथ्यसङ्गत रूपमा पुष्टि हुन आएको देखिँदैन। सामाजिक व्यवहार सुधार ऐन, २०३३ मा व्यवस्थित प्रावधानका दृष्टिले पनि यो रकमलाई मान्यता प्रदान गर्नु उचित र तर्कसङ्गत हुँदैन। तसर्थ टीकाटालो र दक्षिणाबापत रू. १८,०००।– मात्र आयतर्फ समावेश

गरी गणना गरेको विशेष अदालतको फैसला मनासिब हुने।

अजितकुमारका नाउँमा टेलिफोन लाईन जडान भएको र २०५६ साल माघपछि रेणु दासको नाममा हस्तान्तरण भएको तथ्यसम्म खुल्न आएको देखिन्छ । तर निज अजितकुमार मिश्रले P.C.O. सञ्चालन गरेको र २,०७,०००।– टेलिफोनबाट प्राप्त भएको भन्ने कुरा कुनै प्रमाणबाट समर्थित हुन आएको देखिँदैन । प्रतिवादीहरूको अध्ययन, पेसाको प्रकृति, सामाजिक हैसियतलगायतका समग्र पक्षमा विचार गर्दा टेलिफोनबाट यसप्रकारको कारोबार र आम्दानी भएको कुरा विश्वसनीय देखिँदैन । वस्तुगत तथ्य र प्रमाणबाट समर्थित हुन नआएका यसप्रकारको रकमलाई आम्दानीको रूपमा मान्यता प्रदान गर्नु कुनै दृष्टिले पनि उचित नहुने।

टेलिफोन जडानबापतको लागत प्रतिवादीले खर्चको रूपमा देखाएको पनि पाइएन । लगानी वा खर्च केही पनि नगरी आम्दानी मात्रै भएको भन्ने किसिमको जिकिर मनासिब देखिँदैन । तथापि सरकारी दररेटमा रू.५,०००।– लागतमा टेलिफोन जडान हुने गरेको देखिँदा टेलिफोनबापत रू. ५,०००।– आयमा समावेश गर्नु मनासिब देखियो । सोभन्दा बढी आय भएको कुरा स्वीकार गर्न सकिँदैन । तसर्थ टेलिफोनबापत रू.१,००,०००।– आयको रूपमा गणना गर्ने ठहर गरेको विशेष अदालतको फैसला मनासिब देखिएन । टेलिफोन बिक्रीतर्फ रू.५,०००।– मात्र आयको रूपमा गणना हुने।

प्रतिवादी आमोदानन्दले परामर्श सेवा सम्बन्धित कतिपय काम संयुक्त उपक्रम (Joint Venture) मा गरेको देखिँदा भुक्तानी पाएको सबै रकम निजको मात्र आम्दानी भएको मान्न सकिने अवस्था देखिँदैन । यसका अतिरिक्त यसरी परामर्श सेवाको कार्य गर्दा कतिपय प्रशासनिक तथा प्राविधिक प्रकृतिका खर्च हुने र प्राप्त आयमा आयकर लाग्ने कुरा पनि स्वभाविक छ । परामर्श सेवा भन्दैमा आय मात्रै हुने, सो आय आर्जन गर्दा खर्च नहुने भन्ने कुरा हुँदैन । तथापि उपर्युक्तअनुसारको विवरण पृथक-पृथक देखिने प्रस्ट तथ्याङ्कको अभाव देखिँदा यसलाई न्यायोचित अनुमानका आधारमा निरूपण गर्नुपर्ने देखिन्छ । तसर्थ परामर्श सेवाबाट प्राप्त भएको रकम रू. २१,०१,३४४।६० मध्ये ५०% रकमसम्म निज प्रतिवादी आमोदानन्द मिश्रको आय मान्न सकिने देखिँदा सोबमोजिम हुन आउने रू. १०,५०,६७२।३० मात्र निजको वैध आयमा गणना हुने देखियो । यसरी गणना नगरी अन्यथा आय कायम हुने ठहर गरेको विशेष अदालतको फैसला मिलेको नदेखिने।

आँशु कन्सट्रक्सन प्रा.लि.बाट भएको आम्दानीमध्ये ५०% रकमलाई मात्र प्रतिवादी वीणा मिश्रको आयको रूपमा गणना गर्नु मनासिब देखिन्छ । विशेष अदालतले रू.६,९४,८१८।५० आयको रूपमा गणना गरेको उचित देखिएन । तसर्थ कम्पनीले गरेको आय रू.७,१२,९१०।६३ को आधा अर्थात् रू. ३,५६,४५५।३१ मात्र प्रतिवादीको आयमा समावेश गरी गणना गर्नुपर्ने देखियो । सोबाहेक प्रमाणबाट समर्थित नभएको प्रतिवादीले लिएको जिकिरअनुसारको थप रकमलाई आयको रूपमा मान्यता दिन नमिल्ने।

प्रतिवादी विणा मिश्रका नामको का.म.न.पा. वडा नं. २(ग) कि.नं. २३९ को ०-२-१-० जग्गा, वडा नं.७ कि.नं. १९६ को ०-८-१-१ जग्गा, कि.नं. २३४ को ०-५-३-१.५ जग्गा र कि.नं. २३५ को ०-५-३-१.५ जग्गा तथा प्रतिवादी अजितकुमार मिश्रका नामको का.म.न.पा. वडा नं. २४(ख) कि.नं. ७५७ को ०-१-०-० जग्गा, सप्तरी जिल्ला तिलाठी गा.वि. स.३ कि.नं. ५१८ को ०-५-० जग्गा र वडा नं. ४ कि.नं. २७० को ०-१-१५ जग्गासमेत गरी जम्मा रू.५,४९,६००।- मा बिक्री भएको कुरा आरोपपत्रको तालिका नं. १४ बाट देखिन आएको छ । रजिष्ट्रेशन

भएका लिखतको प्रतिलिपिसमेतका कागजातबाट सो तथ्य समर्थित भएको देखिन्छ । यसरी जग्गा बिक्रीबाट रू.५,४९,६००।– आय भएको भनी विशेष अदालतले समेत ठहर गरेको छ । सोबाहेक भारतको फारविसगञ्जको जग्गालगायत अन्य जग्गा बिक्रीबाट रकम प्राप्त गरेको भनी प्रतिवादीले गरेको जिकिर प्रमाणबाट समर्थित हुन आएको पाइएन । अतः लिखत पारित गर्दा उल्लेख गरिएको मूल्य अङ्कअनुसार जग्गा बिक्रीबाट प्राप्त भएको जम्मा रू.५,४९,६००।– आयतर्फ समावेश हुने ठहर गरेको विशेष अदालतको फैसला मनासिब देखिने ।

अन्य विवाद निरूपणका सन्दर्भमा अदालतबाट अपनाउने गरिएको मापदण्डलाई आधार मानेर २०५०/०५१ सम्म प्रतिबिगाह वार्षिक रू.१६,०००।- र २०५१ पछि (जाँच अवधिको) प्रति बिगाह वार्षिक रू.२०,०००।- का दरले कृषि आय मान्ने भनी विशेष अदालतबाट फैसला गरिएको देखियो । यसरी हिसाब गर्दा प्रतिवादी वीणा मिश्रका नाउँमा रहेका जग्गाको कूल कृषि आय रू.१२,६८,१६०।-, अरविन्द कुमार वत्सका नाउँको जग्गाबाट रू. ४०,२००।– र प्रतिवादी अजितकुमार मिश्रका नाउँको जग्गाबाट रू. ५,४३,०००।– गरी कूल रू. १८,५१,३६०।– कृषि आय कायम हुने भनी जग्गाको कि.नं., क्षेत्रफल, त्यसबाट भएको आयसमेतको फेहरिस्त खुलाई विशेष अदालतले फैसला गरेको देखिन्छ । जग्गामा स्वभाविकरूपमा खेती गरिने र खेतीबाट आम्दानी प्राप्त हुने भएबाट कृषि आयको छुट्टै विवरण / तथ्याङ्क नभएको भन्नेसम्मको कारणबाट यसलाई आयमा समावेश गर्न ईन्कार गर्नु मनासिब पनि हुँदैन । आय कायम गर्न उपर्युक्तअनुसार निश्चित मापदण्ड अपनाई न्यायोचित अनुमान गर्नुबाहेक अर्को भरपर्दो विकल्प पनि देखिँदैन । अतः जाँच अवधिमा प्रतिवादीको कूल कृषि आय रू.१८,५१,३६०।– भएको भनी ठहर गरेको विशेष अदालतको फैसलामा त्रुटि रहेको मान्न नमिल्ने ।

जहिलेसुकै तयार गर्न सकिने घरसारको करारनामा जस्ता कागजको आधारमा यसप्रकारको घर बहालमा लगाएको भनी ठहर गर्नु बिलकुलै उचित हुँदैन । यस अवस्थाको भाडा रकम भनी गरिएको दाबीलाई मान्यता प्रदान गर्दा गैरकानूनीरूपमा आर्जन गरेको सम्पत्तिलाई वैध बनाउने सजिलो बाटो प्रदान गरिएको परिणाम पैदा हुने अवस्था रहन्छ । तसर्थ भारतीय दुतावासको विद्यालयले भाडामा लिएबापत बुझाएको भनिएको रू.४,८०,०००।– आयमा गणना हुन्छ । सोबाहेक अन्य घर भाडाबापत आय भएको भनी प्रतिवादीले जिकिर गरेको अन्य कुनै पनि रकमको पुष्ट्याई भरपर्दो र विश्वसनीय प्रमाणबाट समर्थित हुन आएको नदेखिएको हुँदा आयको रूपमा गणना गर्न मिलेन । घरभाडाबापत भनी विशेष अदालतबाट रू. ९,७८,७५०।– आयमा समावेश हुने ठहर गरेको फैसला उल्लिखित हदसम्म मनासिब नदेखिने ।

भरपर्दो र विश्वसनीय प्रमाणद्वारा समर्थित नभएको अप्रमाणित जिकिरका आधारमा प्रतिवादीले आय आर्जन गरेको भनी ठहर गर्न मिल्ने देखिएन । विविध शीर्षकमा आय भनी प्रतिवादीले उल्लेख गरेको रकमलाई आयको रूपमा गणना नगरेको विशेष अदालतको फैसला मनासिब देखिने ।

बकसपत्रको माध्यमबाट प्राप्त भएका सबै सम्पत्ति बिनामूल्य प्राप्त भएका हुन् भनी निष्कर्ष निकाल्नु वर्तमान नेपाली समाजको यथार्थविपरीत हुन्छ । मूल्य चुक्ता गरेर सम्पत्ति आर्जन गर्ने र लिखत पारित गर्दा व्यहोरासम्म बकसपत्र उल्लेख गर्ने कुरा आम प्रचलनको विषय हो । यसलाई नै कुनै मूल्य नचुकाई सम्पत्ति प्राप्त भएको निर्णायक आधार मानियो भने अनुचित, अस्वभाविक, अव्यवहारिक परिणाम पैदा हुनुका साथै गैरकानूनी आय वा सम्पत्तिलाई वैधानिकता प्रदान गर्ने अनुचित माध्यम बन्न पुग्ने अवस्था रहन्छ । यसप्रकारको असङ्गत परिणाम

आउने गरी बकसपत्रलाई केवल "बकस" को रूपमा मान्यता दिनु उचित नहुने।

वास्तवमा बक्सिसको रूपमा बकस पाएको हो वा पारित लिखतमा सम्म बकसपत्र नामाकरण गरिएको हो भन्ने कुरा विचारणीय बन्दछ । अन्यथा बकसको प्रयोजन प्रमाणित नभएसम्म बकसपत्र नामाकरण गरिएको लिखतको माध्यमबाट जग्गाको हक हस्तान्तरण भई आएको सम्मको कुराले मात्र स्वतः सम्पत्तिको वैधानिक स्रोतको पुष्ट्याईँ भएको मान्न नसकिने।

प्रतिवादी आमोदान्द मिश्र तथा निजको एकासगोलको परिवारका सदस्यहरूको नाममा जाँच अवधिमा रू. १५,२२,५७५।– मूल्यको जग्गा खरिद (प्राप्त) भएको देखिएको छ । प्रतिवादीले २०४३ सालदेखि लगभग हरेक वर्ष उल्लेख्य मूल्यका जग्गा खरिद गरेको कुरासमेत माथि प्रस्तुत विवरणबाट प्रस्ट हुन्छ । सिमित पारिश्रमिक आय हुने राष्ट्रसेवकले यसरी हरेक साल जग्गा खरिद गर्न कसरी सम्भव भयो भन्ने प्रश्नको युक्तियुक्त जवाफ दिन प्रतिवादीले सकेको देखिँदैन। उल्लिखित जग्गाको तत्काल प्रचलित मूल्य यतिनै हो भनी वस्तुगत आधारमा यकिन गर्न सकिने अन्य भरपर्दो आधार प्रस्तुत हुन आएको नदेखिए पनि मालपोत कार्यालयबाट लिखत पारित हुँदा उल्लेख गरिएको मूल्य भन्दा जग्गाको वास्तविक मूल्य निकै नै बढी थियो भनी स्वभाविक र न्यायोचितरूपमा अनुमान गर्न सकिन्छ । यी सबै कुराको बाबजुद मालपोत कार्यालयबाट लिखत पारित हुँदा केवल रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको (न्यूनतम) मूल्यलाई बिगोको रूपमा स्वीकार गरिएको छ। यसरी बिगो कायम गर्नु प्रतिवादीको हितका दृष्टिले पनि अनुचित देखिँदैन। तसर्थ जाँच अवधिमा प्रतिवादीले रू.१५,२२,५७५।– मूल्य बराबरको जग्गा खरिद गरेको (खर्च भएको) भनी विशेष अदालतबाट बिगो कायम गरेको मनासिब देखिन आउने।

घरको मूल्याङ्कन गर्ने प्रतिवेदक (वादीका साक्षी) राजेन्द्रमान श्रेष्ठले सरकारी दररेटको आधारमा मूल्याङ्कन गरी प्रतिवेदन बुझाएको भनी बकपत्र गरेको समेत देखिन्छ। प्रति वर्गफिट रू.४१९।- कायम गर्न मिल्ने होइन, सोभन्दा कम दररेटमा निर्माण हुने मापदण्ड थियो भन्नेतर्फ कुनै वस्तुगत आधार प्रस्तुत हुन आएको पाइएन । तसर्थ घर निर्माण खर्च प्रति वर्गफिट रू. ४१९।- का दरले हिसाब गरी बिगो कायम गरेको कुरालाई अनुचित मान्न मिल्ने नदेखिने।

घर निर्माणको लागत शहरी विकास तथा भवन निर्माण विभागबाट निर्धारित दररेटको आधारमा गणना गर्दा १५% ओभरहेड कष्ट र ५% ठेक्का करसमेत समावेश हुने भएको र प्रतिवादीले आफैँले घर निर्माण गरेको भन्ने हुँदा ओभरहेड कष्ट र ठेक्का कर लाग्ने अवस्था नहुने भएकाले सोबापत कूल २०% लागत घटाउनु पर्ने (कट्टा हुने) देखिन्छ । यसरी हे र्दा प्रतिवादीको काठमाडौं, लाजिम्पाट स्थित चार तल्ले घर निर्माणको कूल लागत रू. २३,९१,३४८।२२ देखिएकोमा त्यसमा २०% रकम (रू.४,७८,२६९।६४) घटाउदा (कट्टा गर्दा) कूल निर्माण खर्च रू. १९,१३,०७८।५७ कायम हुने देखियो । तसर्थ विशेष अदालतले उल्लिखित घरको निर्माण लागत (तत्कालीन अवस्थाको) रू. १९,१३,०७८।५७ कायम गरेको फैसला न्यायोचित नै देखिन आउने।

प्रतिवादी आमोदानन्द मिश्रले विशेष अदालतमा बयान गर्दा टहराको भुइँतला रू. २३,०००।- मा र माथिल्लो तला रू. १७,०००।– लागतमा निर्माण भएको भनी दाबी लिएको देखियो । प्लिन्थ एरिया ४७८ वर्गफिट र दुई तल्लाको (टहरो नामाकरण गरिएको) निर्माण कार्य केवल ४०,०००।– को लागतमा भएको होला भनी मान्न सकिँदैन । यस सम्बन्धमा प्राविधिकले स्थलगत अध्ययन गरी दिएको मूल्याङ्कन प्रतिवेदनमा "टहरो" निर्माण खर्च

रू.२,०४,८००।९० भनी उल्लेख गरेको देखियो । यसलाई अनुचित वा बेमुनासिब मान्नु पर्ने कुनै उचित तर्क वा कारण देखिन आएन । दुई तल्लाको टहरो निर्माण गर्न लगभग दुई लाख (प्रति तल्ला करिब एक लाख) लागत लागेको भन्नु न्यायोचित मात्र नभएर सम्भावित खर्चको तुलनामा नगन्य मात्राको लागत भन्ने पनि देखिन्छ। यस अवस्थामा उक्त टहरो निर्माण लागत रू.२,०४,८००।९० कायम गरी सो रकमलाई प्रतिवादीको खर्चतर्फको बिगोको रूपमा गणना गर्नुपर्ने देखिन आउने।

कूल २०४८ वर्गफिटको दुई तल्ले घर २०५६ - २०५९ सालमा निर्माण गर्दा केवल रू. ५,८८,०००।– लागत मात्र लागेको होला भनी मान्न सकिने अवस्था देखिँदैन। प्राविधिकबाट गरिएको उक्त घरको मूल्याङ्कन प्रतिवेदनमा भुइँतला २०५६/०५७ सालमा र पहिलो तला २०५९/०६० सालमा निर्माण सम्पन्न भएको र निर्माण सम्पन्न हुँदाको वर्षको दर रेटमा बिजुली, स्यानिटरी, साइट Development र फिनिसिङको मूल्यसहित घर निर्माणको लागत रू. १४,४८,६५२।५२ र मूल्याङ्कन हुँदाका अवस्थाको मूल्य रू. १६,३७,९९०।४० (निर्माण लागत) कायम हुने भनी उल्लेख गरेको देखियो । अन्यथा प्रमाणित नभएको अवस्था हुँदा सम्बन्धित प्राविधिकबाट पेस भएको मूल्याङ्कन प्रतिवेदनका आधारमा घर निर्माणको लागत कायम गर्नु नै मनासिब देखिने।

प्रतिवादी आफैँले निर्माण गरे गराएको घर देखिँदा प्राविधिकबाट गरिएको मूल्याङ्कनमा उल्लेख गरिएको लागत मूल्यमा ठेकदारको ओभरहेड कष्ट भनी १५% र ठेक्का करबापत भनी ५% गरी कूल २०% घटाई मूल्य कायम गर्ने न्यायिक प्रचलनअनुसार उल्लिखित घरको निर्माण मूल्य (खर्च) कायम गर्नुपर्ने देखिन्छ । यसरी गणना गर्दा प्रतिवादीको सप्तरी जिल्ला, इटहरी विष्णुपुरमा निर्मित दुई तल्ले पक्की घरको प्राविधिक मूल्याङ्कनमा उल्लेख भएको निर्माण लागत रू.१४,४८,६५२।५२ को २०% रकम (रू.२,८९,७३०।५१) कट्टा गर्दा हुन आउने रू.११,५८,९२२।०१ निर्माण लागत कायम गरेको विशेष अदालतको ठहर मनासिब नै देखिने।

फर्निचरको हकमा मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको रू.२,२७,८००।- को आधा अर्थात् रू.१,१३,९००।- र विद्युतीय उपकरणको हकमा मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको रू.१,२५,०००।– गरी कूल सजावट खर्च रू.२,३८,९००।– कायम गर्ने ठहर गरेको विशेष अदालतको फैसला मनासिब नै देखिन्छ । सामान्य विवेक प्रयोग गरी विचार गर्दा पनि काठमाडौंको घरको विद्युतीय सामानसहित सजावटको मूल्य (लागत) केवल रू.२,३८,९००।- कायम गरेकोलाई बढी मूल्य कायम गरेको भनी मान्न सकिने नदेखिने।

अध्ययनको क्रममा विश्वविद्यालयको अभिलेखमा नआउने वा नदेखिने अन्य रकमको अंक खुलाइएको देखिँदैन। शिक्षण संस्थामा बुझाएको फी वा शुल्कबाहेक पनि अध्ययनको क्रममा अन्य उल्लेखनीय रकम खर्च हुने गर्दछ भन्ने कुरा एउटा व्यवहारिक वास्तविकता हो। तथापि सोतर्फ कुनै वस्तुगत आधार खुलाई स्पष्टरूपमा आरोपपत्रमा दाबी गरिएको नदेखिँदा त्यसप्रकारका अन्य स्वभाविक खर्च सम्बन्धमा अहिले थप विवेचना गरिरहनु परेन । अजितकुमार मिश्रको पढाइका सन्दर्भमा सन् १९८८ देखि १९९४ सम्म ६ वर्षमा (सरदर वार्षिक रू.९,६००।– का दरले) जम्मा रू.५७,६००।– मात्र खर्च भएको भनी खर्च कायम गरिनुलाई पनि प्रतिवादीका पक्षमा उदारता नै अपनाएको मान्न सकिन्छ। यसरी कायम गरिएको अध्ययन खर्चलाई जुनसुकै मापदण्ड अपनाएर जुनसुकै कोणबाट विश्लेषण गरिए पनि अनुचित भन्न मिल्ने अवस्था देखिँदैन। तसर्थ प्रतिवादी आमोदानन्द मिश्रको छोराछोरीहरूको अध्ययनमा लागेको खर्च रू. १६,०८,४४५।– लाई निजको खर्चतर्फको बिगोमा

समावेश गरी गणना गर्नु मनासिब देखिने।

आमोदानन्द राष्ट्रसेवक कर्मचारीको हैसियतले जाँच अवधिमा फिलिपिन्स, थाईल्याण्ड, नेदरल्याण्ड, बेलायत, डेनमार्क, बंगलादेश (३ पटक) र जापान (३ पटक) समेत गरी ११ पटक विदेश भ्रमणमा गएको तथ्याङ्क प्रस्तुत हुन आएको छ। आरोपपत्रको तालिका नं.१० मा सटहीको विस्तृत फेहरिस्त उल्लेख भएको छ। विदेश भ्रमणमा जाँदा सटही गरेको उल्लिखित रकमभन्दा अन्यथा रकम सटही गरेको थियो भनी प्रतिवादीले तथ्ययुक्त आधार प्रस्तुत गरी प्रमाणद्वारा पुष्टि गर्नसकेको देखिँदैन । तसर्थ डलर खरिदतर्फ रू.४,७५,४९०।- प्रतिवादीको खर्चतर्फको बिगोमा समावेश हुने भनी विशेष अदालतबाट ठहर गरेको मनासिब नै देखिने।

आमोदानन्द मिश्रको नामको नविल बैंक, कान्तिपथ र छोरा अजितकुमार तथा वैधनाथ मिश्रको संयुक्त नामको खाता बन्द गरिएको देखिन्छ । चालु अवस्थामा रहेका अन्य खातामा रू.३,०३४।५७ मौज्दात रहेको रा.वा.बैंक राजविराज र मल्टिपर्पस सेभिङ्ग एण्ड इन्भेष्टमेन्ट फाइनान्स कम्पनी राजविराजको मिसिल संलग्न प्रमाणबाट समर्थित भएको छ । पुनरावेदक प्रतिवादीले समेत सो कुरा स्वीकार गरेको हुँदा रू.३,०३४।५७ प्रतिवादीको बिगोमा समावेश गरेको उचित नै देखिने।

सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध भएका प्रतिवादी आमोदानन्द मिश्रसहित निजका परिवारका सदस्य श्रीमती विणा मिश्र, छोराद्वय अजितकुमार मिश्र र अरविन्द कुमार मिश्रको नामको सेयर प्रमाणपत्रको प्रतिलिपिसमेतबाट सेयरसम्बन्धी विवरण समर्थित भएको देखिन्छ। तसर्थ सेयर खरिद गर्दाको रू.१०,७८,०००।- प्रतिवादीको खर्चतर्फको बिगोमा समावेश गरी गणना हुने ठहर गरेको विशेष अदालतको फैसला मनासिब नै देखिन आउने।

वस्तुतः न्याय निरूपणका सन्दर्भमा नियमित दैनिक जीवन-यापनका लागि हुने गरेको खर्चलाई नजरअन्दाज गरियो भने तर्कपूर्ण निष्कर्ष (Logical Conclusion) निकाल्न सकिँदैन । बिहान बेलुका दुई छाक खाना, एकसरो लगाउने कपडा, बिरामी हुँदा गर्नुपर्ने सामान्य उपचार, केही चाड-पर्व उत्सवहरूमा हुने स्वभाविक खर्च, विवाहलगायतका कतिपय अनिवार्य सामाजिक व्यवहार जस्ता कुरामा निश्चय पनि नियमितरूपमा खर्च हुने गर्दछ। यो कुनै अनुचित वा अव्यवहारिक परिकल्पनाको कुरा होइन, हरेक मानिसको जीवनको स्वभाविक, नियमित र आधारभूत यथार्थ हो। यस पक्षमा विवेकपूर्ण दृष्टि पुग्न सकेन भने न्यायिक निष्कर्ष अधुरो र अपूर्ण हुन पुग्ने।

भ्रष्टाचारसम्बन्धी मुद्दामा प्रतिवादीको आम्दानी र खर्चको मूल्याङ्कन गर्दा नियमितरूपमा हुने खर्च सम्बन्धमा पनि विवेकपूर्णरूपमा विचार गरिनु अनिवार्य हुन्छ। भएका सबै आम्दानी सम्पत्ति जोडेको शीर्षकमा देखाउने र नियमितरूपमा भएको दैनिक खर्चलाई हेर्दै नहेर्ने वा गणना नै नगर्ने हो भने "भ्रष्टाचारमैत्री न्यायशास्त्रको निर्माण" हुन जान्छ। यो न्यायिक दृष्टिले स्वीकार्य विषय हुन नसक्ने।

आम्दानी र खर्चको निरूपण गर्दा नियमितरूपमा खर्च भई जाने कुरालाई विचार गरेर नै बचत (सञ्चित) भएको अङ्क निर्धारण गरिनु पर्दछ। यसरी खर्चको अङ्क निर्धारण गर्ने अन्य उपयुक्त वैकल्पिक आधार प्रस्तुत हुन नआएकाले राष्ट्रसेवकले मासिकरूपमा पाएको पारिश्रमिकलाई आधार मानेर सो पारिश्रमिक रकमको आधासम्म नियमित जीवनयापनका लागि खर्च हुने र आधा रकमसम्म सञ्चित हुने भनी ठहर गर्नु तार्किक र विवेकपूर्ण देखिन्छ। आरोपपत्रमा दाबी गरिएको कूल खर्च रकमको सीमाभित्र रहेर यसप्रकारको खर्चबापतको रकम गणना गर्न सकिने नै हुन्छ। यस अवस्थामा दाबीभन्दा बाहिर गएर निर्णय गरिएको भन्ने नहुने।

प्रतिवादी आमोदानन्द मिश्रले जाँच

अवधिमा जम्मा रू.१२,७५,०२४।– पारिश्रमिक प्राप्त गरेको देखिएको छ । सो रकमको आधा अर्थात् रू.६,३७,५१२।– लाई निज प्रतिवादीको ५ जना परिवारको भरण-पोषणका लागि भएको नियमित जीवन-यापन खर्चको रूपमा गणना गर्नु मनासिब देखिन्छ । सेवा प्रारम्भ गरेको २०२४ सालदेखि २०५९ सालसम्म सरदर वार्षिक रू.१८,२१४।६२ (मासिक सरदर रू.१,५१७।८८) का दर्ले करिब ३५ वर्षको रू. ६,३७,५१२।– नियमित जीवन-यापन खर्च भएको भनी ठहर गर्नु विवेकसङ्गत नै हुने ।

प्रतिवादी आमोदानन्द मिश्रको जाँच अवधिमा जम्मा आय रू.६८,३५,९८३।६१ आर्जन भएको देखियो । निजले सो जाँच अवधिमा जम्मा रू.८८,४०,७५७।१५ खर्च गरेको पाइयो । यसरी प्रतिवादीले स्रोत नखुलेको (आयस्रोत पुष्टि नभएको) रू.२०,०४,७७३।५४ खर्च गरेको देखिन आयो । आम्दानीको वैध स्रोत देखिन नआएको हुँदा उक्त रकम रू.२०,०४,७७३।५४ प्रतिवादी आमोदानन्द मिश्रले अवैध रूपमा अर्थात् भ्रष्टाचार गरी आर्जन गरेको भनी ठहर गर्नुपर्ने देखिन आउने ।

शास्त्रको निर्माण न्याय प्राप्तिका लागि हुनुपर्दछ, आपराधिक कार्यको दायित्वबाट अनुचित रूपमा छुट पाउने गरी मापदण्ड र सिद्धान्त निर्माण गरिनु उचित नहुने ।

भ्रष्टाचार स्वेतग्रिवी अपराध (White-Collar Crime) हो, कतिपय अवस्थामा यसको स्वरूप संगठित अपराध (Organised Crime) प्रकृतिको पनि हुन्छ । समाजका पढे-लेखेका, टाठा-बाठा र सार्वजनिक अख्तियारी प्राप्त व्यक्तिबाट नै भ्रष्टाचारको कसुर गरिने भएकाले पनि भ्रष्टाचारको अपराध लुकाउने सम्भावनाहरू धेरै रहन्छन् । यसप्रकारको संवेदनशील विषयमा न्याय निरूपणका लागि अपनाउने सिद्धान्त र मापदण्डसमेत वस्तुगत यथार्थ तथा व्यवहारिक वास्तविकताअनुकूल न्यायोचित र तर्कपूर्णसमेत हुन वाञ्छनीय देखिने ।

लिखत रजिष्ट्रेशन गर्दा उल्लेख गरेको रकमलाई नै खर्च (लागत) को निश्चयात्मक अङ्क मान्ने र बकसपत्र लिनु-दिनुको औचित्य, कारण र विश्वसनीयता पुष्टि नभएको स्थिति कायम छँदाछँदै केवल लिखतमा बकसपत्र भन्ने शब्द लेखिएसम्मको कारणबाट त्यस्तो सम्पत्तिलाई बकसको रूपमा आर्जित भनी ठान्ने हो भने भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानूनको कार्यान्वयन दुरूह र दुष्कर बन्ने ।

भ्रष्टाचार निवारण ऐन, २०१७ मा रहेका प्रावधानलाई थप परिमार्जन र विस्तारित स्वरूप प्रदान गर्दै जारी भएको भ्रष्टाचार निवारण ऐन, २०५९ पूर्ववर्ती ऐनकै निरन्तरता पनि हो । यसरी हेर्दा सन्दर्भअनुसार २०१७ वा २०५९ सालको ऐन उल्लेख भएको कारणबाट न्यायिक सिद्धान्त र मान्यताप्रतिकूलको अन्यथा परिणाम आउने स्थिति नदेखिने ।

भ्रष्टाचारलाई २०१७ को ऐन तथा २०५९ सालको ऐन दुवैले कसुरको रूपमा घोषित गरेको छ । त्यसमा थप विचारणीय पक्ष के पनि देखिन्छ भने प्रतिवादी आमोदानन्द मिश्रले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको अवधि २०२४ सालदेखि २०५९/०६० सालबीचको अवधि भन्ने देखिन्छ । यो अवधि भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेको अवधि हो । त्यसैले तत्काल प्रचलित ऐनले प्रतिवादीको स्रोत नखुलेको सम्पत्तिलाई भ्रष्टाचारबाट आर्जित सम्पत्ति मानेर कसुर कायम गरी सजाय गर्ने व्यवस्था गरेको थियो वा थिएन भन्ने कुरा यकिन गर्नका लागि पनि सोपूर्ववर्ती ऐनको सन्दर्भ उल्लेख गर्नु आवश्यक र औचित्यपूर्ण हुन आउने ।

कानूनतः प्रतिवादीले सम्पत्ति प्राप्तिको स्रोत प्रमाणित गर्न नसकेको अवस्थामा त्यस्तो सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरेको मान्नु पर्ने देखिन्छ । यो कानूनी अनुमान (Statutory presumption) को विषय हो । वैध आयभन्दा बढी खर्च भएको देखिएमा

गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको रहेछ भनी अनुमान गर्नुपर्ने गरी ऐनले नै स्पष्ट मार्गनिर्देश गरेको देखिन्छ । यसरी गरिने अनुमानलाई खण्डन गर्न प्रमाण पुर्‍याउने भार स्वयम् प्रतिवादीमा नै रहन्छ । उल्लिखित कानूनी प्रावधानका सन्दर्भमा विचार गर्दा प्रतिवादी आमोदानन्द मिश्रले रू.२०,०४,७७३।५४ बराबरको सम्पत्ति आर्जनको वैधानिक स्रोत प्रमाणित गर्नसकेको पाइएन । त्यसैले तत्कालीन अवस्थाको मूल्याङ्कनअनुसार कायम भएको सम्पत्तिमध्ये रू.२०,०४,७७३।५४ बराबरको प्रतिवादीको सम्पत्तिलाई गैरकानूनीरूपमा आर्जन गरेको सम्पत्ति भनी ठहर गर्नुपर्ने देखिन आउने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी आमोदानन्द मिश्रले राष्ट्रसेवक (सार्वजनिक पद) को दुरूपयोग गरी भ्रष्टाचार गरेर रू. २०,०४,७७३।५४ अवैधरूपमा आर्जन गरेको देखिन आयो । तसर्थ निजलाई भ्रष्टाचारको अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०६६/११/१९ को फैसला केही उल्टी हुन्छ र प्रतिवादी आमोदानन्द मिश्रले रू. २०,०४,७७३।५४ (बीस लाख चार हजार सात सय त्रिहतर रूपैयाँ चौवन्न पैसा) बिगो बराबरको स्रोत नखुलेको रकम भ्रष्टाचार गरी आर्जन गरेको देखिँदा निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा ७, दफा १० र दफा १५, सपठित हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसुरमा सोही कानूनी व्यवस्थाअनुसार बिगो रू. २०,०४,७७३।५४ बमोजिम जरिवाना भई १ (एक) वर्ष कैद सजायसमेत हुने ठहर्छ । यसका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम भ्रष्टाचार गरी आर्जन गरेको (स्रोत नखुलेको) सम्पत्ति जफत गर्नुपर्ने भएकाले प्रतिवादीमध्येका अजितकुमार मिश्रको नाममा रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २ लाजिम्पाट खोलागाल मार्ग, कि.नं. ७५८ को मूल्य रू.१,२७,५००।– कायम भएको ०-८-२-० जग्गा र सोमा बनेको मूल्य रू.१९,१३,०७८।५७ कायम भएको घरसमेत गरी तत्कालीन मूल्य रू.२०,०४,७७३।५४ बराबरको हदसम्म घर र घर रहेको जग्गासमेत जफत हुने ठहर्छ । लेखिएको हदसम्म बाहेक अन्य कुरामा वादी नेपाल सरकारको तथा प्रतिवादी आमोदानन्द मिश्रको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः वासुदेव गिरी र रमेश आचार्य

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१५७८, भ्रष्टाचार (रकम हिनामिना), देवीप्रसाद अधिकारी वि. नेपाल सरकार

सहकारी ऐन, २०४८ को दफा ३९ तथा साझा स्वास्थ्य सेवा कर्मचारी तथा आर्थिक प्रशासन नियमावली, २०५४ को नियम ७९ मा उल्लेख भएको प्रक्रियाबाट हिनामिना असुलउपर गर्न सकिने व्यवस्था रहेको भए तापनि भ्रष्टाचार निवारण ऐन, २०५९ को ५९(ङ) ले राष्ट्रसेवक वा व्यक्तिउपर मुद्दा चलाउन बाधा नपुग्ने स्पष्ट कानूनी व्यवस्था रहेको सन्दर्भमा भ्रष्टाचार निवारण ऐन, २०५९ आकर्षित नै हुने ।

संस्थाको काउन्टरको इन्चार्ज भएपछि आफूअन्तर्गतका कर्मचारीको काम कारोबार सम्बन्धमा झनै बढी सजग रहनु पर्ने जिम्मेवार पदाधिकारी स्वयंले यति ठूलो परिमाणको औषधी सर्ट हुँदासमेत आफू बेखबर रहेको जिकिर लिएको देखिँदा निजको काम कारबाही असल नियतबाट भएको होला भनी मान्न सकिने अवस्था देखिएन । आफ्नो जिम्मामा रहेको वस्तु अरू के कुन कारणबाट घटी हुन गएको हो भन्ने सम्बन्धमा आफूलाई जानकारी हुन नसकेको भनी जिकिर लिई घटी हुनुपर्ने वस्तुनिष्ठ आधार प्रमाण निजले पेस गर्नसकेको नदेखिँदा निजले वदनियतपूर्वक

लापरवाही साथ औषधी हिनामिना गरेको पुष्टि हुन आउने।

प्रतिवादी देवीप्रसाद अधिकारीले आफू कार्यरत रहेको साझा स्वास्थ्य सेवा भरतपुर शाखाको आफ्नो जिम्माको मूल्य रू. ३४,५७,४७९।३३ को औषधी हानि नोक्सानी, हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुँदा सोही ऐनको दफा ३(१)(छ) बमोजिम निज पुनरावेदक देवीप्रसाद अधिकारीलाई ४(चार) वर्ष कैद र बिगोबमोजिम रू.३४,५७,४७९।३३ जरिवाना हुने ठहर गरी नोक्सानी भएको बिगो रू.३४,५७,४७९।३३ साझा स्वास्थ्य सेवा सहकारी लिमिटेड काठमाडौंले प्रतिवादीबाट भराई लिन पाउने र बिगोको ब्याज भरिपाउने व्यवस्था नहुँदा ब्याजतर्फको दाबी नपुग्ने भनी मिति २०७०।३।९ मा विशेष अदालत काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CI-०९९१, अंश चलन, सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ

अंशबन्डाको १८ नं. ले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको अवस्थामा त्यस्तो सम्पत्ति अंशियारको निजी ठहरी बन्डा गर्न कर लाग्दैन तर निजी रूपमा त्यस्तो सम्पत्ति आर्जन गरेको भन्ने पुष्टि गराउनुपर्ने दायित्व भने त्यस्तो अंशियारउपर रहने।

पुनरावेदक प्रतिवादीले आफ्नो स्वआर्जनबाट आर्जित सम्पत्ति भने पनि आफ्नो पति र आफूसमेत सगोलमै रहेको अवस्थामा खरिद भई आएको जग्गा र बनाइएको घर कसरी निजको मात्र एकलौटी हकको हुने भनी स्पष्ट आधार र कारण प्रतिवादीले दिन सकेको पाइएन। निजी आर्जन भनी जिकिर लिँदैमा सो पुष्टि हुने पनि होइन। निजी आर्जनको सम्पत्ति भन्नेले सो कुरा प्रमाणित गर्नुपर्ने र त्यसरी प्रमाणित गर्न नसकेको अवस्थामा त्यस्तो सम्पत्ति सगोलकै मान्नुपर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ६ ले अदालतले अनुमान गर्ने कुराहरूअन्तर्गत अन्यथा प्रमाणित नभएसम्म खण्ड (क) मा एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ भन्ने व्यवस्था भएकाले विवादित कि.नं. ३९८, ३९६ को जग्गा घर सगोलकै सम्पत्ति देखिई वादीसमेतको हक लाग्ने।

वादी र पुनरावेदक प्रतिवादी लोग्ने स्वास्नीको सम्बन्ध कायम रहेको अवस्थामा दुवैको परिश्रम र लगानीबाट मिति २०५६।१०।४ मा उक्त कि.नं. ३९८ र ३९६ जग्गा राजीनामाबाट प्रतिवादी सुशीला श्रेष्ठको नाममा आई उक्त जग्गामा घर निर्माण गर्नमा समेत दुवैको समान सहभागिता रहेको देखिएको अवस्थामा सगोलको सम्पत्तिबाट वादीले अंश हक प्राप्त गर्नसक्ने नै देखिन आयो। यस अवस्थामा विवादित कि.नं. ३९८ र ३९६ का घरजग्गाबाट तीन भागको एक भाग वादी रामबहादुर श्रेष्ठले अंश हक पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः यीनै वादी प्रतिवादी भएको २०६५।४।२० मा दिएको अंश सम्बन्ध विच्छेद मुद्दामा परेको फिरादपत्रको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी २०६५।४।२० मा अंश सम्बन्ध विच्छेद मुद्दा दिएपश्चात मात्रै मिति २०६६।२।११ गते राजीनामाबाट प्राप्त गरी प्रतिवादी सुशीला श्रेष्ठको नाममा दर्ता कायम रहेको कि.नं. ७०१ को जग्गा निज पुनरावेदक प्रतिवादीको निजी स्वआर्जन कायम गरी

बन्डा नलाग्ने हुँदा सुरू भक्तपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी कि.नं. ३९६ र कि.नं. ३९८ घरजग्गाको हकमा मात्र तीन भागको एक भाग वादी रामबहादुर श्रेष्ठले पाउने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०९९२, अंशसहित सम्बन्धविच्छेद, सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CI-०२४४, अंश दपोट, सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ

तायदाती फाँटवारी पेस गर्ने दायित्व दुवै पक्षको रहने हुँदा अंश मुद्दा भन्दैमा सम्पत्तिको विवरण पेस गर्ने दायित्व एक पक्षउपर मात्र रहन्छ भनी अर्को पक्षको दायित्वलाई नजर अन्दाज गर्न मिल्दैन। निवेदक वादीले तायदाती फाँटवारी पेस गर्दा लोग्ने प्रतिवादी रामबहादुर श्रेष्ठको नाउँको जग्गा पनि देखाउनु निज वादी श्रीमती सुशीला श्रेष्ठको समेत कर्तव्य रहेकोमा सो कर्तव्य निज वादीले समेत पूरा गरेको देखिएन। प्रतिवादीको जिम्माको सम्पत्तिबाट वादीले अंश पाउने भइरहेको अवस्थामा केवल तायदातीमा नदेखाएको मात्र कारण वादीले एकलौटी पाउने, अन्य अंशियारको हक लाग्दैन भन्नु न्यायसम्मत नहुने।

माइक्रो बस प्रतिवादी रामबहादुर श्रेष्ठको नाममा नभई गोर्खा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड धनी र रामेश्वर सिवाकोटी ऋणी भई दर्ता कायम रहेको देखिन्छ। अंश मुद्दामा अंशियारका नाउँमा रहेको सम्पत्तिमात्र बन्डा लाग्ने हुन्छ र अंश फाँटवारी दिँदा आफ्नो नाम जिम्मामा रहेको सम्पत्ति स्पष्टसँग खुलाएर दिनुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा प्रतिवादी रामबहादुर श्रेष्ठकै नाममा नरहेको बा १ ख ९६३८ नं को माइक्रो बस अंशियार भन्दा बाहिरका उनाउ व्यक्ति ऋणी र सहकारी संस्था धनी भई दर्ता रहेको उक्त माईक्रो बस दपोट ठहर्ने अवस्था नदेखिँदा तायदाती फाँटवारीमा उल्लेख नगरेकोले दपोट ठहऱ्याई वादीको हक कायम गरिपाउँ भन्ने वादी दाबीसँग सहमत हुन नसकिने।

प्रतिवादीले हाल आफ्नो नाममा दर्ता कायम भएको जग्गाबाट तीन भागको एक भाग वादीलाई अंश दिन मन्जुर नै रहेको देखिएको र मिनीबस प्रतिवादीको नियन्त्रण हक भोग भाग तथा नाममा समेत नरहेको अवस्थामा प्रतिवादीले अंश दपोट गरेको मान्न मिलेन। अतः माथि उल्लिखित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीको नाममा हाल कायम हुन आएको जग्गाबाट तीन भागको एक भाग जग्गा अंशबापत वादीले प्रतिवादीबाट छुट्याई लिने र बस आफ्नो नाउँमा नरहेकोमा बसको दपोट नठहर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत पाटनले मिति २०७१।३।३० मा सदर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७३-CR-०१५३, जालसाजी, सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठ
- ०७३-CI-०२४५, लिखत दर्ता बदरसमेत, शुसिला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठसमेत

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CR-१५२, किर्ते,

सुशीला श्रेष्ठ वि. रामबहादुर श्रेष्ठसमेत

वादीले दाबी गरेको कि.नं. ३९६ र कि.नं. ३९५ जग्गा बैंकमा धितो नराखेको भन्ने प्रतिवादीहरूमध्येको ऋणी रामबहादुर श्रेष्ठको प्रतिउत्तर जिकिर रहेको देखिन्छ भने अर्का प्रतिवादी ऋण दिने सिद्धार्थ बैंकले रामबहादुर श्रेष्ठलाई ऋण दिँदा कुनै अचल सम्पत्ति धितो नलिएको तथा रोक्का नराखिएको र निज ऋणी रामबहादुर श्रेष्ठले जुन सवारी साधन खरिद गर्न लागेको हो सोही सवारी साधन बैंकले धितोको रूपमा ग्रहण गरी ऋण प्रवाह गरेको हो भन्नेसमेत देखियो । वादीको दाबीलाई पुष्टि गर्ने ठोस प्रमाण वादी स्वयंले पेस गर्न सकिरहेको देखिँदैन। जसले जुन कुराको जिकिर लिन्छ सो जिकिर पुष्टि गर्ने दायित्व पनि जिकिर लिने पक्षकै हुने हुँदा प्रस्तुत मुद्दामा वादी दाबीको तथ्य नै प्रमाणबाट पुष्टि हुन सकिरहेको देखिएन । यसरी पुनरावेदक वादीले लिएको दाबीअनुसार प्रतिवादीहरूले मिलोमतो गरी वादी सुशीला श्रेष्ठको सहिछाप किर्ते गरी लिखत तयार गरी ऋण लिनु दिनु गरेको भन्ने दाबीलाई शंकारहित अकाट्य प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा सुरू भक्तपुर जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।३।३० मा सदर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन ११ गते रोज४ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CI-११२४, अंश नामसारी, विन्द्रावती देवी पटनवार वि. महेन्द्र दास पटनवार

ब्रह्मावतीको नाउँमा रहेका कि.नं. २५८, ५१५, १६५, ६२२ र ६२४ का जग्गा कित्ताहरू माइतीतर्फको जेठी आमा बसन्त पटनवारको सेवा सुसार गरेबापत उनलाई बसन्त पटनवारले मिति २०५१।१२।२० मा र.नं. ५२७५ बाट आफूलाई रिझाएबापत भनी बकसपत्र गरिदिएको देखिन्छ। यसरी ब्रह्मावतीको नाउँमा रहेका जग्गा कित्ताहरू पैतृक र एकासगोलको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति हो भनी यी प्रतिवादी विन्द्रावति देवी पटनवारले कुनै प्रमाण पेस गर्न नसकेको र निजी आर्जनको सम्पत्ति होइन भनी त्यसमा वादी प्रतिवादीहरू कसैको विवादसमेत रहेको नदेखिँदा ब्रह्मावतीको निजी आर्जनको सम्पत्ति रहे भएको नै देखिने।

मुलुकी ऐन, स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउने नै हुँदा प्रतिवादी ब्रह्मावतीले आफ्नै एकाघरकी सौता नाताकी आफूसरह समानस्तरकी अंशियार प्रतिवादी विन्द्रावती देवी पटनवारलाई अंश दिनुपर्ने देखिएन । प्रतिवादी ब्रह्मावतीले स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएको सम्पत्तिमा यी प्रतिवादी विन्द्रावती देवी पटनवारले अंश दाबी गर्न मिल्ने नै नदेखिने।

तसर्थ, ब्रह्मावतीले माइतीतर्फको हालैको बकसपत्रद्वारा पाएको सम्पत्तिसमेतलाई एकासगोलको सम्पत्ति ठहऱ्याई बन्डा गर्ने भनी सुरू अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहऱ्याई ब्रह्मावतीले माइतीतर्फको हालैको बकसपत्रद्वारा पाएको सम्पत्ति बन्डा नलाग्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ०४ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-०७८१, परमादेश,

खम्बबहादुर खत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

मन्त्रिपरिषद्को मिति २०६८।६।१३ को निर्णय बदर भइसकेको अवस्थामा सोही निर्णयको हवाला दिई निवेदकले आवेदन गरेको कम्पनी दर्ताको कार्य रोक्का गर्न मिल्ने देखिएन । विपक्षीको उक्त कार्यबाट निवेदकको संविधानप्रदत्त पेसा, रोजगार गर्न पाउने हकाधिकारमा आघात पर्न गएको देखिन आयो। निवेदकले वैदेशिक रोजगारको व्यावसाय सञ्चालनको लागि आवेदन गरेको कम्पनीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ११ को सर्त पूरा गरेको अवस्थामा कानूनबमोजिम इजाजतपत्र दिनु पर्नेमा तुरून्त दिनुपर्ने र दिन नमिल्ने भए आधार र कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्ने कानूनी कर्तव्य विपक्षीहरूको हुने।

अतः माथि विवेचित उल्लिखित आधार र कारणबाट निवेदकले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ताको लागि गरेको आवेदनउपर वैदेशिक रोजगार ऐन, २०४२ ले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम जाँचबुझ गरी वैदेशिक रोजगार ऐन, २०४२ ले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम जाँचबुझ गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालनको लागि कम्पनी दर्ता गर्ने र इजाजतपत्र दिने सम्बन्धमा कारबाही अघि बढाउनु भनी विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय र वैदेशिक रोजगार विभागसमेतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:

- ०७३-WO-०१८२, परमादेश, मचिन्द्रकुमार शेर्मा वि. वैदेशिक रोजगार विभाग, काठमाडौंसमेत
- ०७३-WO-०३१०,उत्प्रेषण / परमादेश, सुरेन्द्रकुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०३१४, उत्प्रेषण / परमादेश, मदन महतोसमेत वि. वैदेशिक रोजगार विभाग, काठमाडौंसमेत
- ०७३-WO-०६७२, उत्प्रेषण / परमादेश, निर्मल राय अमात वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०७८२, उत्प्रेषण / परमादेश, विनोद यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०७२८, उत्प्रेषण / परमादेश, रोशन खातुनसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०७६३, उत्प्रेषण / परमादेश, भोजराज तामाङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०६४०, परमादेश, देवीप्रसाद काफ्ले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०६७१, उत्प्रेषण / परमादेश, सुविर खड्का क्षेत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०६२९, उत्प्रेषण / परमादेश, प्रदिपकुमार ढकाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०५४३, परमादेश, राजेश श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०५५६, उत्प्रेषण / परमादेश, सन्तकुमार लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०५५७, उत्प्रेषण / परमादेश, लक्ष्मण महतो वि. प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- ०७३-WO-०६२७, उत्प्रेषण / परमादेश, उदय बराल वि. वैदेशिक रोजगार विभाग, काठमाडौं
- ०७३-WO-०४७६, परमादेश, दीपनारायण लिथेप वि. वैदेशिक रोजगार विभाग, काठमाडौं
- ०७३-WO-०४४७, उत्प्रेषण / परमादेश, नहकुल राई वि. वैदेशिक रोजगार विभाग, काठमाडौं
- ०७३-WO-०४७८, उत्प्रेषण / परमादेश, तारादेवी श्रेष्ठ वि. वैदेशिक रोजगार विभाग, काठमाडौंसमेत
- ०७३-WO-०५४०, उत्प्रेषण / परमादेश, सुजितकुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०५४१, उत्प्रेषण / परमादेश, ताराबहादुर राना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७३-WO-०५४२, उत्प्रेषण / परमादेश, प्रज्ञान न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०७५६, उत्प्रेषण, सुरेन्द्र भण्डारी वि. मालपोत कार्यालय, चितवनसमेत

एक पटक बैंकको हकमा रोक्का राखिएको र त्यसकै आधारमा ऋण प्रवाह भएको सम्पत्तिलाई फेरी अरू कुनै निकायका पत्र वा आदेशबाट पुन: रोक्का रहने हो भने ऋण असुलीको प्रक्रिया नै अवरूद्ध हुन गई बैंकिङ कारोबार नै खलबलिन जाने ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६(२) मा इजाजतपत्र संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा आफ्नो हितको सुरक्षा हुने गरी उचित जमानतमा कर्जा प्रदान गर्नुपर्ने तथा दफा ५७ मा बैंक वा वित्तीय संस्थाले प्रवाह गरेको ऋण साँवा ब्याज आदि तोकिएको समयमा चुक्ता नगरेमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गरी असुलउपर गर्नसक्ने कानूनी व्यवस्था रहेकोले बैंकले रोक्का गराई राखेको धितो रीतपूर्वक लिलाम बिक्री वा सकार गरी त्यस्तो ऋण असुलउपर गर्नसक्ने नै देखिने ।

निवेदक बैंकले विपक्षी शिवानी एअर प्रा.लि. को नाउँको जग्गा धितो लिई ऋण प्रवाह गर्नुपूर्व उक्त धितो लिएको जग्गा रोक्का राख्नका लागि मालपोत कार्यालय, चितवनमा लेखी पठाई सोहीबमोजिम मालपोत कार्यालय, चितवनले रोक्का राखेपछि ऋण प्रवाह गरेको देखिएकोले रोक्का राखिएको उक्त सम्पत्तिको प्रयोजन समाप्त नभई अर्का प्रयोजनका लागि पुनः रोक्का राख्दा पहिले रोक्का राखिएको प्रयोजन नै निरर्थक वा प्रयोजनहीन हुने गरी दोहोरो रोक्का राख्न कानूनसम्मत नदेखिने ।

पटकपटक अदालतले दोहोरो रोक्का सम्बन्धमा नजिर कायम गर्दै जाने र मालपोत कार्यालय जस्तो जिम्मेवार निकायले दोहोरो रोक्कालाई निरन्तरता दिई निवेदक बैंकजस्ता संस्थालाई कानूनबमोजिम ऋण असुलीमा बाधा सृजना गर्ने हो भने कानूनको मनसाय पूरा हुन नसक्ने ।

पूर्वरोक्काको जानकारीको अभावमा मुद्दा मामिलाको सिलसिलामा अदालतहरूले समेत विभिन्न अवस्था परिस्थितिमा कुनै सम्पत्ति रोक्का राख्न आदेश दिएमा सो सम्पत्तिअघि नै कानूनबमोजिम रोक्का छ भने अदालतको आदेश प्रभावहीन हुन पुग्ने हुँदा त्यसबारेमा मालपोत कार्यालय जस्तो जिम्मेवार निकायले सम्पत्ति यस्तो कारणले अघि नै रोक्का रहेको छ भन्ने कुराको जानकारी यथाशीघ्र अदालत वा सम्बन्धित निकायलाई दिनु वान्छनीय हुने ।

बैंकबाट धितोको सम्पत्ति लिलामी गरिएको

वा आफैँले सकार गरेको अवस्थामा सो प्रयोजनको लागि नामसारी कर्तव्य मालपोत कार्यालयको हुने हुँदा कुनै कारणवस बैंकले उपर्युक्त नामसारी दाखिल खारेज प्रयोजनका लागिबाहेक ऋण चुक्ता भएको आदि कारणबाट पूर्णरूपमा आफ्नो हकमा भएको रोक्का फुकुवा गर्न लेखी पठाएमा मात्र पछिल्ला कानूनबमोजिमका रोक्का आदेश कार्यान्वयन हुनसक्ने ।

अतः निवेदक बैंकबाट शिवानी एअर प्रा. लि. ले लिएको कर्जा भाखाभित्र नतिरेकोले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुन नसकि र बैंक आफैँले कानूनअनुसार नै धितो सकार गरी आफ्नो नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, चितवनमा पठाएकोमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ललितपुर जिल्ला अदालत र काठमाडौ जिल्ला अदालतबाट समेत रोक्का रहेको रहेको भनी बैंकको नाउँमा दाखिल खारेज गर्न इन्कार गरेको मालपोत कार्यालय, चितवनको काम कारबाही कानूनअनुकूल नदेखिएको समेतका आधार कारणहरूबाट दोहोरो रोक्का राख्न पठाउने विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ललितपुर जिल्ला अदालत र काठमाडौ जिल्ला अदालतका पत्रहरू र सोसँग सम्बन्धित आदेश, निर्णय, काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । निवेदक बैंकको पत्रानुसार रोक्का रहेको जग्गा निवेदकले दाखिल खारेज गर्न लेखी पठाएबमोजिम बैंकका नाउँमा दाखिल खारेज गरी दिनु भनी विपक्षी मालपोत कार्यालय, चितवनसमेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः उत्तरमान राई
इति संवत् २०७३ साल कात्तिक २६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०४२३, अंश चलन, नरकुमारी महतसमेत वि. रश्मी महतसमेत

अंशबन्डाको १८ नं. बमोजिम निजी आर्जन ठहर गर्नको लागि आर्जन गरको सम्पत्तिको वस्तुनिष्ठ र विश्वसनीय आम्दानीको स्रोत देखाई पुष्टि गर्नुपर्ने हुन्छ तर प्रतिवादीहरूले सोको पुष्टि गराउन सकेको देखिँदैन । प्रतिवादीहरूले तायदाती फाँटवारी पेस भएपछि जग्गा खरिद गरिएकोले वादीहरूलाई अंश दिन नपर्ने भनी निजी आर्जनबाट खरिद गरेको भन्ने मौखिक दाबी मात्र प्रस्तुत गरेको देखिन आयो । यसरी आम्दानीको स्रोत खुलाई निजी आर्जनबाट जोडिएको सम्पत्ति हो भन्ने पुष्टि नभएको अवस्थामा खरिद गरिएको उक्त सम्पत्तिको स्रोत पैतृक सम्पत्ति नै हो भनी मान्नु पर्ने ।

अंश चलन मुद्दा चल्दाचल्दैको अवस्थामा के कसरी प्रतिवादीहरूसँग बन्डा लाग्ने रू. ८,००,०००।- मूल्यको सम्पत्तिभन्दा करिब डेढी मूल्य रू.११,६८,०००।- बराबरको सम्पत्ति प्राप्त हुन आई कि.नं. ५८६ को जग्गा खरिद गर्न सक्षम भए ? रू.११,६८,००० मूल्य पर्ने जग्गा खरिद गर्न सो रकम कुन स्रोतबाट, कहिले र कसरी प्रतिवादीमध्येकी नरकुमारीलाई प्राप्त हुन आएको हो भन्ने विषयको बारेमा प्रतिवादीहरूबाट कुनै विश्वसनीय आधार र प्रमाण देखाउन नसकेको अवस्था हुँदा वादीको फिराद परेपछि खरिद गरेको भन्ने आधारमा मात्र वादीहरूलाई उक्त जग्गाबाट अंश नपाउने भनी अंश हकबाट नै वञ्चित हुने गरी फैसला गर्दा वादीहरू प्रत्यक्षरूपमा नै मर्कामा पर्न जाने देखिन आउने ।

नरकुमारीले खरिद गरेको सम्पत्तिमा निजका छोरा बुहारीको अंश हक लाग्न नसक्ने भन्ने कुनै कानूनी आधार देखिँदैन । अंश हक जस्तो नैसर्गिक

अधिकारमा बेसहारा लक्ष्मी महत र निजका नाबालक छोरीहरूले अंश पाउँदैन भन्नु तर्कहिन आधार हुन्छ । यसरी प्रतिवादीहरूले बन्डा लाग्ने भनी तायदातीमा पेस गरेको सम्पत्तिको मूल्यभन्दा करीब डेढी बढी मूल्यको सम्पत्ति फिराद परेपछि खरिद गरेको देखिँदा उक्त सम्पत्तिलाई समेत एकासगोलको पैतृक सम्पत्ति मानी कि.नं.५८६ को जग्गासमेतबाट वादीले अंश पाउने नै देखिने ।

तसर्थ, वादीहरूले कि.नं.५८६ को जग्गासमेतबाट अंश पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल कात्तिक २६ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-०४४२, उत्प्रेषण, नविन कुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबारसमेत

निवेदकलाई नेपाल सरकारको मिति २०६९।८।१४ निर्णयानुसार ४ वर्षको लागि घरेलु तथा साना उद्योग विकास समितिको कार्यकारी निर्देशकको पदमा नियुक्ति गरेकोले नियुक्ति भएको मितिदेखि निजको ४ वर्षको कार्यकाल मिति २०७३।८।१३ सम्म मात्र रहन सक्ने देखियो । सो अगावै मिति २०७३।४।३१ को नेपाल सरकार (प्रधानमन्त्री स्तर) को निर्णयअनुसार निजको उद्योग मन्त्रालयबाट घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वरमा काज फिर्ता भई सोही मितिमा निजलाई काज फिर्ताको पत्र दिइसकेको पनि देखिन आयो । यसरी हाल निज रिट निवेदकले यस रिट निवेदनमा उपचार खोजेअनुसारको उद्योग मन्त्रालयबाट घरेलु तथा साना उद्योग विकास समितिमा निजको काज फिर्ता मिति २०७३।४।३१ मा नै भइसकेको देखिनुका साथै हाल निजको ४ वर्षे अर्थात् २०७३।८।१३ सम्मको कार्यकालको अवधि पनि व्यतित भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिनुको कुनै औचित्यता रहे भएको देखिन नआउने ।

अतः माथि विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदनमा निवेदकले माग गरेको उपचारको नै औचित्यता समाप्त भइसकेको देखिएकोले रिट निवेदनको तथ्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यदुराज शर्मा
कम्प्युटरः सिजन रेग्मी
इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-११५०, मोही नामसारी, टैट राय यादव वि. भरोसी राय यादव

वादी यीनै टैट राय यादव प्रतिवादी नेमालाल राय यादव र गंगाराम राय यादव भएको अंश मुद्दामा वादी प्रतिवादीहरूले अंश लिनु दिनु गरी रौतहट जिल्ला अदालतबाट मिति २०५४।८।११ मा मिलापत्र भएको देखिएकोले वादी एकासगोलमा रहे भएको नहुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाले पुनरावेदकलाई मद्दत गर्नसक्ने नदेखिने ।

अर्कोतर्फ वादी यीनै टैट राय यादव र प्रतिवादी यीनै भरोसी राय यादवसमेत भएको २०५८ सालको मि.नं. १०११ को मोही नामसारी गरी मोही प्रमाणपत्र पाउँ भन्ने मुद्दामा कि.नं. १५४ को जग्गा टैट रायका नाममा नामसारी हुन नसक्ने गरी मिति

२०५८/१०/८ मा निर्णय भइसकेको देखियो । सो मुद्दामा वादीको पुनरावेदनसमेत नपरी उक्त फैसला अन्तिम भई बसेको रहेछ । मुलुकी ऐन अ.बं. ८५ नं. ले "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन । लिएको भए पनि खारेज गरिदिनुपर्छ ।" भन्ने कानूनी व्यवस्था देखिन्छ । प्रस्तुत विवाद उही विषयमा उनै विपक्षकाउपर विवाद उठी मुद्दा परी अधिकारप्राप्त निकायबाट फैसलासमेत भई अन्तिम भइरहेको देखिँदा उल्लिखित कानूनी व्यवस्थाको आधारमा खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा कुनै कानूनी त्रुटि नदेखिएकोले यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएका आधारसँग यो इजलास सहमत हुन सकेन । तसर्थ वादी दाबी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।४।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २३ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७१-CI-११५१, मरूवा मोही, टैट राय यादव वि. भरोसी राय यादव भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-०२४५, उत्प्रेषण / परमादेश, तनुकलाल यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबारसमेत

निवेदकउपर गैरकानूनी ढंगले सम्पत्ति आर्जन गरेको विषयमा अभियोग लगाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा मुद्दा दायर गरेको कारणबाट निवेदक निलम्बनमा परेको देखिन्छ । निजलाई लगाएको अभियोग स्थापित हुन नसकी निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले गलत अभियोजनका कारण निज निलम्बनमा परेको भनी मान्नु पर्ने देखिन्छ । अदालतबाट सफाइ दिने गरी फैसला भएपछि पनि मुद्दा चल्दाको अवस्थामा अनिवार्य अवकाश पाएकोसम्मकै कारणबाट कानूनले प्रदान गरेको सुविधाबाट वञ्चित गर्नु न्यायोचित र तार्किक हुने देखिँदैन । समन्यायिक वा सद्विवेकपूर्ण दृष्टिले विचार गर्दासमेत गलत अभियोजनका कारणबाट सृजित दुष्परिणाम सच्याउनु नै उचित देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २०क(१) मा प्रयोग भएको "पन्ध्र वर्षसम्म वहाल रहिरहेको" भन्ने वाक्यांशको अर्थ पन्ध्र वर्षसम्म सेवा अवधि अटुटरूपमा कायम रहेको भन्ने हो । भ्रष्टाचार मुद्दा चल्दाको क्रममा कर्मचारीको सेवा समाप्त हुने नभएर कर्मचारी केवल "निलम्बन" सम्म हुन जाने देखिन्छ । त्यसप्रकार चलेको मुद्दामा सफाइ पाएपछि निलम्बनसमेत फुकुवा भई पूर्ववत् आफ्नो पदीय हैसियतमा फर्किने र सेवाको निरन्तरता कायम रहने भएकाले दफा २०क(१) बमोजिमको सुविधाबाट वञ्चित गर्नु मनासिब नदेखिने ।

तसर्थ निवेदक तनुकलाल यादवका हकमा निजामती सेवा ऐन, २०४९ को दफा २०क को बढुवासम्बन्धी व्यवस्था आकर्षित हुनसक्ने नदेखिएको भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७२।२।२४ मा भएको निर्णय कानूनप्रतिकूल र त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदक तनकुलाल यादवलाई निजामती सेवा ऐन, २०४९ को दफा २०क बमोजिम एकतह माथिको विशिष्ठ श्रेणीको पदमा बढुवा भएको मानी तदनुसार पाउने कानूनबमोजिमको सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-००५८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. भेषराज पोखरेल

जाहेरवालामध्ये मनोज रेग्मी मात्र अदालतमा बकपत्रका लागि उपस्थित भएका र नीजले समेत ४०,०००।– रूपैयाँ फिर्ता पाइसकेको भनी उल्लेख गरेको, अन्य जाहेरवालाहरू अदालतसमक्ष उपस्थित भई जाहेरी दर्खास्तलाई समर्थित गर्नसकेको देखिएन । दाबीको लिखतमा रू.५०,०००।– का दरले रकम लिएको भनी उल्लेख भएको देखिन्छ । प्रतिवादीले जाहेरवालालाई गरिदिएको लिखत लेनदेन कारोबारको सिलसिलामा भएको भनी उल्लेख गरेको देखिँदा प्रतिवादीउपरको आरोपित कसुर पुष्टि हुनसकेको देखिएन। यस्तो अवस्थामा वादी नेपाल सरकारको अभियोग माग दाबी नपुग्ने र प्रतिवादी भेषराज पोखरेलले आरोपित कसुरबाट सफाइ पाउने ठहराई वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७२।८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-११६६, मुचुल्का घर कर सिफारिस लिखत बदर, रामदुलार राय यादवसमेत वि. राम दुलार चौधरी

अंशबन्डा मुचुल्कामा उल्लेख गरेको चार किला सडक सौ पश्चिम रामनारायण सौ उत्तर श्रीराम यादव सौ दक्षिण बम्बर यादव सौ पूर्व हाल वादीले दाबी लिएको घरजग्गाको चार किलासँग मिल्न आउँदैन । नालेसमा गोरेटो बाटो सडक सौ उत्तर हरि चौधरी सौ दक्षिण मूल सडकदेखि पश्चिम र गोरेटो बाटोदेखि पूर्वको भनी चारकिल्ला उल्लेख गरेका छन् । अंशबन्डाको मुचुल्का र लिखत बदर मुद्दाको मिलापत्रमा उल्लेख भएको चार किल्लासँग फिरादपत्रमा उल्लेख भएको चार किल्लासँग भिड्न नआएपछि विवादमा आएको घरजग्गा सोही बन्डा मुचुल्का र मिलापत्रको घरजग्गा हो भन्ने देखिन नआउने।

न.नं.९ को संकेत गरिएको घरको एरिया सो घरबाहेक के कति हो सोतर्फ वादीले नक्सामा केही खुलाउनसकेको देखिँदैन । नक्साको स्थलगत प्रकृतिबाट पनि सो निर्माणाधीन घर वादीको भोग चलनमा रहेको भन्ने देखिँदैन । यी वादीले प्रस्तुत घरजग्गाकै विषयमा प्रतिवादीले साबिक गा.वि. स.बाट लिएको सिफारिस घर करसमेत जालसाज गरी लिएको भन्ने र घरको काठ पात लुटपिट गरेको भनी यीनै प्रतिवादीहरू समेतका उपर दायर गरेको जालसाजी र लुटपिट मुद्दामा लिएको दाबी पुग्न नसक्ने ठहरी ती मुद्दाहरूमा भएको फैसला अन्तिम रहेको प्रमाणको जालसाजी र लुटपिट मुद्दाको मिसिलबाट देखिएको समेतबाट विवादमा देखाएको न.नं.७, ८ र ९ को घरजग्गा प्रत्यर्थी वादीको ठहर गर्ने गरेको सुरू महोत्तरी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको नदेखिएकोले उल्टी भई वादी दाबी नपुग्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार २७ गते रोज शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०४७४, बन्दीप्रत्यक्षीकरण, गोलिया देवीसमेत वि. रेखाकुमारी सिंह

मुलुकी ऐन लोग्ने स्वास्नीको ३ नं. ले सम्बन्ध

विच्छेद भएको २७२ दिनभित्र जन्मेको सन्तान र पाँच वर्ष नपुगेका वा पाँच वर्षदेखि माथिका नाबालक पाल्ने विषयमा कानूनी व्यवस्था गरेको देखिन्छ। जसअनुसार सोही नं. को देहाय दफा १ मा नाबालकलाई आमाले आफैँ पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्ने, देहाए दफा ३ मा आमा बाबु दुवैको मन्जुरी भएमा आमाबाबुमध्ये कुनैले वा आलो पालो गरी पाल्न पाउने गरी कानूनी व्यवस्था गरेको देखियो। प्रस्तुत विवादमा नाबालकहरू छोराहरूलाई निवेदक आमाले पाल्न चाहेको भन्ने देखियो। आमाले पाल्न चाहेको अवस्थामा निजले पाल्न पाउने उल्लिखित कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालतले नाबालक छोराहरूलाई आमा जिम्मा लगाइ दिने गरी भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नपाइने।

मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको देहाए दफा ४ मा आमा बाबुमध्ये जोसुकैले पाले पनि नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मनासिब आशङ्का नभएमा पाल्ने आमाबाबुले नपाल्ने आमा वा बाबुलाई बीचबीचमा नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्छ। त्यस्तो मौका अर्को विवाह गर्ने आमाले पनि पाउँछ भन्ने कानूनी व्यवस्था रहेको पाइयो। उल्लिखित कानूनी व्यवस्थाले अर्को विवाह गरेकी आमाले नाबालक छोराछोरीलाई पालताल गर्न नपाउने गरी रोक लगाएको पाइएन। आमाले पाल्दा नाबालकहरूको अहित हुने वा अहित हुनसक्ने मनासिब आशंका रहे भएको वस्तुगत आधार पनि पुनरावेदकले प्रस्तुत गर्नसकेको देखिएन। तसर्थ विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।४।२१ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०५८५, लागु औषध हेरोइन, विशाल गुरूङ वि. नेपाल सरकार

बरामद भएको लागु औषधको तौल जम्मा ३.९० ग्राम रहेकोलाई ठूलो परिमाणको लागु औषध हो भनी भन्न मिल्ने देखिँदैन। उक्त लागु औषध निज प्रतिवादी विशाल गुरूङको घरकोठाबाट बरामद भएको देखिन्छ। सो तथ्य प्रतिवेदक प्रहरी सहायक निरीक्षक मिनबहादुर खत्रीले अदालतसमक्ष गरेको बकपत्रबाट समेत पुष्टि भएको छ। उक्त लागु औषध बिक्री गर्दै गरेको अवस्था वा बिक्री गर्ने प्रयोजनको लागी बाटोघाटो वा कुनै खरिदकर्तासँग समन्वय सम्पर्क गरेको भन्ने पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन। अर्कोतर्फ बिक्री व्यवहार गर्ने गरेको भन्ने यमप्रसाद पाण्डेसमेतको कागजलाई निजले अदालतमा आई पुष्टि गर्नसकेको पनि नदेखिने।

अनुसन्धान अधिकारीसमक्ष भएको कागजमा नै आफूले लागु औषध सेवन गर्ने गरेको र सेवन प्रयोजनकै लागि बरामद भएको लागु औषध खरिद गरी ल्याएको भनी लागु औषधको बेचबिखन कारोबारमा पूर्णतः इन्कार रहेको देखिन्छ। यी प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा आफू सेवनकर्ता मात्र भएको र बिक्री वितरण गर्न ल्याएको होइन भनी गरेको बयानलाई उक्त लागु औषधको परिमाण, बरामद भएको स्थानसमेतका प्रमाणहरूबाट उक्त लागु औषध यी प्रतिवादीले सेवनको लागि खरिद गरी ल्याएको पुष्टि हुन आउने।

निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत बुटवलको

फैसला सो हदसम्म नमिली केही उल्टी हुने ठहर्छ। निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) (ङ) बमोजिम लागु औषध सेवनतर्फ १ वर्ष कैद सजाय हुने।
इजलास अधिकृतः जगतबहादुर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०५८६, ज्यान मार्ने उद्योग, मेखबहादुर रोका मगर वि. नेपाल सरकार

प्रतिवादीको अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयानमा हात हालाहाल भई धकेलाधकेलसम्म भएको भन्ने उल्लेख गरेपनि पीडितको घाउ जाँच रिपोर्ट, अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूको अदालतसमक्षको बकपत्रसमेतका प्रमाणहरूबाट पीडितलाई यी प्रतिवादी मेखबहादुर रोकामगरले टाउकोमा दाउराले प्रहार गरेको चोट पीडाको कारण पीडित गणेश महरा बेहोस भई भुइँमा लडेको र तत्काल तालिमा विष्टसमेतका व्यक्तिहरूको उपस्थितिले निज पीडितको ज्यान बच्न गएको हुँदा यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १५ नं. विपरीतको कसुर गरेको पुष्टि हुन आउने।

पीडित चढेको गाडी दुर्घटना भएको हो भन्ने यकिन हुन नसकेको। गाडीधनीले भाडा बुझेको भर्पाई यी पीडितका तर्फबाट गरिदिएको भन्ने देखिएको छैन। भर्पाईमा भाडा कसले बुझाएको हो भनी बुझाउने व्यक्ति उल्लेख नभएको समेतका आधार प्रमाणबाट पुनरावेदकले उल्लेख गरेकै भरमा यी पीडित गाडी दुर्घटनामा परी घाइते भएको भनी अनुमान गर्न मिल्ने देखिँदैन। पुनरावेदककै भनाईलाई मान्ने हो भने पनि सामान्य घाइते भएका पीडित प्रस्तुत घटना पश्चात् गाडी भाडामा लिई वारदातकै दिन उपचारको लागि हिँड्नु पर्ने अवस्था रहेको देखिँदैन। उता प्रमाणमा दिएको उक्त गाडी दुर्घटनामा कसैलाई चोटपटक नलागेको भन्ने उल्लेख भइरहेकोले पीडित गाडी दुर्घटनामा परी घाइते भई उपचार गरेको भन्ने पुनरावेदकको जिकिर विश्वासयोग्य देखिन नआउने।

प्रतिवादी मेखबहादुर रोकामगरलाई सो कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय हुने ठहर्‍याएको सुरू रोल्पा जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७३।२।२ मा भएको फैसला सो कसुर कायम गरेको हदसम्म मिलेकै देखिँदा सदर हुने।

प्रस्तुत वारदात पूर्वनियोजित नभई होटलमा भेट भएपश्चात् मादक पदार्थ सेवन गरेको अवस्थामा भएको देखिएको र प्रतिवादी २६ वर्षको देखिँदा निज प्रतिवादी मेखबहादुर रोकामगरको र घाइते गणेश महरासँग पूर्वरिसइवीको अवस्थाको विद्यमानता नरहेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम न्यूनतम् कैदको सजाय गर्नु न्यायोचित देखिएकोले निजलाई ५(पाँच) वर्ष कैद हुने ठहर्छ। सजायको हकमासम्म पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला केही उल्टी हुने।
इजलास अधिकृतः जगतबहादुर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१६५०, अंश, थिरनाथ अधिकारीसमेत वि. लक्ष्मी अधिकारी

पुनरावेदक प्रतिवादीले मुख्यरूपमा कि.नं. २३५० को जग्गा निजी आर्जनको हो भन्ने जिकिर लिएको देखियो। उक्त जग्गा नवलपरासी जिल्ला, गैंडाकोट गाउँ विकास समिति -२ क को कि.नं. २३५० को प्रतिवादी गायेन्द्रप्रसाद अधिकारीका नाउँमा दर्ता कायम रहेको देखिन्छ। सो जग्गा निजले राजीनामाको

माध्यमबाट खरिद गरेको तथ्यमा विवाद देखिँदैन । सगोलमा रहँदाको अवस्थामा कुनै अंशियारले प्राप्त गरेको सम्पत्ति अन्यथा प्रमाणित नभएको अवस्थामा सगोलको सम्पत्तिको रूपमा मान्नुपर्ने अवस्था रहन्छ। निजले विदेशमा गई सम्पत्ति आर्जन गरी सोही सम्पत्तिबाट खरिद गरेको भनेपनि सोको वस्तुनिष्ट प्रमाण पेस गरी अदालतलाई विश्वस्त गराउन सकेको देखिएन । यस अवस्थामा कि.नं. २३५० को जग्गासमेत बन्डा लाग्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित आधार र प्रमाणबाट पुनरावेदन अदालत बुटवलको मिति २०७१।३।२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ ३० गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ००७१-CI-१६५१, लिखत बदर, थिरनाथ अधिकारीसमेत वि. लक्ष्मी अधिकारी
- ०७१-CI-१६५६, लिखत बदर, सानुमाया अधिकारी वि. लक्ष्मी अधिकारी

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-WO-०७३७, उत्प्रेषण, जितन साह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

शिक्षक सेवा आयोगको विज्ञापनअनुसार दरखास्त दिई परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको अस्थायी अध्यापन अनुमतिपत्रलाई जाँचबुझ नै नगरी उनाउ व्यक्तिको निवेदनको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छानबिन नै नगरी गरेको निर्णयलाई कानूनसङ्गत मान्न मिल्ने नदेखिने।

मिति २०६९।७।२७ मा प्राप्त गरेको अस्थायी अध्यापन अनुमतिपत्रलाई जिल्ला शिक्षा कार्यालय सुनसरीको च.नं. २३४८ मिति २०७४।१।२७ को पत्रसाथ प्रेषित बैठकको निर्णयसमेतका कागजातहरूबाट उक्त अनुमतिपत्र सक्कली नै रहेको देखिन्छ । उक्त प्रमाणपत्रको मिति २०६३।१०।२४ सम्म कायम रहने छ भनी प्रमाणपत्रको शीरमा लेखी जिल्ला शिक्षा अधिकारीले प्रमाणित गरी दिएको कार्यलाई गैरकानूनी प्रमाणपत्र वा नक्कली प्रमाणपत्र भनी निवेदकलाई बुझ्दै नबुझी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६०।२।१४ मा अध्यापन अनुमतिपत्रको म्याद समाप्त भएको भनी मिति २०६९।६।१५ मा भएको निर्णय र सो निर्णयका आधारमा निजलाई सेवाबाट हटाएको भनी जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट मिति २०६९।८।२५ मा दिइएको अवकाश पत्र त्रुटिपूर्ण देखिने।

तसर्थ उल्लिखित मिति २०६९।६।१५ अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयअनुसार सेवाबाट हटाइएको भनी जिल्ला शिक्षा कार्यालय सुनसरीको मिति २०६९।८।२५ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब यी निवेदकलाई पूर्ववत् राहत दरबन्दी शिक्षक पदमा पुनर्वहाली गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १३ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६६-WO-०६९७, उत्प्रेषण / परमादेश, सेख महबुहसन मुस्लिमसमेत वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत

कि.नं. ११७९ को जग्गा यी विपक्षीहरूका दाता मिश्री कुस्लेनी र कर्णमाया कुस्लेनीको संयुक्तरूपमा दर्ता भएकोमा पूर्वतर्फबाट ०-०-१-०

जग्गा कर्णमाया कुस्लेनीको र पश्चिमतर्फको ०-०-२-० जग्गा मिश्री कुस्लेनीको भागमा बन्डा गरी मिति २०३३।२।२३ मा तत्कालीन भूमि प्रशासन कार्यालय, काठमाडौंबाट बन्डाफारीको लिखत रजिष्ट्रेशन गरेको देखिन्छ । उक्त ०-०-२-० जग्गामध्ये केही जग्गा बाटोमा समेत परी घटी भई बाँकी जग्गा सर्भे नापीको बखत कि.नं.११७९ मिश्री कुस्लेनीको नाममा हक कायम भएको जग्गा मिति २०६२।२।१३ मा शेषपछिको बकसपत्र लिखतबाट उल्लिखित कित्ता नं. का जग्गाहरू मिठाइदेवी विश्वकर्मा, मेवा कपाली, जोत्सना कपाली, संजिवनी कपालीको हक स्थापित भएको देखिन्छ । उल्लिखित मिति २०३३।२।२३ को बन्डाफारी र मिति २०६२।२।१३ को शेषपछिको बकसपत्रसमेतबाट विपक्षी जोत्सना कपालीसमेतको हक स्थापित भइरहेकोमा ती लिखतहरू अन्यथा नभएसम्म विवादित घरजग्गा सोही प्रकृतिको अर्को कित्ता नं. को घरजग्गामा व्यक्ति विशेषले हक स्थापित गर्न नसकेको भन्नेसम्मको आधारमा विवादित घरजग्गासमेत सार्वजनिक नै कायम हुन पर्ने भन्ने निवेदन जिकिर तर्कसङ्गत देखिन आउने ।

विपक्षीका दाताहरूको नाममा दर्ता भइरहेको जग्गा अन्यथा नभएसम्म रिट क्षेत्राधिकारअन्तर्गत प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी यसको वा त्यसको नाममा दर्ता हुने भनी बोल्नु रिटसम्बन्धी अवधारणाको प्रतिकूल हुन जान्छ । यस्तो अवस्थामा मालपोत कार्यालय काठमाडौंबाट यी विपक्षी संजिवनी कपालीसमेत जना ७ को नाममा संयुक्त दाखिल खारेज दर्ता गर्ने भनी भएको मिति २०६६।६।२८ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले सो निर्णय बदर गरिरहनु परेन । अतः विवादित कि.नं. ११७९ को जग्गा विपक्षीहरूका दाता मिश्री कुस्लेनीको नाममा दर्ता भइरहेको देखिएकोले निवेदकहरूको निर्विवाद हक रहेको र उक्त जग्गा नेपाल सरकारको नाममा समेत दर्ता हुन नसक्ने देखिएकोले मागबमोजिम रिट जारी नभई खारेज हुने ।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७१-CI-१३९८, निषेधाज्ञा, सेखमहबुहसन मुस्लिमसमेत वि. मिठाई देवी वि.क. समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-१०२२, उत्प्रेषण, सरोजानन्द झा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयले रौतहट जिल्लामा गरेको सरूवाअनुसार जिल्ला शिक्षा कार्यालय रौतहटले रिक्त दरबन्दीमा श्री संस्कृति उच्च माध्यमिक विद्यालय मत्सरीमा सरूवा गरेको देखिन्छ । यी निवेदक सरोजानन्द झा पनि सोही विद्यालयमा नै कार्यरत रहेकोमा विपक्षीमध्येका प्रभाषकुमार ठाकुरको सरूवाले निजको दरबन्दीमा कुनै असर गरेकोसमेत नदेखिने ।

निवेदक सरोजानन्द झाको शैक्षिक योग्यता पनि नपुगेको र विपक्षी प्रभाषकुमार ठाकुर स्नातकोत्तर उत्तीर्ण भई उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन योग्य रहेको पनि देखिन्छ । उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक हुनको निमित्त स्नातकोत्तर उपाधी हासिल गरेको हुनुपर्ने अनिवार्य व्यवस्थासमेत गरेको देखिन्छ । यस स्थितिमा निवेदक सरोजानन्द झालाई निमित्त प्रधानाध्यापक नियुक्ति नगरी यी विपक्षी प्रभाषकुमार ठाकुरलाई निमित्त प्रधानाध्यापक नियुक्ति गर्ने गरेको निर्णयलाई अन्यथा भन्नु पर्ने देखिन नआउने ।

तसर्थ मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयले गरेको सरूवाअनुरूप जिल्ला शिक्षा

कार्यालय रौतहटले अन्तर जिल्ला गरेको सरूवालाई अन्यथा भन्नु पर्ने देखिएन । त्यस्तै विद्यालय व्यवस्थापन समितिले प्रभाषकुमार ठाकुरलाई उक्त संस्कृत उच्च माध्यामिक विद्यालयको निमित्त प्रधानाध्यापक नियुक्ति गरेको निर्णयसमेत अन्यथा नदेखिँदा निवेदक मागबमोजिम रिट जारी गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१०८२, अंश दर्ता, छटु सहनी मलाह वि. शंकर सहनी मलाह

वादी आफैँले तायदाती दिँदा पेस गरेको निजै वादी शंकर सहनीका छोरा अकलु सहनीले रिझबापत भनी कि.नं. १०२२ को जग्गा सुगन्तीदेवी तेलीबाट बकसपत्र पाएको देखिएको स्थितिमा यस्तो बकसपत्र पाएको सम्पत्ति निजी तवरले बकस पाएको देखिँदा उक्त कि नं. १०२२ को जग्गा अंशबन्डाको १८ नं. बमोजिम बन्डा गर्न कर लाग्ने देखिन आएन । प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक सगोलमा रहेको सम्पत्ति सबै अंशियारको हक लाग्ने कानूनी व्यवस्था रहेको हुँदा कि.नं.१०२२ को जग्गा अंशियारले बकसपत्रको देखिएकोले सबै अंशियारलाई बन्डा लाग्नु पर्ने भन्ने पुनरावेदन जिकिर प्रस्तुत जग्गाको सन्दर्भमा मेल खान आएको नदेखिँदा उक्त जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदन अदालत हेटौंडाबाट सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी कि.नं.१०२२ को जग्गा प्रतिवादी अकलु सहनीले बकस पाएको देखिँदा सो जग्गा अंशियारबीच बन्डा नलाग्ने ठहराएको मिति २०७१।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २२ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७१-CI-१०८६, अंश दर्ता, छटु सहनी मलाह वि. अकलु सहनी मलाह भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१४३५, अंश भरपाई लिखत बदर, ओमनारायणा थारू वि. जानकीदेवी थरूनी

वादी र प्रतिवादीबीच सासु बुहारी र देवर भाउजू वा जेठाजु बुहारी नाताको देखिन्छ । यसप्रकार यीनै वादीले यीनै प्रतिवादीउपर अंश मुद्दा दिई विचाराधीन रहेको अवस्थामा अंश मुद्दा चल्दाचल्दैको अवस्थामा यी वादीको पनि २ भागको १ भाग अंश हक लाग्ने जग्गा प्रतिवादी ओमनारायण थारू र निजका बाबु घुराइ थारूले लिनुदिनु गरेको देखिँदा बादीको हक जति २ भागको १ भाग लिखत बदर हुने नै देखिँदा समुच्चा लिखत सदर हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, सुरू अदालतको फैसला केही उल्टी गरी प्रतिवादी ओमनारायण थारू र निजको बाबु घुराइ थारूले लिनु दिनु गरेको र.नं. ४१५२ मिति २०५०।१२।७ को अंश भरपाई लिखत दाबीको हकजति अर्थात २ भागको १ भाग बदर हुने ठहराएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।१०।८

को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-१२४०, लिखत बदर, मैया श्रेष्ठ वि. रिताकुमारी श्रेष्ठ (थापा)

प्रतिवादीले आफ्नो नाममा रहेको ०-६-६१-० जग्गा समुच्चा बिक्री भएको देखिए पनि सगोलको अन्य अंशियारहरूको मन्जुरी लिएको देखिँदैन । प्रतिवादी मैया श्रेष्ठले प्रतिवादी विकास श्रेष्ठले वादीसमेत सगोलमा रहेको अवस्थामा घर व्यवहार सञ्चालन गर्न विवादित जग्गा धितो सुरक्षण राखी बैंकबाट कर्जा लिएकोमा सो कर्जा नतिरेबापत लिलाम हुन थालेकोमा आफूले बैंकको कर्जा तिरी सो प्रयोजनमा रोक्का रहेको जग्गा फुकुवा गरी आफूले राजीनामा गरी लिएको भनी जिकिर लिए पनि मिसिल संलग्न प्रमाणहरू र तथ्यको रोहबाट उक्त कुरा पुष्टि भएको नदेखिने।

बिक्री भएको जग्गामा वादीहरूको अंश हक अन्तर्निहित रहेको, कर्जा तिरेबापत छोराको नामको जग्गा आफूले खरिद गरेको भन्ने प्रतिवादीको जिकिर पुष्टि नभएको, लगाउको अंश मुद्दाबाट वादीहरूको अंश हकको सम्पत्ति प्रतिवादी विकास श्रेष्ठको नाममा रहे भएको नदेखिएको र बिक्री भएको लिखतमा वादीहरूको मन्जुरी रहेको भन्ने नदेखिएको अवस्थामा अंशबन्डाको १ र १९ नं. समेत र लेनदेन व्यवहारको १० नं. समेतको कानूनी व्यवस्थाको आधारमा बिक्री भएको सम्पत्तिबाट वादीले आफ्नो हक पाउने अवस्था रहे भएको देखिएबाट यस अदालतको संयुक्त इजलासबाट निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार र कारणबाट वादी दाबीबमोजिमको लिखत बदर हुने ठहर भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।०६।११ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ। प्रतिवादी मैया श्रेष्ठको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-११४०, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. रञ्जु गुरूङ

प्रतिवादी रञ्जु गुरूङले सवारी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि आफू सामेल भई दिएको परीक्षामा उत्तीर्ण हुन नसकेपछि कानूनबमोजिम तोकिएको प्रक्रियाभन्दा बाहिर गई सवारी चालक अनुमतिपत्र रकम दिई किनेको भन्ने कुरा निजले अदालतको बयानमा समेत स्वीकार गरेको अवस्था छ। सवारी चालक अनुमतिपत्र प्राप्त गर्न यातायात व्यवस्था कार्यालयमा निवेदन दिनुपर्ने सो कार्यालयले निर्धारण गरेको लिखित परीक्षा र प्रयोगात्मक परीक्षासमेत उत्तीर्ण गरेपश्चात् सोही कार्यालयबाट त्यस्तो अनुमति प्राप्त गर्न सकिने भन्ने कुरा यी प्रतिवादीलाई समेत जानकारी रहेको भनी निजले मौकाको बयानमा समेत लेखाएको देखिएकाले आफूले प्राप्त गरेको सवारी चालक अनुमतिपत्र नक्कली भएको आफूलाई थाहा नभएको भन्ने निजको अदालतको बयान तथ्यपरक देखिन आएन। यस अवस्थामा यी प्रतिवादीसमेतको सहभागितामा अरू नै व्यक्तिको नाममा कानूनबमोजिम जारी भएको सवारी चलाक अनुमतिपत्रको प्रमाणपत्रमा उल्लेख भएको नम्बर प्रयोग गरी, अड्डाको छाप, होलोग्राम तथा सरकारी कर्मचारीको दस्तखतसमेत नक्कली गराई प्रयोगमा ल्याएको भन्ने कुरा पुष्टि हुन आउने।

बिगो खुलेको मुद्दामा र बिगो नखुलेको मुद्दामा पृथकपृथक जरिवाना गर्ने किर्ते कागजको ९ नं. मा कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत विवाद सवारी चालक अनुमतिपत्र किर्ते गरेको मुद्दा रहेको छ। अनुमतिपत्रमा बिगो खुलेको पनि देखिँदैन। तसर्थ, किर्ते कागजको ९ नं. को अन्तिम वाक्यांशबमोजिम यी प्रतिवादी रञ्जु गुरूङलाई रू.५०।– (पचास) जरिवाना हुने।

प्रतिवादीलाई किर्ते कागजको महलको १२ नं. बमोजिम सरकारी छाप दस्तखत किर्ते गरेको पुष्टि भई सोतर्फ सजाय गर्नुपर्दा उक्त महलको १२ नं. मा "सरकारी अड्डाको छाप वा सरकारी कर्मचारीको छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई यसै महलको अरू नम्बरले हुने सजायमा एक वर्ष र उसै अड्डाको कर्मचारीले किर्ते गरेमा दुई वर्ष थप कैद हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी प्रतिवादीले सवारी चालक अनुमति परीक्षामा सामेल हुन रीतपूर्वक आवेदन दिई सुरू चरणको परीक्षामा अनुत्तीर्ण भई सरकारी अड्डाको छाप होलोग्राम कार्ड तथा सरकारी कर्मचारीको सहिछापसमेत किर्ते गरी अर्काको नाउँमा जारी भएको प्रमाणपत्रमा आफ्नो फोटो टाँसी अनुमतिपत्र प्रयोगमा ल्याएको अवस्था देखिन्छ। यी प्रतिवादी किर्ते कागज बनाएको अड्डा अर्थात् यातायात व्यवस्था कार्यालयका कर्मचारी भएको प्रमाणित नभएबाट यस्तो अवस्थामा कर्मचारीलाई हुने सजाय आकर्षित हुन आएन। निज प्रतिवादीलाई किर्ते कागजको १२ नं. बमोजिम थप १ (एक) वर्ष कैद हुने।

अतः उल्लिखित विवेचित आधार कारण र प्रमाणहरूबाट प्रतिवादीले सरकारी छाप दस्तखत किर्ते गरी सवारी चालक अनुमतिपत्र प्रयोगमा ल्याएको प्रमाणित हुन आएको हुँदा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।५।२७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी रञ्जु गुरूङलाई किर्ते कागजको ९ नं. बमोजिम रू.५०।– (पचास) जरिवाना गरी सोही महलको १२ नं. बमोजिम थप १ (एक) वर्ष कैद सजायसमेत हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०६५७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. उदय रानासमेत

पीडित भनिएका व्यक्तिहरूले मौकामा बयान गर्दा आफूहरू कुवेत र कतारमा रोजगारमा जानको लागि प्रतिवादीहरूलाई रकम दिएको रकम लिएर वैदेशिक रोजगारमा नपठाई निजहरूलाई ठगी गरेको भन्नसकेको पाइँदैन । निजहरूको बयानबाट निजहरू वैदेशिक रोजगारमा जानको लागि तालिमको आवश्यकता पर्ने भएकोले सो तालिम लिने प्रयोजनको लागि मात्र प्रतिवादी उदय रानाले व्यवस्था गरिदिएको सो कोठामा बसेको भन्ने देखिन्छ। निजहरू कसैले पनि प्रतिवादीहरूले निजहरूलाई वैदेशिक रोजगार दिलाई दिने झुट्टा आश्वासन तथा प्रलोभन देखाई आफूहरूसँग रकम लिएको र रोजगारमा नपठाएको भनी भन्न सकेको नपाइने।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा हुन्छ। फौज्दारी मुद्दामा वादीले अभियुक्तउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । ठोस सबुद प्रमाणहरूबाट शंकारहित तबरले प्रतिवादीहरू उपरको अभियोग प्रमाणित गर्नसक्नु पर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबी वादी पक्षले प्रमाणित गर्नसकेको मिसिल संलग्न प्रमाण कागजबाट नदेखिने।

अतः माथि विवेचित आधार र प्रमाणबाट

प्रतिवादीहरू उदय राना, लोककुमारी थापा र बज्र किशोर यादवलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७०।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

## इजलास नं. ९

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्द मोहन भट्टराई,** ०७१-CI-०१४५, निषेधाज्ञा, संयुक्तादेवी महतो वि. झमेली महतोसमेत

यदि सडक विस्तारको कार्य सम्पन्न नभई आशंकाको स्थिति विद्यमानता रहेको भए सडक निर्माणको कार्य सम्पन्न भएको छैन भनी पुनरावेदिकाले पुनरावेदनपत्रमा जिकिर लिन सक्नुपर्नेमा सो गर्नसकेको पाइँदैन । निषेधाज्ञाको आदेश आशंकाको स्थितिमा जारी हुने हो । यहाँ निवेदकले जुन विषय उठाइएको छ त्यस बारेमा हेर्दा सडक निर्माण भइसकेको भन्ने भई कार्य नै सम्पन्न भएको देखिएको अवस्थामा आशंकाको स्थिति विद्यमान रहेको भन्न मिलेन। अत: निवेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।५।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

## इजलास नं. १०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०१८७, निषेधाज्ञा, उमेशकुमार शाह वि. राजीव प्रकाशधरसमेत

निवेदकले आफूलाई विपक्षी राजीव प्रकाशधरले दिएको निवेदनको आधारमा विपक्षी महानगरीय प्रहरी परिसर हनुमान ढोकाबाट आफूलाई पक्रने, थुन्ने धम्की दिएकोले आफूलाई पक्रने, यातना दिने, थुन्ने आशङ्का रहेकोले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी दाबी गरे पनि विपक्षीले के-कस्तो निवेदन कहिले दिएका थिए, प्रहरी कार्यालयबाट धम्कीपूर्ण फोन आएको प्रमाण तथा प्रहरीबाट पक्रन र थुन्न सक्ने आशङ्का रहेको देखिने कुनै प्रमाणहरू पुनरावेदक निवेदकले पेस गर्नसकेको पाइँदैन । विपक्षीहरूको लिखित जवाफबाट पनि निवेदकलाई पक्राउ गर्ने, गराउनेलगायतको कुनै कार्य नभएको भन्ने देखिएको छ । साथै विपक्षी राजीव प्रकाशधर फिरादी भई काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा चलिरहेको भन्ने स्वयं यी निवेदक र विपक्षी निज राजीव प्रकाशधरले पनि स्वीकार नै गरेको देखिन्छ । यसरी अदालतमा मुद्दा विचाराधीन रहेको लेनदेन जस्तो देवानी विषयलाई लिएर प्रहरीलाई पक्राउ गर्ने, थुन्नेलगायतका अधिकारसमेत हुँदैन । यस्तो अवस्थामा निवेदकलाई निवेदनमा उल्लिखित लेनदेन मुद्दाको विषयमा उक्त प्रहरी कार्यालयबाट पक्राउ गर्ने, गराउने आशङ्का विद्यमान रहेको मान्न सकिने स्थिति नदेखिने।

निषेधाज्ञाको आदेश जारी गर्न गैरकानूनी कार्य हुनसक्ने आशङ्का रहेको अवस्था देखिने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनसक्नुपर्छ । केवल मनोगत रूपमा कसैले त्यस्तो गैरकानूनी कार्य गर्न खोजेको भनी भनेकै आधारमा यो आदेश जारी गर्न नमिल्ने।

निवेदकले आफूलाई पक्रने, थुन्ने आशङ्का रहेको भनी मिति २०७१/१०/०३ मा पुनरावेदन अदालत पाटनमा निवेदन दायर गरी पुनरावेदन अदालतबाट मिति २०७२/०१/०९ मा निवेदन खारेज

हुने गरी भएको आदेशउपर यस अदालतमा मिति २०७२/०४/३२ मा पुनरावेदन दायर गरी हाल निज पुनरावेदकले यस अदालतबाट तोकिएको तारेखसमेत गुजारी बसेको देखिन्छ। यसबाट २०७१/१०/०३ मा पक्रने तथा थुन्ने आशङ्का रहेको भनिएको अवस्था हालसम्म विद्यमान नै रहने अवस्थासमेत देखिँदैन। तसर्थ पुनरावेदन अदालतबाट निवेदन खारेज हुने गरी भएको आदेश मिलेको नै देखिन आउने।

अतः उपर्युक्त विवेचित आधार र कारणहरूबाट निवेदन मागअनुसार निषेधाज्ञाको आदेश जारी नभई निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०१/०९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १५ गते रोज १ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१४३१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विजयसिंह डंगोल

प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्षको इन्कारी बयान। मिति २०६४।९।१८ मा भएको लिखतमा लागेको हस्ताक्षर र ल्याप्चे सहिछाप विशेषज्ञबाट जाँच गराउँदा एकापसमा मिल्न भिड्न नआएको अवस्था र पीडितमध्येका विमला रानाले रकम बुझाएको लिखत रसिद भएको होइन छैन भनी गरेको बकपत्रसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादी विजय सिंह डंगोल कसुरदार छन् भनी मिल्ने अवस्था देखिन आएन। फौजदारी मुद्दामा शंकाको सुविधा (Benefit of doubt goes to the accused) प्रतिवादीले पाउने हुँदा तसर्थ किटानी जाहेरीलाई मात्र आधार लिई यी प्रतिवादीलाई कसुरदार कायम गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन। यी प्रतिवादी विजयसिंह डंगोलले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७१।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१४४७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मैतकुमारी गुरूङ

जाहेरवालाले किटानी जाहेरी दिए पनि, आफ्नो जाहेरी समर्थन हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष आई बकपत्र गर्नसकेको पाइँदैन। निजले वैदेशिक रोजागरमा जान चाहिने राहदानी पासपोर्ट पेस दाखिल गरेको पनि पाइँदैन भने प्रतिवादीको अनुसन्धान अधिकारी तथा वैदेशिक रोजगारी न्यायधिकरणसमक्षको बयानमा आफूले वैदेशिक रोजगारमा पठाउने काम नगर्ने र लिएको लेनदेनको रकममा वैदेशिक रोजगारको कागज गराएका हुन्, उक्त रकम तिर्न तयार छु भनी भनेकी र सोही व्यहोरा निजका साक्षी विकास भन्ने कृष्णबहादुर गुरूङको बकपत्रसमेतबाट समर्थित भएको देखिन्छ। जाहेरवालाले आफ्नो जाहेरी व्यहोरा पुष्टि गर्न नसकेको स्थितिमा आशंकाको भरमा निजलाई कसुरदार ठहऱ्याउन मिल्ने नदेखिँदा यी प्रतिवादी मैतकुमारी गुरूङले आरोपित कसुरबाट सफाइ पाउने र वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहरी

भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटरः देवीमाया खतिवडा
इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

## इजलास नं. १२

### १

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६८**-CI-१३०९, परमादेश, राजबहादुर शाही वि. दिपराज बम

कानूनअनुसार आफूले गर्नुपर्ने काम जवाफदेही तवरबाट उचित समयमा नै सम्पन्न गर्नु राज्यका प्रत्येक निकायको कर्तव्य हुन्छ । राज्यका हरेक निकायको कार्य व्यवहारबाट जवाफदेहिता कायम गरिनु पर्दछ। जनताको दैनिक जीवनमा यसको अनुभूति पनि हुनसक्नुपर्छ । समयमा काम तथा निर्णयहरू सम्पन्न नगरी लामो समयसम्म अनिर्णयको अवस्था कायम रहनु उचित होइन। कानूनको उचित प्रक्रिया अबलम्बन गरी छिटो छरितो रूपमा निर्णय गरिनु नै पर्ने।

निवेदक दिपराज बमले जग्गा दर्ताका लागि विपक्षी कार्यालयहरूमा पटकपटक अनुरोध गर्दासमेत एउटाले अर्को र अर्कोले अर्को निकायलाई देखाउने गरेको र यस विषयमा कुनै निर्णय भई नसकेको, निर्णय प्रक्रियामा नै रहेको भन्ने जवाफ दिने गरेको देखिन आयो । दुई दशकभन्दा बढी अवधिसम्म पनि कुनै निर्णय नगर्नुको औचित्य प्रमाणित हुन सक्तैन। यसलाई जिम्मेवारीबाट पन्छिने गैह्रजवाफदेही कार्य मान्नु पर्दछ। यसरी लामो समयसम्म केही पनि निर्णय नगरी जग्गामात्र रोक्का राखिराख्ने कार्यलाई उचित मान्न नसकिने।

सरकारी वा सर्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिएको रहेछ भने पनि त्यस्तो दर्ताले कानूनी मान्यता पाउँदैन, बदर हुन्छ। वन क्षेत्रको जग्गा भन्ने प्रश्न उठेपछि स्वाभाविकरूपमा सम्बन्धित वन कार्यालयको प्रतिक्रिया प्राप्त गरेपछि नै जग्गा दर्ता गर्ने वा नगर्ने विषयमा मालपोत कार्यालयले निर्णय गर्नुपर्ने हुन्छ । तर यस्ता अन्तर सरकारी समन्वयसम्बन्धी विषय जोडिएको कुराको बहानामा वर्षौंसम्म अनिर्णयको अवस्थामा रहनु उचित होइन । सम्बद्ध सरकारी निकायहरूका बीच समन्वय कायम गरी सेवाग्राहीको मागसम्बन्धमा उचित समयमा नै निर्णय गरी निकासा दिइनु नै पर्दछ । सामान्य प्रक्रियागत कुरालाई जटिलताको रूपमा प्रस्तुत गर्ने र अर्को निकायको दोष देखाई आफू जिम्मेवारीबाट पन्छन खोज्ने प्रवृत्तिमा सुधार गरिनु वाञ्छनीय देखिने।

अतः माथि विवेचित आधार र कारणबाट विवादित ८ कित्ता जग्गा दर्ता गर्नेसम्बन्धमा मालपोत कार्यालय, नापी कार्यालय तथा वन कार्यालयसमेतको समन्वयात्मक भूमिका रहनु पर्ने अवस्था देखिएको छ । सम्बद्ध सबै निकायहरूले आआफ्नो भूमिका उत्तरदायित्वपूर्ण तवरबाट निर्वाह गर्नु नै पर्दछ। यस अवस्थामा केवल मालपोत कार्यालयका नाममा मात्र परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत जुम्लाको मिति २०६८।८।५ को आदेश नमिलेको हुँदा सो आदेश केही उल्टी हुन्छ। अब यसमा सरकारी वा सार्वजनिक प्रकृतिको जग्गा व्यक्तिको नाममा दर्ता गर्न नहुने कुरातर्फ समुचित हेक्का राखी, जग्गाको भौतिक स्थिति, भोगको अवस्था, साँध सिमानासमेतका कुराहरू स्थलगतरूपमा अध्ययन गरी गाउँ सर्जमिनलगायत जो जो बुझ्नु पर्ने हो, सोसमेत बुझी रिट निवेदकले दाबी गरेको जग्गा निज दिपराज बमको नाउँमा दर्ता गर्न मिल्ने हो वा होइन ? उल्लिखित ८ कित्ता जग्गाहरू वन क्षेत्रभित्रको हो वा सार्वजनिक हो? वा निवेदक दिपराज बमको हो ? यकिन गरी दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा आ-आफ्नो निकाय

वा कार्यक्षेत्रअनुसार जो जसले जो जे कार्य र निर्णय गर्नुपर्ने हो अबिलम्ब गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २२ गते रोज१ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०६९-CI-०१२६, सार्वजनिक बाटो अतिक्रमण गरी पर्खाल बनाएको, माया भट्टराई वि. माया बेल्वासे

कानूनको व्याख्या गर्दा एक अर्को कानूनका बीच तादात्म्यता कायम रहने गरी तार्किकरूपमा गरिनु पर्ने ।

महानगरपालिकाले गरेको निर्णयउपर एक तह पुनरावेदन लाग्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ मा रहेको देखिन्छ । यसरी पुनरावेदन अदालतबाट भएको निर्णय अन्तिम हुने भएकोले अब पुनः पुनरावेदन लाग्ने अवस्था नै रहँदैन । "अन्तिम हुन्छ" भन्नुको तात्पर्य त्यसपछि अर्को तह पुनरावेदन लाग्दैन भन्ने नै हो । यसरी दफा १६२ ले गरेको व्यवस्था नै निष्क्रिय वा निष्प्रभावी हुने परिणाम आउने गरी न्याय प्रशासन ऐन, २०३१ को दफा ९ (१)(ग) को अर्थ लगाउनु र यस अदालतबाट प्रस्तुत मुद्दामा पुनरावेदन सुन्नु मनासिब नदेखिने ।

क्षेत्राधिकारसम्बन्धी प्रश्न महत्त्वपूर्ण कानूनी प्रश्न हो । अदालतले कानूनद्वारा निर्धारित क्षेत्राधिकारको दायराभित्र सीमित रहेर नै मुद्दा सुन्नु र निर्णय दिनुपर्दछ । पुनरावेदन नै नलाग्ने अवस्थामा कुनै व्यहोराबाट पुनरावेदन दर्ता हुन आएको भए पनि त्यस्ता विवादको तथ्यमा प्रवेश गरी इन्साफ गर्न नमिल्ने ।

अतः महानगरपालिकाले पर्खाल भत्काउने भनी गरेको निर्णयउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतबाट एक तह पुनरावेदन सुनी फैसला गरेको कुरामा यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहेको नदेखिँदा मुद्दाको अन्य तथ्यमा प्रवेश गरी हेर्न मिलेन । पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

## इजलास नं. १४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०७०१, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. श्यामदेव रायसमेत

विद्यालयको बाहिरी वातावरण सुधारको लागि जिल्ला शिक्षा कार्यालय र विद्यालय बीचमा २०६८ फागुनमा सम्झौता भई रू.२,००,०००।- प्रदान गरिएको मिसिल सामेल कागजातबाट देखिन्छ । उक्त रकम र विद्यालयमा पठाइएको अन्य रकमसमेत विद्यालयको नाउँमा नेपाल बैंक लिमिटेडमा रहेको खाता नं.१९१६४ मार्फत कारोबार भएको देखिन्छ । यसबाट विद्यालयले सरकारी अनुदानको रकम अपारदर्शी तरिकाले खर्च गरेको भन्न मिल्ने नदेखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ मा भ्रष्टाचार भन्नाले परिच्छेद २ अनुसारको सजाय हुने कसुर सम्झनुपर्दछ भनी उल्लेख भएको देखिन्छ । ऐ. को परिच्छेद २ मा रिसवत लिने, विना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, कमिसन लिने, राजश्व चुहावट गर्ने, गैरकानूनी लाभ वा हानि पुर्‍याउने बदनियतले काम गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, प्रश्न पत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको

परिमाण फेरबदल गर्ने, गैरकानूनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहोदा पाएँ भन्ने, झुट्ठा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन तयार गर्ने, गैरकानूनी सम्पत्ति आर्जन गर्ने जस्ता कार्यलाई भ्रष्टाचारजन्य कार्य भनी उल्लेख गरेको देखिन्छ । प्रस्तुत मुद्दामा खर्च बेरूजुको प्रश्नसम्म उत्पन्न भई बेरूजु फछ्यौट गरिसकेको अवस्था भएकोले प्रतिवादीहरूले उल्लिखित अनुसारको क्रिया गरेको भनी वादी पक्षले सप्रमाण पुष्टि गर्नसकेको देखिँदैन ।

भ्रष्टाचारजन्य कसुर स्थापित हुनका लागि प्रतिवादीले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शंकारहित तवरले पुष्टि भएको हुनुपर्ने ।

प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाअनुसार फौजदारी कसुर सम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शंकारहित तवरले पुष्टि गर्नुपर्छ । अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शंकाको कुनै गुन्जायस रहनु हुँदैन । शंकाको गुन्जायस उत्पन्न भएमा त्यसको फाइदा अभियुक्तले पाउने ।

खर्च गर्न अख्तियार दिने निकायले खर्चसम्बन्धी मापदण्ड निर्माण गर्ने र सोबमोजिम खर्च गर्न अख्तियारी दिई मापदण्डअनुसार खर्च भए नभएको अनुगमन गरी मापदण्डअनुसार खर्च नभएको भए उक्त बेरूजु देखिएको रकम असुलउपर गर्न पाउँदैन भन्नु न्यायोचित नदेखिने ।

जिल्ला शिक्षा कार्यालयबाट प्राप्त स्वीकृति अनुसार विद्यालय स्थापना भएको देखिन्छ भने जिल्ला शिक्षा कार्यालयले विद्यालयकै खातामा रकम पठाई खर्च भएको देखिन्छ । जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट अनुदानको रकम उक्त विद्यालयमा पठाएकोमा खर्च भएको भनी प्रतिवादीहरूले मौकामा र अदालतको बयानमा उल्लेख गर्दै रकम दुरूपयोग नगरेको भनी जिकिर लिएको देखिन्छ । जिल्ला शिक्षा कार्यालयले अनुदान स्वरूप विद्यालयमा पठाएको रकम शिक्षा मन्त्रालय र शिक्षा विभागसमेतले बेरूजु भएको भनी जिल्ला शिक्षा कार्यालयले पटकपटक ताकेता गरी बेरूजु खातामा जम्मा गर्न भनेबमोजिम प्रतिवादीहरूले अनुदानबापतको सबै रकम बेरूजु खातामा जम्मा गरिसकेको देखिन्छ । त्यस्तै जिल्ला शिक्षा कार्यालय सर्लाहीको मिति २०७१।६।१० को विद्यालय बन्द गर्ने विषयको च.नं.१०१५ को पत्रबाट सो विद्यालय बन्द भएको समेत देखिन्छ । उपर्युक्त अवस्थामा प्रतिवादीहरूले सरकारी रकम नियतवस दुरूपयोग गरेको वा सरकारी रकम तिर्न बुझाउन बाँकी रहेको नदेखिएबाट प्रतिवादीहरूले भ्रष्टाचारजन्य कसुर गरे भनी भन्न मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालतबाट मिति २०७२/०३/१६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेष्ठ २२ गते रोज २ शुभम् ।

## इजलास नं. १५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०९३४, करकाप, सितादेवी साह वि. लक्ष्मण पोद्दारसमेत

वादीलाई प्रतिवादीले करकाप गरी कागज गराएको देख्ने प्रत्यक्ष कोही रहे भएको समेत देखिँदैन । प्रतिवादीका साक्षी पवनलाल यादवले वादी प्रतिवादीबीच भएको कागज जग्गा बैनाबापत मालपोत कार्यालयअगाडि नै भएको कागज हो, करकाप होइन भनी किटानीका साथ सुरू अदालतमा उपस्थित भई बकपत्र गरिदिएको अवस्थासमेतबाट करकापबाट कागज गराएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा

वादीले दाबी गरेको कागज करकापबाट गराएको हो भनी भन्न मिलेन। करकापबाट कागज गराएको भन्ने नदेखिएको अवस्थामा वादी दाबी पुग्न सक्दैन भनी सुरू मोरङ जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब देखिन आउने।

अतः उल्लिखित आधार, कारण तथा प्रमाणबाट पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीहरूबीच भएको कागज करकापबाट गराएको भन्ने नदेखिएको अवस्थामा वादी दाबी पुग्न सक्दैन भनी ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६७/५/९ को फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क. / उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम्

- यसै लगाउको ०६८-CI-०९९०, लेनदेन, सितादेवी साह वि. चन्द्रप्रसाद दुलाल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १७

**१**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-११७९, ०७०-RC-००१२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रञ्जितकुमार साह तेलीसमेत, नेपाल सरकार वि. रन्जितकुमार साह कलवार

इन्द्रलाल साहको छोरा रञ्जितकुमार साहबाहेक अन्य प्रतिवादीहरू शिवकुमार यादव, मुकेश कुमार ठाकुर र रञ्जितकुमार साहउपर कसुर गरेको भनी लेख्ने लेखाउने वादी पक्षले ती आफ्ना साक्षीलाई बकपत्र गराई दाबी खम्बिर गर्न नसकेको र अन्य शङ्कारहित सबुद प्रमाणसमेत पेस गर्नसकेको देखिँदैन । वादी नेपाल सरकारको अभियोग दाबी साक्षी सबुद प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरू शिवकुमार यादव, मुकेशकुमार ठाकुर र रञ्जितकुमार साहले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

इन्द्रलाल साहको छोरा प्रतिवादी रञ्जितकुमार साह सुरू अदालतसमक्षको बयानमा इन्कार रही बयान गरे तापनि निज अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा कसुरमा पूर्णतः साबित रही बयान गरेका, निजउपर जाहेरवाला लक्ष्मण राउतको किटानी जाहेरी परेको, निज प्रतिवादीले मृतक कुशेश्वर राउतलाई निजको घरबाट बोलाएर साइकलमा राखी लगेको जाहेरवाला र मृतककी आमा राम दुलारी देवीले प्रत्यक्षरूपमा देखेका, निज प्रतिवादी रञ्जितकुमार साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई घटनास्थल तथा लास प्रकृति मुचुल्का, लास पोस्ट मार्टम रिपोर्ट, जाहेरी दर्खास्त, मौकामा कागज गर्ने राम दुलारी देवीलगायतका बयान र कागजहरूको तथ्यबाट समेत पुष्टि र समर्थन हुन आएको देखिँदा मृतक कुशेश्वर राउतलाई कर्तव्य गरी मार्ने कार्यमा इन्द्रलाल साहको छोरा रञ्जितकुमार साहको संलग्नता रहेको पुष्टि हुन आएकाले अभियोग माग दाबीअनुसार निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी निजको उमेर १६ वर्षमुनि रहेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सर्वस्वसहित जन्मकैदको आधा सजाय हुने ठहऱ्याई सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट

प्रतिवादीहरू शिवकुमार यादव, मुकेशकुमार ठाकुर र रञ्जितकुमार साहको मृतक कुशेश्वर राउतलाई कर्तव्य गरी मार्ने वारदातमा संलग्नता नदेखिएकाले निज प्रतिवादीहरू शिवकुमार यादव, मुकेश कुमार ठाकुर र रञ्जितकुमार साहले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको र अर्का प्रतिवादी इन्द्रलाल साह कलवारको छोरा रञ्जित कुमार साह कलवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी निजको उमेर १६ वर्षमुनि रहेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सर्वस्वसहित जन्मकैदको आधा सजाय हुने ठहऱ्याएको सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१०।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू शिवकुमार यादव, मुकेश कुमार ठाकुर र रञ्जितकुमार साहलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन र प्रतिवादी रञ्जितकुमार साह कलवारको हकमा साधकको रोहबाट हेर्दा साधक सदर हुने ।

इजलास अधिकृत : शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०५६९, डाँक लिलाम बदर, सिताशरण यादव वि. सहदेव यादव

अंश मुद्दामा प्रतिवादी किशुनदेवले प्रतिउत्तर लगाउँदा हामी वादी प्रतिवादी २०२० वैशाख १ गतेमा नै घरसारमा भिन्न भइसकेको जिकिर लिएको देखिन्छ । वादी २०२० सालमै घरसारमा छुट्टी भिन्न भएको हो भनी जिकिर लिने प्रतिवादी किशुनदेव व्यवहार प्रमाणबाट घरको मुख्य व्यक्ति भई कामकाज गरेका हुन् भन्ने कुरा विश्वासलायक देखिँदैन । उक्त ऋण प्रत्यर्थी सहदेवको मन्जुरीमा लिएको देखिँदैन । लेनदेन मुद्दामा निज प्रत्यर्थी सहदेवलाई प्रतिवादी बनाएको पनि देखिँदैन । सो लेनदेन वादी सिताशरण यादवले प्रतिवादी किशुनदेव यादवबाट साँवा ब्याज भरी पाउने ठहरी २०५९।२०।१५ मा फैसला भएको देखिन्छ । ऋण दिने वादी सिताशरण यादव आफ्नै साला नाताका व्यक्ति भन्ने देखिन्छ । अंश मुद्दापछि लेनदेन मुद्दा परेको देखिन्छ । यस अदालतमा समेत निज धनीको दोहोऱ्याई पाउँ निवेदन पर्न नआएको र अंशियार किशुनदेव यादवको सम्म दोहोऱ्याइ पाउन निवेदन परेको छ । यस अवस्थामा लेनदेन व्यवहारको ८ नं. बमोजिम प्रतिवादी किशुनदेव यादव घरको मुख्य भई कामकाज गर्ने व्यक्ति भएको भनी मान्न नमिल्ने ।

वस्तुतः अंश हक नैसर्गिक हक हो । अंश मुद्दाबाट अंश पाउने ठहरी अन्तिम भइरहेको फैसलानुसारको जग्गालाई पछि परेको लेनदेन मुद्दाबाट ठहरेको बिगो भरिभराउको सन्दर्भमा प्रस्तुत लिलाम डाँक बढिबढाउ गरेको देखिएकोले प्रत्यर्थी वादी सहदेव यादवको अंश हकमा असर पर्ने गरी भएको मिति २०६०।७।२ को डाँक लिलाममध्ये वादीको अंश भाग जतिको बदर गरी वादीका नाउँमा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।१२।९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम् ।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०८०७, उत्प्रेषण / परमादेश, इन्द्रदेव यादव वि. निजामती किताबखाना, पुल्चोकसमेत

**मा.न्या.श्री ओमप्रकाश मिश्रको राय**

निवेदकले बढी अवधि सेवा गरेबापत प्राप्त गरेको तलब भत्तालगायतको सुविधाबापतको रकम

सरकारी कोषमा दाखिला गर्नुपर्ने भई निजले काम (सेवा) गरेको अवधिको पारिश्रमिकसमेत नपाउने अवस्था सृजना हुन जान्छ। यसरी बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतका सुविधाहरूको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने व्यवस्था कानूनले गरे पनि निवेदकको आफ्नो गल्तीले नभई अड्डाको गल्तीले गर्दा बढी अवधि सेवामा रहेको देखिएको अवस्थामा सेवामा रही काम गरेको कर्मचारी (रिट निवेदक) लाई सोबापत पारिश्रमिकसमेतको सुविधा उपलब्ध नगराउनु श्रमको शोषणसरह हुन गई अन्यायपूर्ण एवम् असम्मानजनक व्यवहार हुन जाने।

सम्बन्धित सरकारी निकायले समयमै अवकाशको सूचना नदिएको तथा अवकाश पाउने मितिभन्दा पछि सरूवासमेत गरी सेवा गराइरहेको अवस्थामा निवेदकले बढी अवधि सेवा गरेबापत प्राप्त गरेको तलब भत्तालगायतको सुविधाको रकम निवेदकबाट सरकारी कोषमा दाखिला गराउने गरी विपक्षी निजामती किताबखानाबाट भएको मिति २०७३।९।२४ को निर्णय श्रमसम्बन्धी विधिशास्त्रीय र कानूनी मान्यतासमेतका आधारमा न्यायोचित र विवेकसम्मत नदेखिने।

अतः प्रस्तुत मुद्दामा विपक्षी निजामती किताबखानाबाट मिति २०७३।९।२४ मा निवेदकका सम्बन्धमा भएको निर्णय र सो निर्णयका आधारमा गरिएका पत्राचार एवम् अन्य सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निवेदकले काम गरेको अवधिको पारिश्रमिकलगायतका सुविधाहरू कानूनबमोजिम निजलाई प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

**मा.न्या.श्री अनिलकुमार सिन्हाको राय**

कुनै पनि व्यक्तिले आफूले काम गरेको अवधिको मुनासिब पारिश्रमिक पाउनुपर्छ भन्ने विषयमा विवाद गर्नुपर्ने अवस्था रहँदैन । तर त्यस्तो काम कानूनसङ्गत एवम् काममा लगाउनेको सहमतिले गरेको हुनुपर्ने।

निजामती सेवा नियमावली, २०५० मा मिति २०७२।६।७ मा भएको बाह्रौं संशोधनले नियम १२९क(४) मा संशोधन गरेको तथा नियम १२९क.(५) थप गरेको र उक्त व्यवस्था हालसम्म कायमै रहेको देखिन्छ। उक्त उपनियम (४) र (५) को व्यवस्था हेर्दा कुनै निजामती कर्मचारीले आफू अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतको सुविधाको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने तथा त्यस्तो रकम दाखिला गरेको जानकारी प्राप्त नभई निजामती किताबखानाले उपदानको अंक किटान गर्ने वा निवृत्तिभरण अधिकारपत्र बनाउने छैन भन्ने उल्लेख भएको देखिन्छ। यो कानूनी व्यवस्था आउनुअघि यस विषयमा यस अदालतबाट व्याख्या भई कायम भएका सिद्धान्तहरू उक्त उपनियम (४) र (५) को कानूनी व्यवस्था भएपश्चात्को लागिसमेत सान्दर्भिक हुन्छ, हुँदैन भन्नेबारे हालसम्म विवेचना भएको नदेखिने।

मिति २०७३।३।१५ मा अनिवार्य अवकाश पाउने तथ्य स्वीकार गरेको निवेदकले सो मितिपश्चात् बढी अवधि सेवा गरेको स्पष्ट देखिएको र अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतका सुविधाबापतको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने भन्ने निजामती सेवा नियमावली, २०५० को नियम १२९क(४) को व्यवस्था लाई चुनौती नदिएको अवस्थामा निजले बढी अवधि काम गरी लिएको तलब भत्तालगायतको सुविधाबापतको रकम सरकारी कोषमा जम्मा गर्नुपर्ने नै देखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

अतः आदेश जारी हुने ठहर गर्नुभएको माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रज्यूको रायसँग मतैक्य हुन नसकेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेस गर्ने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।